भिमाद नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

भिमाद, तनहुँ

गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिकाको पर्यटन गुरुयोजना तथा DPR निर्माण कार्य



परामर्शदाता

स्पाइरल ग्रिड सोलुसन प्रा.लि.

भिमसेन गोला, काठमाण्डौ

email:spiralgrid11@gmail.com

Ph-no:+977-9860371203,9843707127

2025

भिमाद नगरपालिका पर्यटन गुरुयोजना -२०८२

TOURISM MASTER PLAN OF BHIMAD MUNICIPALITY -2025

मन्तव्य

भिमाद नगरपालिका धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् प्राकृतिक अलौकिक सम्पदाहरुले शोभित नगरपालिका हो। यी सामाजिक सम्पतिहरुको संरक्षण, तथा प्रचार प्रसार गर्दै अरु नयाँ सम्भावनाहरुको पनि खोजगरी त्यसको पूर्वाधार विकास र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गर्न सकेमा नगरको समग्र विकासमा पर्यटन क्षेत्रको योगदानको साथमा यसक्षेत्रका जनताको आय आर्जनमा बृद्धि गर्न सकिने अभिप्रायले भिमाद नगरपालिकाले पर्यटन विकास गुरुयोजना निर्माण गरी प्रकाशन गरिएको छ ।

"पर्यटकीय भिमादको आधार: संस्कृति, सम्पदा र दिगो पूर्वाधार" भन्ने नारा सहित पर्यटन विकास र प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरी सोही अनुरुप पर्यटकीय पूर्वाधार निर्माण, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरुको जगेर्ना, सार्वजनिक निजी साझेदारीका भावनालाई आत्मासात गराई अगाडि बढ्न सकिएको खण्डमा पर्यटन गुरुयोजनाले समग्र नगरको आर्थिक समृद्धिमा कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु ।

पर्यटकीय नगरी पोखरालाई र काठमाण्डौसँग जोड्ने पृथ्वी राजमार्गको सामिप्यतामा अवस्थित यस भिमाद नगरपालिकाको गुरुयोजनाले नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको नारालाई आवश्यक टेवा पु¥याउने छ । प्रसिद्ध पर्यटकीय गन्तब्यमा सूचीकृत धन्दुर सिद्धगुफा क्षेत्रमा रहेका सिद्धगुफा र चमेरेगुफा जस्ता पर्यटकीय सम्भावना रहेरका हालसम्म महत्व नपाएका सबै पर्यटकीय स्थलहरुको पहिचान गरी त्यसको उचित संरक्षण, विकास र प्रचार प्रसार गर्न सकेको खण्डमा यसले समग्र भिमाद नगरपालिकाको विकास तथा स्थानीय स्तरमा रोजगारीका अवसरहरु सृजनामा मद्दत पुग्ने छ । गुरुयोजना निर्माण सकारात्मक कदम भएपनि यसको सफल कार्यान्वयनबाट मात्र लक्ष्य प्राप्त हुने भएकोले यसको लागि नगरका जनप्रतिनिधिहरु, सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु निजी क्षेत्र, नागरिक समाज, राजनीति क्षेत्र सबैको सामुहिक प्रतिबद्धता र प्रयास आवश्यक रहने भएको हुँदा सबैको साथ सहयोग प्राप्त गर्नमा नगरपालिका सफल हुने विश्वास लिएको छु।

अन्तमा यस पर्यटन गुरुयोजना निर्माणमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण सरोकारवाला, जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यो दस्तावेज तयार गर्न जिम्मेवारी प्राप्त परामर्शदाता स्पाइरल ग्रिड सोलुसन प्रा.लि., काठमाण्डौंका विज्ञ टोलीलाई पनि धन्यवाद दिन चाहन्छु।

.....

दधिराज सुवेदी

नगर प्रमुख

मन्तव्य

भिमाद नगरपालिका धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् प्राकृतिक सम्पदाले परिपूर्ण भएको नगरपालिका हो। यी महत्वपूर्ण सम्पदाहरुको अभिलेख राख्न आवश्यक हुन्छ। नगरपालिकाको समग्र धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रमा स्पष्ट योजना नभएकोले यहाँका सम्पदाहरुको प्रचार प्रसारको अभाव भइ आन्तरिक तथा वाह्य पर्यटकको मुख्य गन्तव्य बन्न नसकेको वर्तमान अवस्थालाई हृदयंगम गरी यस नगरपालिले आफ्नो नगरभित्रका पर्यटकिय सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन उद्योगको विकास गरी रोजगारीको सिर्जना गर्दै नगरको आर्थिक विकास गर्ने उद्देश्यले यो पर्यटन गुरुयोजना तयार गरिएको छ ।

राज्यको पुनर्संरचना पश्चात स्थानीय सरकारले विकास कार्यमा पर्यटन क्षेत्रका विकासलाई सँगसँगै अगाडि बढाई रहेको अवस्थामा यो पर्यटन गुरुयोजनामा यस नगरपालिका आउँदो ५ वर्षमा पर्यटन विकासको लागि गर्नुपर्ने योजना, कार्ययोजना तथा रणनीतिहरु तय गरिएको छ । **"पर्यटकीय भिमादको आधार: संस्कृति, सम्पदा र दिगो पूर्वाधार"** भन्ने दुरदृष्टी राखी तयार गरिएको यस पर्यटन गुरुयोजनाले नगरपालिकाको पर्यटन क्षेत्रमा बहुआयामिक विषय र क्षेत्र समेट्ने हुनाले नगरपालिका क्षेत्रभित्र रहेका कला, संस्कृति, रहनसहन, रीतिरिवाज, पर्यटकिय सम्पदाहरुको संरक्षण र प्रवर्द्धनको लागि कोशेढुङ्गा सावित हुनेछ । आर्थिक तथा सामाजिक विकासको भरपर्दो माध्यम पर्यटन क्षेत्र भएको हुनाले यस गुरुयोजनाले स्थानीय स्तरमा रहेका पर्यटकिय सम्पदा कला, संस्कृतिहरुको संरक्षण, प्रवर्द्धन र बजारीकरणको माध्यमबाट नगरपालिकालाई पर्यटकीय केन्द्रविन्दुको रुपमा विकास गर्न सहयोग पुर्याउने छ भन्ने विश्वास लिएको छु।

अन्तमा यो पर्यटन गुरुयोजना निर्माणमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण शुभचिन्तक, विज्ञ ,जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो दस्तावेज तयार गर्न जिम्मेवारी प्राप्त परामर्शदाता स्पाइरल ग्रिड सोलुसन प्रा.लि., काठमाण्डौंका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद गर्दछु ।

.....

शारदा खनाल

नगर उपप्रमुख

मन्तव्य

भिमाद नगरपालिका पर्यटनको प्रचुर संभावना भएको नगर हो । यहाँ अनुपम प्राकृतिक, साँस्कृतिक तथा धार्मिक सम्पदाहरु रहेका छन । यहाँका प्रसिद्ध धार्मिक स्थलहरुमा सिद्धगुफा, कोटबाराही मन्दिर, शिवालय मन्दिर, शिव पाञ्चायन मन्दिर लगायत धेरै धार्मिक स्थलहरु रहेका छन ।त्यसै गरी धाङ्चल्हुम, मिर्छुलुङ भ्यूपोइन्ट, पिरुङडाँडा, पिपलडाँडा भ्यूपोइन्ट, लिगलिगकोट हुक्काडाँडा, बरनछाँगा, इर्लुङ झरना लगायतका धेरै शुन्दर प्राकृतिक पर्यटकिय स्थलहरु रहेका छन ।यहाँ विभिन्न पर्यटकिय स्थलहरु जोड्ने पर्यटक पथ रहेकाले ट्रेकिङ्ग तथा हाइकिङ्गको पनि राम्रो संभावना रहेका छन। यहाँ विभिन्न स्थानमा सामुदायिक होमस्टेहरु सञ्चालनमा रहेका छन। त्यसै गरी विभिन्न जातजातिहरुका परम्परागत रुपमा चलिआएका सँस्कृतिहरु विद्यमान रहेका छन । यहाँका मगर जातिका कौरा नाँच, नेवार समुदायका लाखे तथा धिमे नाँच लगायत विभिन्न जातजातिको अनुपम सँस्कृतिको रुपमा रहेका छन। हाल आएर यहाँ साहसिक पर्यटन, कृषि पर्यटन तथा मनोरञ्जन पर्यटनको पनि विकास भैरहेको छ।

नेपालको संविधान २०७२ बमोजिम राज्यको पुनर्संरचना भएसँगै संविधान र कानूनले स्थानीय तहहरुलाई स्थानीय स्तरको विकास निर्माण तथा सेवा प्रवाहको जिम्मेवारी प्रदान गरेको हुदा सोही बमोजिम आफ्नो नगरमा रहेका पर्यटकीय सम्पदाहरुको प्रचार प्रसार गर्न, पर्यटनको विकास मार्फत समग्र नगरको आर्थिक विकास गरी रोजगारी बढाउन र यहाँका धार्मिक साँस्कृतिक पक्ष र कलाको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले यस नगरपालिकाले **"पर्यटकीय भिमादको आधार: संस्कृति, सम्पदा र दिगो पूर्वाधार"** भन्ने सोच राखेर ५ वर्षको निर्दिष्ट लक्ष्य कार्यक्रम सहितको यो पर्यटन गुरुयोजना निर्माण गरेको छ । यस गुरुयोजनाको मुख्य उद्देश्य पर्यटन विकाससँग सम्बन्धित विकास योजना तथा वार्षिक वजेट तर्जुमाको आधार तयार गरी आगामी दिनमा पर्यटन क्षेत्रका विकासको लागि मार्गचित्र तयार गर्नु हो । यसरी निर्माण गरिएको यो पर्यटन गुरुयोजना कार्यान्वयन योग्य र नतिजामुखी बनाउन सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, नागरिक समाज, पर्यटन व्यवशायी सञ्चारकर्मी लगायत सबै सरोकारवालाहरुको सहयोग र साथ रहने विश्वास लिएको छु ।

अन्तमा यो पर्यटन गुरुयोजना निर्माणको क्रममा निर्देशन तथा सुझाव दिनुहुने श्रद्देय नगरप्रमुखज्यू, उपप्रमुखज्यू, वडाअध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य ,भिमाद नगरपालिका पर्यटन समितिका सदस्य तथा कर्मचारी सबैप्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । साथै यो दस्तावेज तयार गर्न जिम्मेवारी प्राप्त परामर्शदाता स्पाइरल ग्रिड सोलुसन प्रा.लि., काठमाण्डौंका विज्ञ टोलीलाई समेत धन्यवाद व्यक्त गर्दछु ।

कमल प्रसाद पुन

प्रमुख प्रसाशकिय अधिकृत

कार्यकारी साराशं

भिमाद नगरपालिका तनहुँ जिल्लाको मध्यपहाडी क्षेत्रमा अवस्थित एक महत्वपूर्ण भू—भाग हो, जहाँ प्राकृतिक सम्पदा, ऐतिहासिक तथा धार्मिक स्थल, जैविक विविधता, सांस्कृतिक सम्पदा र ग्रामीण जीवनशैलीको अनुपम संयोजन पाइन्छ। गण्डकी प्रदेशको मध्य—दक्षिणी भागमा रहेको भिमाद पछिल्ला वर्षहरूमा ग्रामीण, पर्यावरणमैत्री र सांस्कृतिक पर्यटन गन्तव्यका रूपमा क्रमशः पहिचान बनाउँदै आएको छ। भौगोलिक दृष्टिले रणनीतिक स्थानमा अवस्थित यस नगरपालिकाले पोखरा, देवघाट, ब्यास र ऋषिङ जस्ता नजिकका प्रमुख पर्यटकीय गन्तव्यहरूसँग सहज सम्बन्ध विस्तार गर्ने उल्लेखनीय अवसर बोकेको छ।

भिमाद नगरपालिकाको पर्यटन सम्भावनालाई पाँच प्रमुख आयाममा वर्गीकरण गर्न सकिन्छ। प्राकृतिक पर्यटनका दृष्टिले सिद्धगुफा, चमेरेगुफा, थुम्कीडाँडा, पिरुङ डाँडा, कुवाकोट, सती गुफा, लिगलिगकोट—हुक्का डाँडा, राङरुङ, घ्याङ्चल्हुम (स्टोन पार्क), बरान झरना र ईलुङ झरनाजस्ता स्थलहरू विशेष रूपमा दर्शनीय रहेका छन्। यी स्थलहरूलाई पदमार्ग, दृश्यावलोकन मञ्च, फोटोप्वाइन्ट तथा विश्रामस्थलमार्फत पर्यावरणमैत्री गन्तव्यका रूपमा विकास गर्न सकिन्छ। धार्मिक तथा सांस्कृतिक पर्यटनका लागि शिव पञ्चायन मन्दिर, कोट बराही, शिवालय, सिद्ध गुफा, लाटी बराही, अद्भूत धुनी, विश्वशान्ति बौद्ध विहार लगायत ५० भन्दा बढी महत्वपूर्ण मन्दिर, स्तूपा तथा गुफाहरू रहेका छन्। भिमादमा मनाइने वैशाख १ गते र ठूलो एकादशीका मेला, ल्होसार, शिवरात्रि, तीज तथा माघे संक्रान्तिजस्ता पर्वहरूले यहाँको मौलिक सांस्कृतिक पहिचान झल्काउँछन्।

साहसिक पर्यटनका दृष्टिले भिमादको भौगोलिक बनावट पदयात्रा, ट्रेकिङ, गुफा अन्वेषण, भ्यु—हाइकिङ तथा प्रस्तावित प्याराग्लाइडिङका लागि उपयुक्त देखिन्छ। मनोरञ्जनात्मक पर्यटनका लागि मिछुर्लुङ, पाइमी, पिपलडाँडाका भ्यू टावरहरू, फुलुङथान, पिरुङ डाँडा, कुवाकोट तथा पिकनिक स्थलहरू उपयुक्त रहेका छन्। त्यस्तै, सामुदायिक पर्यटनका लागि मिछुर्लुङ, पाथर्दी, झिङ्गु, राङरुङ र रघुका होमस्टेहरूले स्थानीय संस्कृति, परिकार र जीवनशैली अनुभव गर्ने अवसर प्रदान गर्छन्। होटल, रेस्टुराँ, लज तथा गेष्ट हाउसहरूको विस्तारले भिमादमा आउने पर्यटकहरूका लागि बसोबासका आधारभूत सुविधा सहज रूपमा उपलब्ध गराइरहेको छ।

हाल भिमादका केही स्थानमा पर्यटक आगमन बढ्दो भए तापनि समग्र पर्यटन विकास एकीकृत र योजनाबद्ध ढंगले अघि बढ्न सकेको छैन। आधारभूत पूर्वाधारको अभाव, सूचना तथा प्रचार—प्रसारको कमजोरी, सरोकारवालाबीच समन्वयको कमी, वातावरणीय क्षति, वातावरणीय असन्तुलन तथा समुदायस्तरको सचेतनाको कमीले पर्यटन सम्भावनाको प्रभावकारी उपयोगमा अवरोध सिर्जना गरिरहेका छन्।

यस पृष्ठभूमिमा भिमाद नगरपालिकाको पर्यटन क्षेत्रलाई दीर्घकालीन, दिगो र योजनाबद्ध रूपमा विकास गर्ने, नगरभित्र रहेका ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको पहिचान,

संरक्षण र प्रवर्द्धन गर्ने, तथा पर्यटन पूर्वाधार विकासमार्फत पर्यटक संख्या वृद्धि गर्ने, बसाइ अवधि लम्ब्याउने र पर्यटक खर्च बढाउने उद्देश्यका साथ यस पर्यटन गुरुयोजना तयार गरिएको हो। साथै, पर्यटन उद्योगको समग्र विकासमार्फत प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना गरी स्थानीय आर्थिक वृद्धि र आन्तरिक स्रोत अभिवृद्धि गर्नु यस गुरुयोजनाको प्रमुख लक्ष्य रहेको छ।

यस गुरुयोजनाअन्तर्गत GIS प्रविधिको प्रयोगद्वारा पर्यटकीय स्थल तथा सम्पदाहरूको नक्साङ्कन, तथ्याङ्कीय विश्लेषण तथा योजना निर्माण गरिनेछ। साथै, शिव पञ्चायन मन्दिर र पिरुङ डाँडाजस्ता दुई महत्वपूर्ण पर्यटकीय स्थलहरूको विकास, संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धनका लागि विस्तृत योजना (DPR/कार्ययोजना) समेत तयार गरिनेछ।

उपरोक्त उद्देश्यहरू कार्यान्वयन गर्न गुरुयोजनाले पाँच रणनीतिक स्तम्भ प्रस्ताव गरेको छ। पहिलो, पर्यटन उत्पादन विकासमार्फत प्रमुख आकर्षणहरूलाई संरचनागत तथा सांस्कृतिक रूपमा सुदृढ बनाइनेछ। दोस्रो, पूर्वाधार विकासअन्तर्गत सडक, विश्रामस्थल, सौर्य बत्ती, सूचना केन्द्र, शौचालय तथा फोहोर व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिइनेछ। तेस्रो, क्षमता अभिवृद्धि तथा सामुदायिक सशक्तिकरणमार्फत महिला, युवा, गाइड तथा होमस्टे सञ्चालकलाई तालिम प्रदान गरिनेछ, साथै ऐनअनुसार गठन भएका वडा—स्तरीय पर्यटन समितिहरूलाई क्रियाशील बनाइनेछ। चौथो, प्रचार—प्रसार तथा ब्रान्डिङअन्तर्गत वेबसाइट, डिजिटल सामग्री, बहुभाषिक ब्रोसर निर्माण तथा वितरण, साथै भिमाद पर्यटन महोत्सव सञ्चालन गरिनेछ। पाँचौं, नीति तथा संस्थागत विकासमार्फत पर्यटन विकास समन्वय डेस्क स्थापना गरी यस योजनालाई नगरपालिकाका वार्षिक तथा पञ्चवर्षीय नीतिगत कार्यक्रमहरूसँग आबद्ध गरिनेछ। यसरी नगरपालिकाको समग्र पर्यटन विकासका लागि "**पर्यटकीय भिमादको आधारः संस्कृति, सम्पदा र दिगो पूर्वाधार**" लाई दीर्घकालीन सोच तथा नाराका रूपमा विकास गरिनेछ।

अन्ततः प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, सामुदायिक सांस्कृतिक जीवनशैली र भौगोलिक विविधताको अनुपम संयोजनले सम्पन्न भिमाद नगरपालिकालाई यस गुरुयोजनामार्फत मध्यपहाडको नमूना पर्यावरणीय तथा सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको छ। गुरुयोजनाले रोजगारी सिर्जना, स्थानीय आर्थिक सशक्तिकरण, सांस्कृतिक संरक्षण तथा वातावरणीय उत्तरदायित्वलाई एकसाथ सम्बोधन गर्दै ग्रामीण तथा सहरी पर्यटन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

विषयसुची

कार्यकारी साराशं v

परिच्छेद – १ परिचय १

१.१ पृष्ठभूमी १
1.2 पर्यटन गुरुयोजनाको उद्देश्य २
१.३ गुरुयोजना निर्माणको कार्यक्षेत्र ३
१.४ पर्यटन गुरूयोजना तर्जुमाको औचित्य र आवश्यकता ३
१.५ पर्यटन गुरुयोजना तर्जुमा विधि ६
१.५.१ अवधारणागत ढाँचा ७
१.५.२ प्रतिवेदन तयारी तथा प्रस्तुतिकरण ११
१.६ पर्यटन गुरुयोजनाको संरचना १२
१.७ अध्ययनको सीमा १२

परिच्छेद – २ नेपालमा पर्यटनको विकासक्रम १४

२.१ नेपालको पर्यटनको संक्षिप्त इतिहास १४
२.२ नेपालका आवधिक योजनाहरूमा पर्यटन १५
२.३ नेपालको पर्यटन गुरुयोजना (Tourism Master Plan of Nepal) १९
२.४ दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goal -SDG) १९
२.५ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ (National Tourism Strategy) .. २०
२.६ पर्यटनको दीर्घकालीन दृष्टिकोण (भिजन) २०२० (Nepal Tourism Vision २०२०) २१
२.७ पर्यटन नीति २२
२.७.१ पर्यटन नीति २०५२, ... २२
२.७.२ पर्यटन नीति २०६५ ..... २३
२.७.३ नेपालको पर्यटन नीति २०८२ ..... २३
२.८ संवैधानिक तथा कानूनी व्यवस्था २५
२.९ पर्यटन आगामन प्रवृत्ती २६

परिच्छेद – ३ भिमाद नगरपालिकाको वस्तुस्थिति २८

३.१ परिचय २८
३.२ ऐतिहासिक पृष्ठभूमि २८
३.३ भौतिक अवस्था २८
३.३.१ अवस्थिति २९
३.३.२ धरातलीय स्थिति ३०
३.३.३ हावापानी ३१
३.३.४ प्राकृतिक वनस्पति तथा वन्यजन्तु ३१

३.३.५ नदीनाला तथा ताल ३२
३.३.६ भू-उपयोग ३३
३.४ सामाजिक अवस्था ३४
३.४.१ जनसाङ्ख्यिक अवस्था ३४
३.४.२ शैक्षिक स्थिति ३६
३.४.३ बस्ति ३७
३.४.४ बसाइसराई ३८
३.५ सांस्कृतिक स्थिति ३८
३.६ आर्थिक स्थिति ३८
३.७ पूर्वाधारको स्थिति ३९
३.७.१ सडक तथा यातायात ३९
३.७.२ ऊर्जा पहुँच तथा इन्धनको प्रयोग ४०
३.७.३ खानेपानी सुविधा ४०
३.७.४ शौचालय सुविधा ४०
३.७.५ सञ्चार तथा प्रविधि ४०
३.७.६ स्वास्थ्य चौकी ४१
३.७.७ प्रहरी चौकी ४१
परिच्छेद - ४ नगरपालिकाको पर्यटनको अवस्था र सम्भावनाहरु ४२
४.१ पर्यटकीय दृष्टिमा भिमाद नगरपालिका ४२
४.२ नगरपालिकामा पर्यटन आगमन प्रवृत्ति ४४
४.३ पर्यटन बिकासका आधारहरु ४४
४.३.१ आकर्षण (Attraction) ४५
४.३.२ पहुँच (Access) ४७
४.३.३ आवास (Accommodation) ४८
४.३.४ गतिविधि (Activities) ४९
४.३.५ आरामदायी सेवा सुविधा (Amenities) ४९
४.४ पर्यटन विकासमा सङ्लग्न सङ्ग सस्था र हाल सम्मका प्रयासहरु ५०
४.५ पहिचान भएका प्रमुख पर्यटकीय सम्भावनाका क्षेत्रहरु ५०
४.५.१ प्राकृतिक पर्यटन (Nature Based Tourism) क्षेत्र ५१
४.५.२ साहसिक पर्यटन ७४
४.५.३ धार्मिक तथा सांस्कृतिक पर्यटन (Religious and Cultural Tourism) ७५
४.५.४ ग्रामीण तथा सामुदायिक पर्यटन (Rural and Community Based Tourism) ९५

४.५.५ मनोरञ्जन पर्यटन १०८
४.६ पर्यटन प्रशिक्षित जनशक्ति ११०
4.7 पर्यटन विकासका सवल र कमजोर पक्ष ११०
४.८ पर्यटन विकासका अवसर तथा चुनौतिहरु १११
परिच्छेद – ५ पर्यटन गुरुयोजनाका दूरदृष्टि, लक्ष्य, उदेष्य, रणनीति र कार्यनीति ११४
५.१ दीर्घकालीन सोच (Vision) ११४
५.२ लक्ष्य (Goal) ११४
५.३ उद्देश्य (Objectives) ११४
५.४ पर्यटन विकासका रणनीति तथा कार्यनीति ११५
५.४.१ मुख्य रणनीति तथा कार्यनीतिको विस्तार ११७
५.५ परिणानात्मक लक्ष्य १२९
परिच्छेद – ६ नगरपालिकाको पर्यटन विकास योजना तथा कार्यक्रमहरु १३१
६.१ पर्यटन विकास योजना १३१
६.२ प्रतावित कार्यक्रम तथा योजना १३२
६.३ गुरुयोजनामा तय गरेका पर्यटकीय स्थलको विस्तृत योजना १३५
६.३.१ शिव पन्चायन मन्दिर १३५
६.३.२ पिरुङ डाँडा पर्यटकीय स्थल १३७
परिच्छेद – ७ दिगो पर्यटन विकास व्यवस्थापन र बजारीकरण १४०
७.१ दिगो पर्यटन १४०
७.२ पर्यटन विकास व्यवस्थापनका पक्षहरु १४०
७.३ पर्यटन बजारीकरण १४१
७.४ पर्यटन र नीतिको समन्वय १४२
७.५ सस्थागत संरचना १४२
७.६ पर्यटन गुरुयोजनाको अनुगमन र जिम्मेवारी १४२
परिच्छेद – ८ योजना कार्यान्वयन, अनुगमन र मुल्याङ्कन १४४
८.१ योजना तर्जुमा तथा कार्यान्वयन १४४
८.२ योजना अनुगमन तथा मूल्याङ्कन १४४
८.२.१ अनुगमन र मूल्याङ्कनका कार्यहरु १४४
८.२.२ अनुगमन तथा मूल्याङ्कनका विधिहरू १४५
८.२.३ अनुगमन तथा मूल्याङ्कनका समिति १४५
८.३ भिमाद नगरपालिका तथा सरोकारवालाको भूमिका १४६
परिच्छेद – ९ निष्कर्ष र सुझावहरु १४७
९.१ निष्कर्ष १४७

९.२ सुझावहरु १४७
सन्दर्भसामाग्री १५०
अनुसूचीहरु १५१
अनुसूची-१ नमुना सर्वेक्षण प्रश्नावली..... १५२
अनुसूची-२ स्थलगत सर्वेक्षण फोटोग्राफहरु १५३
अनुसूची-३ भौगोलिक सुचना प्रणालीका (GIS) नक्साहरु १५४
अनुसूची-४ मिटिङ माइनुटहरु..... १५५
अनुसूची-५ मिटिङ तथा प्रस्तुतिकरण फोटोग्राफहरु १५६

चित्र सूचि

चित्र १- एसियाको मानचित्रमा नेपाल ४
चित्र २- नेपालको प्रशासनिक विभाजनमा भिमाद नगरपालिको अवस्थिति ५
चित्र ३- गुरुयोजना तयारी प्रकृया ७
चित्र ४- गुरुयोजना सम्वन्धि प्रारम्भिक छलफल ७
चित्र ५- गुरुयोजना तयारीको आधार नक्सा ८
चित्र ६- वडागत रुपम गुरुयोजना सम्वन्धि प्रारम्भिक छलफल ९
चित्र ७- पर्यटकीय स्थलहरुको स्थलगत अवलोकन १०
चित्र ८- नगरस्तरिय छलफलका झलकहरु ११
चित्र ९- नगरपालिकामा मस्यौदा प्रस्तुतिकरण झलकहरु १२
चित्र १०- नेपालमा पर्यटन बिकासका समयक्रम १५
चित्र ११- भौगोलिक अवस्थिति २९
चित्र १२- धरातलिय स्थिति ३०
चित्र १३ नगरपालिकाको जलाधारको नक्शा ३२
चित्र १४ नगरपालिकाको भू-उपयोगको नक्शा ३४
चित्र १५ भिमाद बजार ३७
चित्र १६ ग्रामीण रघु बस्ति ३८
चित्र १७ भिमाद नगरपालिकामा पर्यटन बिकासका प्रयास ४३
चित्र १८ पर्यटन बिकासका प्रमुख पाँच तत्वहरु ४५
चित्र १९ भिमादमा पर्यटक आकर्षणका केद्रहरु ४६
चित्र २० भिमादमा पहुँचमार्गको संजाल ४७
चित्र २१ पहुँचमार्गहरुको सतहको अवस्था ४८
चित्र २२ भिमादमा आवासका सुविधाहरु ४९
चित्र २३ भिमादमा पर्यटकीय सम्भावनाका क्षेत्रहरु ५१
चित्र २४ भिमादमा प्राकृतिक पर्यटकीय केन्द्रहरु ५३
चित्र २५ भिमाद-१ मा अवस्थित सतिकोट गुफा ५४
चित्र २६ सतिकोट गुफा परिसरमा स्थानीयको सहभागिता ५५
चित्र २७ भिमाद-१ मा अवस्थित लिग्लीगकोट डाँडा हुक्का ५६
चित्र २८ भिमाद-३ मा अवस्थित कुवाकोट थुम्की ५६
चित्र २९ कुवाकोटमा रहेको ऐतिहासिक किल्ला ५७
चित्र ३० भिमाद-४ मा रहेको बरन छाँगा झरना ५८
चित्र ३१ भिमाद-४ मा अवस्थित पिरुङ डाँडा ५९
चित्र ३२ भिमाद-५ मा अवस्थित मिर्छुलुङ भ्यु-प्वाइन्ट ५९
चित्र ३३ मिर्छुलुङ भ्यु-प्वाइन्टमा भयको संरचनागत स्थिति ६०
चित्र ३४ मिर्छुलुङ भ्यु-प्वाइन्टमा भयको भ्यु-टावर र मगर समुदायको गोलाकार घर ६०

चित्र ३५ पिपल डाँडा भ्यु-प्वाइन्टको गुगल नक्सा..... ६१
चित्र ३६ पिपल डाँडा भ्यु-प्वाइन्टमा भयको संरचनागत स्थिति..... ६२
चित्र ३७ पिपल डाँडा भ्यु-प्वाइन्टमा भयको भ्यु-टावर..... ६२
चित्र ३८ धन्धुर सिद्द गुफा संरचनागत स्थिति..... ६३
चित्र ३९ धन्धुर सिद्धगुफा परिसरको सिद्ध बाबा मन्दिर..... ६४
चित्र ४० धन्धुर सिद्धगुफाको भित्रि स्थिति..... ६५
चित्र ४१ धन्धुर सिद्धगुफा क्षेत्रको सिद्ध बाराही मन्दिर..... ६६
चित्र ४२ धन्धुर सिद्द गुफा क्षेत्रमा श्रमदान..... ६७
चित्र ४३ धन्धुर सिद्धगुफा स्थित नगरपालिका र संघीय सरकारको सहकार्यमा निर्मित संरचना..... ६७
चित्र ४४ धन्धुर सिद्धगुफा क्षेत्रमा आयोजित कार्यक्रमका झलक..... ६८
चित्र ४५ भिमाद-९ स्थित इर्लुङ झरना..... ६९
चित्र ४६ इर्लुङ झरनाको स्चनागत स्थिति..... ६९
चित्र ४७ घाङ्चल्हुम मोहरियाको नक्सामा अवस्थिति..... ७०
चित्र ४८ घाङ्चल्हुम मोहरियाको प्रवेश द्वार तथा अग्लो ढुङ्गा..... ७१
चित्र ४९ घाङ्चल्हुम मोहरियाको संरचनागत स्थिति..... ७१
चित्र ५० घाङ्चल्हुम मोहरियाको सौन्दर्यकरण तथा वातावरणिय पक्ष..... ७२
चित्र ५१ पाङ्मी कोटघरको अवस्थिति र दृष्य..... ७३
चित्र ५२ पाङ्मी कोटघर अवस्थिति भ्यु-टावर..... ७३
चित्र ५३ पाङ्मी कोटघरको संरचनागत स्थिति..... ७४
चित्र ५४ भिमादमा साहसिक पर्यटकीय केन्द्रहरु..... ७५
चित्र ५५ भिमाद नगरपालिकाका धार्मिक पर्यटकीय केन्द्रहरुको नक्साङ्कन..... ७८
चित्र ५६ कोट बाराही मन्दिरको गुगल नक्साङ्कन दृष्य..... ७८
चित्र ५७ कोट बाराही मन्दिरको भौगोलिक अवस्था र यहाँको मनोरम दृष्य..... ७९
चित्र ५८ कोट बाराही मन्दिर परिसरको मन्दिर र कोटघर..... ८०
चित्र ५९ कोट बाराही मन्दिरको संरचनाहरु..... ८०
चित्र ६० कोट बाराही मन्दिरको गुगल नक्सा..... ८१
चित्र ६१ कोट बाराही मन्दिरको संरचनाहरु..... ८२
चित्र ६२ शिव पञ्चायन मन्दिरको गुगल नक्साङ्कन तथा दृष्य..... ८३
चित्र ६३ शिव पञ्चायन मन्दिरको मुल मन्दिर..... ८४
चित्र ६४ शिव पञ्चायन मन्दिरको परिसरमा रहेका दुइ पुराना मन्दिर..... ८५
चित्र ६५ दुइ पुराना मन्दिर भित्र रहेका मुर्तिहरु..... ८५
चित्र ६६ मन्दिर सरिसरमा रहेका नागका र हनुमान गिरिका मुर्तिहरु..... ८६
चित्र ६७ वि.स.२०४५ साल तिरको शिवालय मन्दिर..... ८७
चित्र ६८ शिवालय परिसरको संरचनागत स्थिति..... ८८
चित्र ६९ भिमाद-८ स्थित लाटी बाराहिको मन्दिर..... ८९
चित्र ७० लाटी बाराहिको मन्दिर अगाडिको पोखरी..... ८९

चित्र ७१ लाटी बाराहिको मन्दिर परिसरको संरचनागत स्थिति..... ९०
चित्र ७२ भिमाद नगरपालिकाका आयोजित गण्डकी प्रदेश नेवाः लाखे नाच प्रतियोगिता..... ९३
चित्र ७३ भिमाद नगरपालिकाका आयोजित कौंरा नृत्य..... ९३
चित्र ७४ भिमाद नगरपालिकाका आयोजित धिमे नाच..... ९५
चित्र ७५ भिमाद नगरपालिकाका भएका ग्रामीण पर्यटनका केन्द्रहरुको नक्साङ्कन..... ९६
चित्र ७६ रघु गाउँ भौगोलिक अवस्थिति..... ९७
चित्र ७७ भिमाद नगरपालिका त:क्ष□ रघु गाउँ होमस्टेको वस्ति..... ९८
चित्र ७८ रघु गाउँ होमस्टेको सामुदायिक सांस्कृतिक झलक..... ९९
चित्र ७९ मिर्छुलुङ सामुदायिक होमस्टेको भौगोलिक अवस्थिति..... १००
चित्र ८० मिर्छुलुङ सामुदायिक होमस्टे रहेको गाँउ..... १००
चित्र ८१ मिर्छुलुङ सामुदायिक होमस्टे वरिपरिको संरचनागत स्थिति..... १०१
चित्र ८२ मिर्छुलुङ सामुदायिक होमस्टेको पर्यटक आगमनको दृष्य..... १०२
चित्र ८३ मिर्छुलुङ सामुदायिक होमस्टेको सांस्कृतिक झलक..... १०२
चित्र ८४ झिङ्रु-राङ्गरुङ सामुदायिक होमस्टेको भौगोलिक अवस्थिति..... १०३
चित्र ८५ झिङ्रु-राङ्गरुङ सामुदायिक होमस्टे नजिकको राङरुङ रिसोर्टका पूर्वाधारहरु..... १०४
चित्र ८६ झिङ्रु-राङ्गरुङ सामुदायिक होमस्टे नजिक हुने पर्यटकिय गतिविधि..... १०४
चित्र ८७ झिङ्रु-राङ्गरुङ सामुदायिक होमस्टेको आकर्षणहरु..... १०५
चित्र ८८ झिङ्रु-राङ्गरुङ सामुदायिक होमस्टेको प्रयोग र व्यवस्थापन..... १०५
चित्र ८९ पाथर्दी सामुदायिक होमस्टेको भौगोलिका अवस्थिति..... १०६
चित्र ९० पाथर्दी सामुदायिक होमस्टेको संरचनागत स्थिति..... १०६
चित्र ९१ पाथर्दी सामुदायिक होमस्टेबाट गरीएको पदयात्रा कार्यक्रम..... १०७
चित्र ९२ पाथर्दी सामुदायिक होमस्टेबाट गरीएको सांस्कृतिक कार्यक्रम..... १०८
चित्र ९३ भिमाद नगरपालिकाका भएका मनोरञ्जनका केन्द्रहरुको नक्साङ्कन..... १०९
चित्र ९४ नगरपालिकाको पर्यटकिय राजधानि पोखरा सगँको भौगोलिक सम्वन्ध..... ११७
चित्र ९५ नगरपालिकाको दक्षिण तराइका सहर सगँको भौगीलिक सम्वन्ध..... ११८
चित्र ९६ नगरपालिकाको दक्षिण तराइका सहर सगँको दुरी..... ११९
चित्र ९७ नगरपालिकाको भौगोलिक पर्यटन विकास सँगको परिदृष्य..... १२०
चित्र ९८ नगरपालिकामा रणनितिक सडक सञ्जाल..... १२१
चित्र ९९ नगरपालिकाको पहिचान गरीएका पर्यटन पथहरूको नक्साङ्कन..... १२८
चित्र १०० शिव पन्चायन मन्दिरको दृष्य..... १३५
चित्र १०१ शिव पन्चायन मन्दिरको वर्तमान अवस्था..... १३५
चित्र १०२ शिव पन्चायन मन्दिरको प्रस्तावित योजना..... १३६
चित्र १०३ पिरुङ डाँडाको दृस्य..... १३७
चित्र १०४ पिरुङ डाँडाको वर्तमान अवस्था..... १३८
चित्र १०५ पिरुङ डाँडाको पर्यटकीय गरुयोजनाकव प्रस्ताव..... १३९

तालिका सूचि

तालिका १- नेपालमा पर्यटन आगमनको प्रवृति २६
तालिका २- भिमाद नगरपालिकाको धरातलीय स्थिति ३०
तालिका ३- भिमाद नगरपालिकाको भू-उपयोग स्थिति २०८२ ..... ३३
तालिका ४-भिमाद नगरपालिकाको जनसाङख्यिक स्थिति..... ३५
तालिका ५- नगरपालिकामा बसोबास गर्ने जात जातिहरूको जनसङख्या..... ३५
तालिका ६- भिमाद नगरपालिकामा बोलिने मातृभाषा ३६
तालिका ७ नगरपालिकाम अवस्थित शैक्षिक संस्थाहरु..... ३६
तालिका ८ नगरपालिकाम विभिन्न तहमा अध्ययन गर्ने र तह पास गरेका जनसङ्ख्या..... ३६
तालिका ९ नगरपालिकाम विभिन्न आर्थिक क्रियाकलापमा सङ्लग्न जनसङ्ख्या ३९
तालिका १० नगरपालिकामा भएका प्राकृतिक पर्यटकीय केन्द्रहरु ५२
तालिका ११ नगरपालिकामा भएका साहसिक पर्यटकीय केन्द्रहरु ७५
तालिका १२ नगरपालिकामा भएका मूर्त सम्पदा केन्द्रहरु..... ७६
तालिका १३ नगरपालिकामा भएका अमूर्त सम्पदाहरु ९१
तालिका १४ नगरपालिकामा संचालन भएका ग्रामीण होम स्टेहरु..... ९६
तालिका १५ नगरपालिकामा संचालन भएका मनोरञ्जनका केन्द्रहरु..... १०८
तालिका १६ नगरपालिकाको पर्यटन विकासका रणनीति तथा कार्यनीतिहरु..... ११५
तालिका १७ नगरपालिकाको पहिचान गरीएका पर्यटन पथहरू १२५
तालिका १८ नगरपालिकाको पर्यटन क्षेत्रको परिणानात्मक लक्ष्य..... १२९
तालिका १९ नगरपालिकाको पर्यटन विकासका आयोजना १३२
तालिका २० पर्यटन गुरुयोजना अनुगमन तथा मूल्याङ्कनका समितिको ढाँचा- १४६

परिच्छेद - १ परिचय

१.१ पृष्ठभूमी

नेपाल प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो। विश्व मानचित्रमा धरातलीय विविधता, हावापानीमा विभिन्नता तथा सांस्कृतिक अनेकता भएको देशको रुपमा विश्व सामु परिचित छ। विश्वका विभिन्न देशबाट नेपालका विभिन्न स्थानमा आएर यहाँका प्राकृतिक अवस्था, सामाजिक परिवेश, आर्थिक अवस्था, सांस्कृतिक तथा ऐतिहासिक धरोहरहरु आदिको अवलोकन, अध्ययन तथा अनुसन्धान गर्ने गर्दछन्। यसरी पर्यटकको आगमनले यहाँको वाह्य क्षेत्रसँगको सामीप्यता बढ्नुको साथै पर्यटकहरुको लागी आवश्यक पर्ने सेवा तथा सुविधाहरुको सञ्चालन हुने गर्दछन्। यसले एकातर्फ रोजगारीको अवसर सिर्जना गर्दछ भने अर्कोतर्फ स्थानीय र राष्ट्रिय स्तरमा ठुलो मात्रामा आय आर्जनमा टेवा पुर्याउँदछ।

नेपालको प्राकृतिक सौन्दर्य र सम्पदाको संरक्षण बाट पर्यटनको विकास गरी आर्थिक उपार्जन गर्न सकिने पर्याप्त सम्भावना छ। राष्ट्रिय जनगणना २०७८ को अनुसार १४२ प्रकारका जातजाति र १२४ वटा भाषाभाषी र उनीहरुको जीवनशैली, सांस्कृतिक तथा धार्मिक र ऐतिहासिक स्थलहरु एवंम् नेपालीहरुको आतिथ्यताले नेपालको विशेषता स्पष्ट देखाउँछ। परम्परा मान्यता एवं चालचलनका कारण प्राचीन सभ्यता र संस्कृतिको समेत धनी रहेको नेपाली जनजीवन साँच्चै अनौठो र रोचकपूर्ण छ। विभिन्न मठ मन्दिर, गुम्वा, स्मारकहरु आकर्षणका केन्द्रका रुपमा रहेका छन। साथै, वन्यजन्तु लगायत विविध सम्पदामा मठ, मन्दिर, गुम्बा र दरबारहरुले नेपालको प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाको आकर्षक र सुन्दर पर्यटनको गन्तव्य स्थलको रुपमा चिनाउँछ।

एक्काइसौँ शताब्दीमा विश्व सूचना तथा सञ्चार क्षेत्रमा आएको तीव्र प्रगति र प्रविधिको द्रुत विस्तारले अर्थतन्त्रको संरचनामा महत्वपूर्ण सकारात्मक परिवर्तन ल्याएको छ। विकसित मुलुकहरूले आफ्ना प्राकृतिक स्रोत-साधन, प्रविधि विकास, औद्योगिक उत्पादन र पुँजी बजारमा प्रतिस्पर्धात्मक क्षमताको आधारमा उल्लेखनीय आर्थिक उन्नति हासिल गरिरहेका छन्। उपलब्ध स्रोत-साधन, मानव क्षमता, भौतिक पूर्वाधार तथा सांस्कृतिक सम्पदाको सही पहिचान र सदुपयोग गर्न सकेका विकासोन्मुख मुलुकहरू पनि निरन्तर आर्थिक वृद्धितर्फ उन्मुख हुँदै आएका छन्। यसै पृष्ठभूमिमा, आफ्ना आन्तरिक सम्भावना र सापेक्षिक लाभ क्षेत्रको विश्लेषण गर्दै विकसित र विकासोन्मुख दुवै मुलुकले आर्थिक विकासका लक्ष्य, कार्यक्रम तथा प्राथमिकताहरू स्पष्ट रूपमा निर्धारण गरी अघि बढ्न आवश्यक देखिन्छ।

नेपालमा कृषि, जलस्रोत र पर्यटन आर्थिक विकासका मुख्य आधारशिला हुन, जसलाई राज्यले प्राथमिकतामा राखी तदनुरुप विकास गर्ने नीति समेत लिएको देखिन्छ। देशको कुल जनसंख्याको करिव ५३.८ प्रतिशत मानिसको मुख्य आम्दानीको स्रोत कृषि भएपनि परम्परागत खेती प्रणाली,

खेतीयोग्य जमिनको कमी, सिंचाई सुविधाको अभाव आदि समस्याहरुका कारण अपेक्षाकृत सफलता यस क्षेत्रवाट प्राप्त हुन सकेको छैन। नेपाल करिव एक चौथाई अर्थात २०.२७ प्रतिशत जनता निरपेक्ष गरीवीको रेखामुनि रहेको एक विकासोन्मुख देश हो। जलस्रोतको प्रचुर सम्भावना भएपनि उपयोगमा ल्याउन आवश्यक पूँजी र प्रविधिको अभावको कारण विकासले अपेक्षित गति पाएको छैन। देशको युवा शक्ति विदेश पलायन भईरहेको छ। तसर्थ, यो पलायनतालाई रोक्दै स्वदेशमा नै उद्यमशीलता र रोजगारीको अवसर श्रृजना गर्नु पहिलो आवश्यकता भएको छ।

नेपालको भू-धरातल वातावरण एवं साँस्कृतिक जनजीवनका विशेषताको आधारमा सूचना प्रविधिको अधिकतम उपयोगका साथै सामाजिक सेवामुलक व्यवसायमा जोड दिदै पर्यटनलाई नयाँ आयामका साथ वैकल्पिक व्यवसायका रुपमा विकास गर्नुपर्ने देखिन्छ। मध्यम स्तरको जनशक्ति, कम पूँजि र प्रविधिवाट सञ्चालन गर्न सकिने श्रम प्रधान एवं सेवामुलक पर्यटन उद्योगको विकासवाट नेपालले आर्थिक सामाजिक विकास गरी गरीवी निवारण कार्यक्रमलाई सहयोग गर्ने सम्भावना देखिन्छ।

राष्ट्रिय पर्यटन विभागको सन् २०२४ को तथ्याङ्किय प्रतिवेदन अनुसार १३.८ प्रतिशत पर्यटकहरु पदयात्रा एवं पर्वतारोहणका लागि आएको देखिन्छ।

तसर्थ, पर्यटन विकासका प्रचुर सम्भावना वोकेको सम्पदाहरुलाई आवश्यक संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्दै दीर्घकालीन पर्यटन विकासको अवधारणालाई आत्मसात गर्न सके पर्यटन क्षेत्रवाट अपेक्षित लाभ लिन सक्ने बलियो आधर देखिन्छ।

१.२ पर्यटन गुरुयोजनाको उद्देश्य

यस गुरुयोजना तयार गर्नुको समग्र उद्देश्य भिमाद नगरपालिकामा अवस्थित पर्यटकीय स्रोतहरुको खोज पहिचान, विकास, प्रवर्द्धन, संरक्षण गर्दै स्थानीय समुदायमा पर्यटन सम्बद्ध उद्योगको विकासमा जोड दिनु हो। स्थानीय जीविकोपार्जनमा थप अवसर प्रदान गर्ने गरी ५ वर्ष भित्र दिगो पर्यटन विकासका आधार तयार गर्ने अभिप्रायले प्रस्तुत गरीएको पर्यटन गुरुयोजनाका विशिष्ट उद्देश्यहरु निम्नानुसार छन।

१) भिमाद नगरपालिकाको पर्यटन क्षेत्रको दीर्घकालीन, दिगो र योजनाबद्ध विकास गर्नु।

२) भिमाद नगरपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्नु।

३) पर्यटन पूर्वाधार विकासमार्फत पर्यटक आगमन संख्या वृद्धि गर्ने, बसाइ अवधि लम्ब्याउने तथा पर्यटक खर्च बढाउने।

४) पर्यटन उद्योगको समग्र विकासमार्फत प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना गरी स्थानीय आर्थिक वृद्धि र आन्तरिक स्रोत अभिवृद्धि गर्नु।

५) GIS प्रविधिद्धारा नक्साङ्कन गरी पर्यटकीय स्थल तथा सम्पदाहरुको तथ्याङ्क विष्लेषण गर्ने।

६) दुई प्रमुख पर्यटकीय स्थलहरू *(शिव पञ्चायन मन्दिर र पिरुङ डाँडा)* को विकास तथा संरक्षण, व्यवस्थापन र प्रवर्द्धनका लागि विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्ने।

१.३ गुरुयोजना निर्माणको कार्यक्षेत्र

यस गुरुयोजनाका प्रमुख कार्यक्षेत्रहरु देहाय बमोजिम रहेका छन्।

१) नगरपालिकामा रहेका पर्यटकीय स्थल जस्तै- ताल, पोखरी, खोला, वन, गुम्बा, मठमन्दिर, पदमार्ग/हाइकिङ ट्रेल, भौगोलिक स्थल, ऐतिहासिक स्थल, पार्क आदिको अध्ययन गर्ने।

२) नगरपालिका भित्रका विशिष्ट मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरुको पहिचान तथा अध्ययन गर्ने।

३) पर्यटकका मुख्य ५ वटा तत्व (5A of Tourism: Attraction, Accessibility, Accommodation, Amenities and Activities) को विकास अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने।

४) पर्यटन विकासका सम्भावनाहरु जस्तै: कृषि पर्यटन, वन पर्यटन, धार्मिक पर्यटन, प्राकृतिक पर्यटन, साहसिक पर्यटन, सांस्कृतिक पर्यटन, ग्रामीण पर्यटन आदिको अध्ययन तथा विश्लेषण गर्ने

५) पर्यटन विकासका सम्भावना, अवरोध तथा चुनौतीका (SWOT) अवस्थाको विश्लेषण गर्ने।

६) विदेशी पर्यटकलाई आकर्षित गर्न सकिने उपायहरुको अध्ययन गर्ने।

७) पर्यटन विकासका लागि आवश्यक नीति, रणनीति, योजना, नीति र कार्यक्रमहरुका लागि पर्यटन विकासका विभिन्न सम्भावना अध्ययन तथा विश्लेषण गर्ने।

८) भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित नक्शाहरु तयार गर्ने।

१.४ पर्यटन गुरूयोजना तर्जुमाको औचित्य र आवश्यकता

भौगोलिक रुपमा हिमाल, पहाड र तराई क्षेत्र गरी तिन क्षेत्र रहेको नेपाल संङ्घिय संरचना अनुरुप एक संङ्घिय सरकार, ७ प्रदेश तथा ७५३ वटा स्थानीय सरकारमा विभाजित छ। भू-वनोटका कारण तत्कालै आर्थिक वृद्धि तथा समाजिक विकासलाई अगाडि वढाउन कृषि जलस्रोत र प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रमुख सम्भावनाको क्षेत्रको रुपमा देखिएको छ। अद्धितीय प्राकृतिक स्रोत, जीवन्त सांस्कृतिक सम्पदा र मित्रवत आतिथ्यताका कारण ग्रामीण वस्तीमा पर्यटकहरुलाई सुलभ, गुणस्तरीय सेवा दिन सकिन्छ। नेपालमा पर्यटन व्यवसायको सम्भावनालाई दृष्टिगत गरी जर्मन सरकारको सहभागितामा सन् १९७२ मा राष्ट्रको पर्यटन गुरुयोजनाको तर्जुमा गरीएको थियो। जसले क्षेत्रीय पर्यटन विकासको अवधारणा सहित संस्थागत पर्यटन विकासको कार्यक्रममा जोड दिएको थियो। त्यस्तै गरी पर्यटन सेवा सुविधाहरुको विकेन्द्रीकरण तथा विस्तार गरी वजारीकरणका लागि पहल गर्नुपर्ने विषय समेतमा जोड दिएको थियो। तत्पश्चात पर्यटन उद्योगले देशको अर्थतन्त्रमा पु¥याएको योगदानको विश्लेषण गर्दै सन् १९८९ मा नेपाल राष्ट्र वैंकद्धारा गरीएको एक अध्ययनले पर्यटन उद्योग देशको आय तथा रोजगारीको अवसरका लागि एक महत्त्वपूर्ण क्षेत्र भएको महसुस गर्दै पर्यटनको

योजनाबद्ध विकासका लागि पर्यटकको रुचि र प्रवृत्ति अनुसार पूर्वाधार विकास एवं निर्माण कार्यमा जोड दिनुपर्ने विषय उल्लेख गरीएको थियो। सकारात्मक आर्थिक सामाजिक रुपान्तरण हुने अपेक्षाका साथ यो गुरुयोजना तर्जुमा गरीएको छ।

नेपालले विश्वको ०.०३ प्रतिशत भूभाग तथा एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगटेको छ। एसिया महादेशको दक्षिणी भागमा अवस्थित नेपाल भूपरिवेष्ठित देश हो। उत्तर तिब्बत तथा दक्षिण भारतसँग सीमाना जोडिएको छ। भौगोलिक, सामाजिक, सांस्कृतिक सम्पदाको दृष्टिले अत्यन्त समृद्ध नेपाल विश्वका अधिकांश देशहरूका लागि एक आकर्षणको केन्द्र हो। यद्यपि भौगोलिक अवस्थितिको कारणले पर्यटन विकासमा केही कठिनाइ पनि छन्। देशका अधिकांश भागहरू हिमाली, पहाडी तथा तराई भूभागमा विभाजित छन्। यसले विभिन्न प्रकारका प्राकृतिक सम्पदा, जैविक विविधता र सांस्कृतिक सम्पदाहरू समेटेको छ।




चित्र १- एसियाको मानचित्रमा नेपाल

भिमाद नगरपालिकामा बहुआयामिक रुपमा पर्यटन विकास गर्दै आर्थिक समृद्धि हासिल गर्ने अपार सम्भावना बोकेको छ। पर्यटन एक प्रतिस्पर्धी उद्योग भएकाले दिगो रुपमा विकास गर्न दीर्घकालीन सोच र योजना आवश्यक हुन्छ। पर्यटन क्षेत्रको सफलताका लागि आधार मानिने राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा मेल खाने लक्ष्य, नीति, दृष्टिकोण, विकासका दिशा र प्राथमिकता निर्धारण गर्नु पर्दछ। साथै नेपालको भौगोलिक बनावट, जलवायु, भौगोलिक विविधता, सांस्कृतिक सम्पदाको धनी र प्रचुर प्राकृतिक सम्पदामा आधारित पर्यटनले देशको अर्थतन्त्रमा ठूलो योगदान पु-याउन सक्छ। तर योजना अभावका कारण पर्यटन सम्भावना क्षेत्रहरू पहिचान, विकास तथा प्रवर्द्धनमा कठिनाइ आएको छ। साथै छोटो

समयमा तीव्र विकासका लागि आवश्यकता तथा प्राथमिकता निर्धारण, आर्थिक लगानी, पूर्वाधार, स्रोत साधनको उचित परिचालन, समय निर्धारण, र दक्ष जनशक्ति आवश्यक हुन्छ।

पर्यटकीय राजधानी पोखरा नजिक पर्ने भिमाद नगरपालिका तनहुँ जिल्लाको नगरपालिकाहरु मध्ये एक हो। ऐतिहासिक, पूरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्रोत सम्पदा प्रसस्त रहेको यो नगरपालिका मुलत धर्ममा आधारित धार्मिक पर्यटनका तथा प्राकृतिक मनोरञ्जनको निमित्त अत्यन्त आकर्षक गन्तव्य बन्न सक्ने हैसियत राख्दछ। यस नगरपालिकामा धेरै पर्यटकीय गन्तव्यका स्थान सीद्धगुफा, सतिकोट कोटबराही कुवाकोट पिरुङ डाँडा, मिछुर्लुङ घ्याङचलुङ्ग शिव पञ्चायन मन्दिर ऐतिहासिक झोलुङ्गे पुल अद्भुत धुनी आदि जस्ता विभिन्न पर्यटकीय क्षेत्रहरु भएतापनि यिनीहरुको यथोचित रुपमा अन्वेषण, अनुसन्धान हुन सकेका छैनन् भने कतिपय देखिएका पर्यटकीय स्थानको पनि पूर्वाधार विकास गर्न नसक्नुले तथा प्रचार प्रसारको कमीका कारण ओझेलमा परेका छन्। यिनीहरुको संरक्षण गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्न सकेमा यस क्षेत्रका वासिन्दाको जीवनस्तर समेत सुधन सक्ने देखिन्छ। यस क्षेत्रमा स्थानीय स्तरमा पर्यटन सम्वन्धि केही अग्रसरता र प्रयासहरु भएका भएतापनि व्यवस्थित गुरुयोजनाको अभावकै कारणले गर्दा ती काम फलदायी हुन सकेका छैनन्।



चित्र २- नेपालको प्रशासनिक विभाजनमा भिमाद नगरपालिको अवस्थिति

यस दीर्घकालीन पर्यटन गुरुयोजना (Tourism Masterplan) ले पर्यटन क्षेत्रको समग्र विकासका लागि रणनीतिक, संस्थागत, भौतिक, सामाजिक, वातावरणीय पक्षहरूलाई समेट्दै दिगो पर्यटनको विकासका लागि आवश्यक दिशानिर्देश प्रदान गर्न सहयोग पुऱ्याउँछ। बहुआयामिक रुपमा नगरपालिकाको पर्यटन क्षेत्रलाई सशक्त र दिगो विकासका लागि पर्यटन गुरुयोजनाले दीर्घकालीन दृष्टिकोण (Long-term

vision), कार्यान्वयन योजना (Implementation Framework), र संस्थागत संयोजन (Institutional Mechanism) तय गर्ने गर्दछ। साथै, नगरपालिकाका पर्यटन क्षेत्रहरूको प्रगति मापन गर्न निश्चित अवधिको कार्य योजना (Five-years action plan) समेत राख्ने गर्दछ।

भिमाद नगरपालिका नेपालको गण्डकी प्रदेशअन्तर्गत तनहुँ जिल्लामा अवस्थित एक आकर्षक र रणनीतिक स्थान हो। नेपालको सातै प्रदेशमध्ये गण्डकी प्रदेशले कुल भू-भागको करिब ११.५८ प्रतिशत हिस्सा ओगटेको छ भने, तनहुँ जिल्लाले त्यसको करिब ७.२ प्रतिशत भू-भाग समेटेको छ। तनहुँ जिल्लाभित्र रहेका १० स्थानीय तहहरूमध्ये भिमाद नगरपालिकाले करिब ८.३ प्रतिशत भू-भाग ओगट्दै जिल्लाको दक्षिण-पूर्वी भागमा फैलिएको छ। भिमाद नगरपालिकाको भौगोलिक अवस्थिति, पृथ्वी राजमार्ग र प्रमुख व्यापारिक केन्द्रहरूसँगको सहज पहुँच, सेती नदी किनारका पवित्र धार्मिक स्थलहरुको संगम क्षेत्र र प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाहरूले यस क्षेत्रलाई पर्यटन दृष्टिले अत्यन्त सम्भावनायुक्त बनाएका छन्।

यस नगरपालिकामा धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको विविधता पाइने हुँदा, भिमादलाई "रणनीतिक पर्यटन केन्द्र"का रूपमा विकास गर्ने प्रशस्त सम्भावना छ। यद्यपि, ती सम्भावनाहरूलाई योजनाबद्ध रूपमा उपयोग गर्नका लागि दीर्घकालीन रणनीतिक सोच, संस्थागत संयोजन र पूर्वाधार विकासका दिशामा केन्द्रित नीति आवश्यक छ। त्यसैले, भिमाद नगरपालिकाका पर्यटन क्षेत्रहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र व्यवस्थापनका लागि एक समग्र पर्यटन गुरुयोजना (Tourism Master Plan) तयार गर्नु अत्यावश्यक छ, जसले नगरको सांस्कृतिक सम्पदा, प्राकृतिक आकर्षण र आर्थिक सम्भावनालाई एकीकृत गरी दिगो पर्यटन विकासको आधार तयार गर्नेछ।

१.५ पर्यटन गुरुयोजना तर्जुमा विधि

गुरुयोजना तयार गर्दा पर्यटन नीति २०८२ र भिमाद नगरपालिकाको पर्यटन ऐन २०८० मा आधारित भई तयार गरीएको छ। योजना तयार गर्दा सम्बद्ध संस्थाका प्रकाशित सामग्रीहरुको पुनरावलोकन, संङ्घिय सरकारको राष्ट्रिय योजना आयोगबाट प्रकाशित सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२ देखि २०८५/८६), गण्डकी प्रदेश सरकारको प्रदेश योजना आयोगबाट प्रकाशित दोस्रो पञ्चवर्षीय योजना २०७९/८०-२०८३/८४, गण्डकी प्रदेश सरकारको योजना तथा नेपाल पर्यटन बोर्डबाट पर्यटन विकास प्रवर्द्धनका सन्दर्भमा बेला बेलामा प्रकाशित सामग्रीहरु प्रयोग गरीएको छ। योजनाको प्रस्तावित विषय सम्बन्धित क्षेत्रका विज्ञ सहित अवलोकन, स्थानीय जनसमुदायसँग छलफल, जानकार व्यक्तिहरुसँग साक्षात्कार, स्थानीय निकायका व्यक्तिहरु सँग अन्तक्रिया गराई तर्जुमा गरीएको छ। यसै गरी नक्शांकन गर्दा स्थलगत सर्वेक्षण, नेपाल सरकार सर्वे विभागबाट प्रकाशित धरातलिय नक्शाहरुबाट लिइएका सूचनालाई GIS को माध्यमले नक्शांकन गरीएको छ।

१.५.१ अवधारणागत ढाँचा

गुरुयोजना निर्माण टोलीले नगरपालिकाको सहयोगमा सम्बन्धित सरोकारवालाको संलग्नतामा विस्तृत अध्ययन गरीएको छ। यस गुरुयोजना तयारीमा निम्न अवधाराणागत ढाँचा अवलम्वन गरीएको छ।

१) प्रारम्भिक छलफल


२) आधार नक्सा तयारी

३) सरोकारवाला संगको छलफल

४) स्थलगत अवलोकन

५) नगरस्तरिय छलफल

६) प्रतिवेदन तयारी



चित्र ३- गुरुयोजना तयारी प्रकृया

१.५.१.१ प्रारम्भिक छलफल

प्रारम्भिक चरणमा नगरपालिकामा गुरुयोजना बारे अभिमुखिकरण तथा छलफल गरीएको थियो। यस बैठकमा योजनाको मुख्य उद्देश्य, कार्यक्षेत्रगत सर्त, कार्य सञ्चालनको परिमार्जित तालिका लगायतका विषयमा छलफल गरीएको थियो। पालिकाको पर्यटन विकासमा लगानी हुने बजेट तथा तिनिहरुको कार्यान्वयनको विषयबस्तुमा स्पष्टता मागिएको थियो। बैठकमा पालिकामा रहेका प्रमुख पर्यटनका सम्भावना, सम्भाव्यताको छलफलका साथै पर्यटन सम्बन्धी प्रमुख जानकार व्यक्तिहरूको पहिचान गरीएको थियो।






चित्र ४- गुरुयोजना सम्वन्धि प्रारम्भिक छलफल

१.५.१.२ आधार नक्सा तयारी

यस अध्ययनमा विविध स्रोत सामग्रीको प्रयोग गरी भू-सूचना प्रणाली (Geographical Information System-GIS), Geographic positioning system (GPS) प्रविधिहरूको सहयोगमा भौतिक, ऐतिहासिक, प्राकृतिक, सामाजिक तथा आर्थिक पक्षहरूलाई तथ्याङ्कीय रूपमा विश्लेषण गरीएको छ।



चित्र ५- गुरुयोजना तयारीको आधार नक्सा

उपलब्ध GIS Data, Satellite Image लगायत प्रारम्भिक अध्ययनका आधारमा अध्ययन क्षेत्रको प्रारम्भिक आधार नक्सा (Base Map) तयार गरीयो। पालिकाको पर्यटन सम्बन्धि अध्ययनका आधारमा आधार नक्सा क्रमश अद्यावधिक गरीयो। साथै स्थानीय तहमा गरीएका सर्वेक्षण र तथ्यांकहरूको (GIS) चित्र तथा स्थानगत समायोजन गरीएको थियो। यसरी तयार गरीएको आधार नक्सालाई स्थलगत अध्ययनको क्रममा प्रमाणीकरण गरीयो।

१.५.१.३ सरोकारवाला संगको छलफल

नगरपालिकाका प्रत्येक वडा भित्र रहेका प्रमुख पर्यटकीय गन्तव्यको पहिचान गर्न तथा पर्यटकीय पूर्वाधार, सेवा सुविधा सम्बन्धी विवरण संकलन गर्न वडा स्तरमा छलफल गरीयो। छलफलका क्रममा पर्यटन विकासको विद्यमान अवस्था, यस क्षेत्रका समस्या तथा सम्भावनाको विषयमा छलफल गरीयो। यस क्रममा सबै पर्यटकीय आकर्षण स्थलहरूको GIS प्रविधिमा नक्सांकन गरीयो।



चित्र ६ - वडागत रुपम गुरुयोजना सम्वन्धि प्रारम्भिक छलफल

१.५.१.४ स्थलगत अवलोकन

नगरपालिकाका प्रत्यक वडामा रहेका प्रमुख पर्यटकीय गन्तव्यहरूको स्थलगत अध्ययन सम्पन्न गरीयो। यस क्रममा वडास्तरमा रहेका आकर्षणहरू, पहुँच सुविधा, आवास तथा सेवासुविधासम्बन्धी विवरण संकलन गरीयो। अध्ययनका क्रममा सडक पहुँच, यातायात सुविधा, इन्टरनेट तथा टेलिफोन/मोबाइल सेवा, विद्युत् आपूर्ति, स्वास्थ्य सेवाको स्थिति मूल्यांकन गरीयो। नगरपालिकाका प्राकृतिक, धार्मिक,

सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वका सम्पदाहरूको साथै, स्थानीय इतिहास, पर्व-चाड, मेला-जात्रा, यात्रास्थल, खानपान, भेषभूषा जस्ता अमूर्त सम्पदाहरूको अध्ययन गरीयो।



चित्र ७- पर्यटकीय स्थलहरुको स्थलगत अवलोकन

यसरी गरीएको अध्ययनले पालिकाभित्रका सम्भावित तथा विद्यमान पर्यटकीय गन्तव्यहरूको समस्या र सम्भावनाको स्पष्ट पहिचान गर्न सहयोग पुऱ्याएको थियो। साथै, यसले पालिकाको पर्यटन विकासका सबल पक्ष, दुर्बलता, अवसर र चुनौतीहरूको यथार्थ चित्र प्रस्तुत गरीएको छ।

१.५.१.५ नगर स्तरीय छलफल

अध्ययनका क्रममा नगरपालिकास्तरीय छलफल आयोजना गरीएको थियो। कार्यशालामा हालसम्मको कार्य प्रगति, विभिन्न स्रोतबाट संकलन गरीएको तथ्याङ्क र सूचनाहरु प्रस्तुत गरी प्रमाणीकरण गरीएको थियो। कार्यशालामा पर्यटन विकासका सम्बन्धित क्षेत्र, आवासीय सेवा सुविधा तथा पहुँच, पर्यटनसँग सम्बन्धित समस्या तथा सम्भावनाका विषयमा छलफल गरीएको थियो। यससँगै छलफलद्वारा

नगरपालिकाको पर्यटन विकासका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य निर्धारण, पर्यटन विकासका लागि संस्थागत संरचना, प्रमुख योजना तथा कार्यक्रमका बारेमा छलफल गरीएको थियो।




चित्र ८- नगरस्तरिय छलफलका झलकहरु

१.५.२ प्रतिवेदन तयारी तथा प्रस्तुतिकरण

नगरपालिकाको पर्यटन विकासको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति सहितको पर्यटन विकास रुपरेखाको मस्यौदा प्रतिवेदन तयार गरीयो। मस्यौदा प्रतिवेदन नगरपालिकामा समक्ष प्रस्तुतिकरण गरी प्रतिवेदन उपर सरोकारवालाहरूद्वारा प्राप्त सल्लाह सुझाव समेटी नगरपालिकाको पर्यटन विकास रुपरेखाको अन्तिम प्रतिवेदन तयार गरीएको छ।








चित्र ९- नगरपालिकामा मस्यौदा प्रस्तुतिकरण झलकहरु

१.६ पर्यटन गुरुयोजनाको संरचना

भिमाद नगरपालिकाको पर्यटन गुरुयोजना नौ अध्यायहरूमा संरचित गरीएको छ, जसले अध्ययनको सम्पूर्ण प्रक्रिया, विश्लेषण र योजनागत परिणामहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्दछ। पहिलो अध्यायमा पर्यटन गुरुयोजनाको परिचय तथा अध्ययन प्रक्रिया समेटिएको छ, जसमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, कार्यक्षेत्र, औचित्य र अध्ययन कार्यविधि प्रस्तुत गरीएको छ, जसमा तथ्यांक सङ्कलनका स्रोतहरू, GIS र GPS प्रविधिको प्रयोग, स्थल अवलोकन, सरोकारवालासँगको अन्तरक्रिया तथा विश्लेषणका आधारहरू समावेश छन्। दोस्रो अध्यायमा नेपालको पर्यटन विकासक्रम अन्तर्गत पर्यटन निति, कानुनी आधार र नेपालको पर्यटनको अवस्थाका बारेमा चर्चा गरिएको छ। तेस्रो अध्याय नगरपालिकाको वस्तुस्थितिसँग सम्बन्धित छ, जसमा भौगोलिक अवस्थिति, जनसांख्यिक विवरण, सामाजिक-आर्थिक अवस्था, पूर्वाधार तथा सांस्कृतिक सम्पदाहरूको अवस्थाबारे वर्णन गरीएको छ। चौथो अध्यायमा नगरपालिकाको पर्यटन अवस्थाको विश्लेषण गरीएको छ, जसमा विद्यमान तथा सम्भावित गन्तव्यहरू, पूर्वाधार, समस्या र अवसरहरूको मूल्याङ्कन गरीएको छ। पाँचौ अध्यायमा नगरपालिकाको पर्यटन गुरुयोजनाको दिर्घकालिन सोच, लक्ष्य तथा रणनिति समाबेस गरिएको छ। छैटौं अध्यायमा नगरपालिकाको पर्यटन विकासका लागी गरिने प्राथमिकताका कार्यक्रमहरुको खाका तथा सिफारिसहरू राखिएको छ। सातौं अध्यायमा दिगो विकासका लक्ष्य सगँको तादाम्यताको उल्लेख गरिएको छ यसले दिगो विकासका लागि आवश्यक नीतिगत दिशानिर्देशहरू प्रदान गर्दछ। आठौं अध्यायमा गुरुयोजना कार्यान्वयनको तथा अनुगमन तथा मुल्याङ्कनको विधि र प्रक्रिया राखिएको छ। अन्तिम अध्यायमा निष्कर्ष तथा सुझाब समाबेस छन्। यसरी यो गुरुयोजनाले नगरपालिकाको पर्यटन विकासका सबै पक्षहरूलाई एकीकृत दृष्टिकोणका साथ प्रस्तुत गरी भविष्यका योजना तथा कार्यान्वयनका लागि स्पष्ट मार्ग निर्देश गर्दछ।

१.७ अध्ययनको सीमा

भिमाद नगरपालिकाको पर्यटकीय गुरुयोजना तयार गर्ने क्रममा अधिकतम सरोकारवाला पक्षलाइ समेट्ने प्रयत्न गरीएको छ। पर्यटन गुरुयोजनाको परामर्श तथा सन्दर्भ कागजात र कार्यक्षेत्रगत सर्त (Terms of reference) मा भए अनुसार अध्ययन अगाडि बढाइ यसैको आधार र मार्गनिर्देशनमा पर्यटन गुरुयोजना

तयार पारिएको हो। स्थलगत सर्वेक्षणको क्रममा स्थानीय स्रोत ब्यक्तिहरुको सल्लाह र सुझाब समेट्ने प्रयास गरीयतापनि सिमित साधन स्रोत र समय सिमाको कारण समेटिनु पर्ने केही तथ्याङ्क छुट हुन गएको हुन सक्दछ। नगरपालिकाको पर्यटन विकास समितिले पर्यटकीय रूपमा विद्यमान र सम्भावित क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रलाई योजनाबद्ध विकास योजनामा समेटेको छ। साथै, नगरपालिकाभित्रका अन्य पर्यटकीय क्षेत्रहरूको संक्षिप्त विवरण, आपसी सघनता विश्लेषण र तिनको नक्साङ्कन पनि गरीएको छ।


परिच्छेद – २ नेपालमा पर्यटनको विकासक्रम

२.१ नेपालको पर्यटनको संक्षिप्त इतिहास

प्राचीन समयमा चीनका तिर्थयात्री हुयान साङ र भारतका सम्राट अशोकले लुम्बिनीको भ्रमण गरेका थिए । सन १८१६ मा सुगोली सन्धी भए पछि ब्रिटिस नागरिकहरु नेपाल आउन थालेका थिए । सन १८५० मा तत्कालिन श्री ३ जङ्ग बहादुर राणाले वेलायतको भ्रमण गरेका थिए। त्यसै गरी बेलायतका राजा जर्ज पाँचौले सन १९११ मा नेपालका भ्रमण गरेका थिए। सन १८९९ मा जापानी बौद्ध अनुयायी इकाइ काबुचीले अन्नपूण क्षेत्रको भ्रमण गरेका थिए ।सन १९५० फ्रेञ्च नागरिक मौरिस हर्जोग र लुइस लाकनले अन्नपूर्ण हिमाल आरोहण गरेका थिए । सन १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ्ग नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेपछि नेपाल विश्वमाझ परिचित भयो । यसले गर्दा नेपालमा विदेशी पर्यटकहरु आउनेक्रम बढ्न थाल्यो । यस पछि नेपालमा होटेलहरु खुल्न थाले पर्यटन व्यवशाय अब उद्योगको रुपमा विकास हुन थाल्यो ।

बि.सं.२००७ मा जहानीय निरंकुश राणा शासन समाप्त भइ प्रजातन्त्र आए पछि प्रधान मन्त्री टंकप्रसाद आचार्यको प्रधान मन्त्री कालमा देशको विकास गर्न योजना बद्ध ढंगवाट हुनु पर्छ भनी वि.सं. २०१३ सालमा पहिलो पञ्च वर्षिय योजना योजना बन्यो । पहिलो योजनाले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औंल्याएको थियो । सरकारका तर्फबाट नेपालमा पहिलोपटक राष्ट्रिय संस्थाका रूपमा 'पर्यटन विकास बोर्ड' को विसं. २०१४ मा स्थापना गरिएको थियो। त्यसैगरी विसं. २०१५ मा तत्कालीन 'शाही नेपाल वायुसेवा निगम' (हाल नेपाल वायुसेवा निगम) को स्थापना भयो भने विसं. २०१६ मा 'पर्यटन विभाग' स्थापना गरियो। यसलाई नेपालको अर्थतन्त्रको एक प्रमुख अंग मानी त्यसका लागि दीर्घकालीन योजना बन्नुपर्ने कुरामा जोड दिन थालियो। फलस्वरूप त्यसै वर्ष 'पर्यटन विकास समिति' पनि गठन गरियो। त्यसैको अग्रसरतामा विसं. २०२९ मा पहिलो पटक नेपालको राष्ट्रिय पर्यटन गुरुयोजना तयार भएको थियो। त्यसपछि नेपालको पर्यटन ऐन २०३५ पनि बन्यो। पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पर्ने तथा यसलाई प्रभाव पार्ने अन्य ऐन कानुन तथा नीति-नियमहरू पनि क्रमशः बन्दै गए। विसं. २०४७ को दशकमा यस्ता धेरै नीति-नियमहरू बनेका थिए। त्यसमध्ये वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, राष्ट्रिय हवाई नीति २०५०, नेपाल नागरिक उड्डयन ऐन २०५३, नेपाल पर्यटन बोर्ड ऐन, २०५३ प्रमुख छन् । नेपाल पर्यटन बोर्ड ऐन, २०५३ का आधारमा नै नेपाल पर्यटन बोर्डको स्थापना भएपछि नेपालको पर्यटन नीति २०५२ बन्यो। उक्त नीतिले खासगरी पर्यटनमा निजी क्षेत्रको भूमिकालाई थप उजागर गरेको थियो भने नेपालमा ग्रामीण पर्यटन विकास हुनुपर्ने कुरालाई पनि पहिलोपल्ट जोड़ दियो। बि.सं. २०६५मा आएर नयाँ पर्यटन नीति बन्यो। हाल पर्यटन नीति २०८२ कार्यान्वयनमा छ। सन् २००९ मा नेपाल सरकारले पर्यटनको दीर्घकालीन दृष्टिकोण ('टुरिजम भिजन') २०२० तयार पार्यो ।

त्यसमा निजी क्षेत्रको समेत राम्रो सहभागिता र साझेदारिता थियो। सन् २०२० सम्ममा नेपालको पर्यटनले कस्तो रूप लिनुपर्छ भन्ने कुरा त्यस दीर्घकालीन दृष्टिकोणमा उल्लेख गरिएको छ।



चित्र १०- नेपालमा पर्यटन विकासका समयक्रम

२.२ नेपालका आवधिक योजनाहरूमा पर्यटन

नेपालको आवधिक योजनाहरू (Periodic Plans) ले पर्यटन क्षेत्रलाई विकासको महत्वपूर्ण आधारका रूपमा निरन्तर प्राथमिकता दिएको छ। प्रारम्भिक योजनादेखि हालसम्मका सबै योजनाहरूमा पर्यटनलाई राष्ट्रिय आम्दानी वृद्धि, रोजगारी सिर्जना, र अन्तर्राष्ट्रिय पहिचान सुदृढीकरणको माध्यमका रूपमा लिइएको छ।

- **पहिलो योजना (वि.सं. २०१३-२०१८)**

यस अवधिमा नेपालको विकास प्रारम्भिक चरणमा थियो। यस योजनाले नेपालमा पर्यटन विकासको जग बसाल्ने काम गरेको थियो ।यस योजनाले पर्यटनलाई आर्थिक विकासकोएक सम्भावित क्षेत्रको रुपमा पहिचाहन गरेको थियो। यस योजनामा पर्यटन प्रवर्द्धनको रणनीतिक सुरुवात, पूर्वाधार निर्माण र नेपालको प्राकृतिक साँस्कृतिक सम्पदाको संभावना पहिल्याउने लक्ष्य राखिएको थियो ।

- **दोस्रो योजना (वि.सं. २०१८-२०२२)**

दोस्रो पञ्च वर्षिय योजनाले विदेशी मुद्रा आर्जन गर्ने र नेपाली संस्कृति तथा प्राकृतिक सम्पदाको प्रवर्द्धन गर्ने उद्यश्य लिएको थियो । यस अवधिमा काठमाण्डौ उपत्यका र आसपासमा होटल तथा यातायात पुर्वाधार विकमसको सूरुवात भएको थियो ।यही अवधिमा पर्यटन विभागको स्थापना भएको थियो ।

- **तेस्रो योजना (वि.सं. २०२३-२०२७)**

यस योजना अवधिमा पर्यटन क्षेत्र विकासको लागि आवश्यक नीति तथा प्रशासनिक ढाँचा बनाउने कार्यको सुरुवात भएको थियो ।यस योजनाले पर्यटकिय स्थलहरुमा भोतिक पुर्वाधार निर्माण प्रचार

प्रसार होटल व्यवशायको विकासमा जोड दिइएको थियो ।साथै पर्यटन उद्योगलाई विदेशी मुद्रा आर्जन गर्ने प्रमुख उद्योगको रुपमा विकास गर्ने नीति लिएको थियो ।

- **चौथो योजना (वि.सं. २०२७-२०३२)**

यस योजनाले पर्यटनले पनि पर्यटनलाई आर्थिक विकासको प्रमुख आधारको रुपमा स्वीकार गर्दै संस्थागत विकास र पूर्वाधार निर्माणमा जोड दिएको थियो । यस योजनामा पर्यटन प्रवर्द्धनको लागि पर्यटन मन्त्रालय र पर्यटन मन्त्रालयको भूमिका स्पष्ट पारिएको थियो । यसको साथै यस योजनाले पर्यटन उद्योगको विकास मार्फत रोजगारी सिर्जना गर्ने नीति लिएको थियो ।

- **पाँचौं योजना (वि.सं. २०३२-२०३७)**

यस योजनाले पर्यटनलाई विदेशी मुद्राको आर्जन र रोजगारी सिरेजना गर्ने मुख्य माध्यमको रुपमा लिएको थियो ।यस योजनाले पर्यटकिय पूर्वाधार विकास पर्यटन क्षेत्रको विविधिकरण र अन्तराष्ट्रिय बजारमा नेपालको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य लिएको थियो ।यसै गरी यस योजनाले हवाइ यातायातको पहुँच विस्तार र गुणस्तरमा सुधार गरी पर्यटन क्षेत्रकोप्रवर्द्धन गर्ने लक्ष्य लिएको थियो ।

- **छैटौं योजना (वि.सं. २०३७-२०४२)**

यस अघिका योजनाहरु झै यस योजनाले पनि पर्यटन विकासलाई बैदेशिक मुद्रा आर्जन र रोजगारी सिर्जनाको मुख्य माध्यमको रुपमा लिएको थियो । यस बाहेक यस योजनाले पर्यटकिय पूर्वाधारहरुको विस्तार पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धन गरी रोजगारीको सिर्जना र उत्पादमा वृद्धि साथै प्रकर्तिक तथा साँस्कृतिक सम्पदाहरु संरक्षण गर्ने उद्देश्य लिएको थियो ।

- **सातौ योजना (वि.सं.२०४२-२०४७)**

सातौ योजनाले पर्यटन पुर्वाधारको विकास नयाँ गन्तव्यहरुको पहिचाहन र विकास तथा पर्यटन क्षेत्रमा स्थानीयवासीहरुको सहभागिता वढाउने लक्षय लिएको थियो ।यसमा पर्यटन प्रवर्द्धनको लागि विज्ञापन र अन्तराष्ट्रिय मेला तथा प्रदर्शनीमा सहभागिता जस्ता विषयहरु समावेश गरिएको थियो ।यसले धार्मिक सास्कृतिक र साहसिक पर्यटनलाई जोड दिएको थियो ।

- **आठौं योजना (वि.सं. २०४९-२०५४)**

आठौ योजनाले पर्यटन विकासलाई विशेष महत्व दिएको थियो । यसले पर्यटनलाई बैदेशिक मुद्रा आर्जन गर्ने र रोजगारी सिर्जना गर्ने मुख्य क्षेत्रको रुपमा लिएको थियो ।यसले पर्यटन विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने होटल यातायात तथा पर्यटन पूर्वाधारको विकास गर्ने नयाँ पर्यटन गन्तव्यको पहिचाहन तथा विकास गर्ने आदि विषयमा जोड दिएको थियो ।यो योजनाले पर्यावरण संरक्षणसंग सम्वन्धित दिगो पर्यटनको अवधाराणा ल्याएकव थियो ।यो योजनाले पर्यटकहरुको वसाइ अवधि बढाउने पर्यटक खर्च वढाउने ग्रामिण तथा पर्वतीय क्षेत्रमा पर्यटन विस्तार गर्ने उद्देश्य लिएको थियो

- **नवौं योजना (वि.सं. २०५४-२०५९)**

नवौ योजनाले पर्यटन क्षेत्रलाई गरिवी निवारण र आर्थिक विकासको मुख्य आधारको रुपमा लिएको थियो । पर्यटन विकासको माध्यमवाट रोजगारीको सिर्जना गरी गरी न्यूनिकरण गर्ने र पर्यटनलाई ग्रमिण क्षेत्रमा पुर्याउने लक्षय लिइएको थियो ।यहि योजना बमोजिम नेपाल भ्रमण वर्ष १९९८ मनाइएको थियो ।

- **दशौं योजना (वि.सं. २०५९-२०६४)**

नेपालमा द्वन्द्वकाल अन्त्यतिर पर्यटनमा आएको गिरावटबाट पुनःस्थापना गर्ने लक्ष्य राखिएको थियो। यस अवधिमा आन्तरिक पर्यटन र वैकल्पिक गन्तव्य विकासमा जोड दिइयो।

- **एघारौं योजना (वि.सं. २०६४-२०६७)**

यो अवधिमा संघीयतापूर्व नेपालको पर्यटन संरचनालाई सुदृढ बनाउने कार्य गरीयो। साहसिक पर्यटन, पारिस्थितिक पर्यटन, होमस्टे, तथा धार्मिक पर्यटनलाई नीति तहमा विस्तार गरीयो।

- **बाह्रौं योजना (वि.सं. २०६७-२०७०)**

नेपालले संघीय संरचनामा प्रवेश गरेपछि पर्यटनलाई स्थानीय तहसँग प्रत्यक्ष जोड्ने कार्य सुरु भयो। स्थानीय सरकारलाई पर्यटन पूर्वाधार र प्रवर्द्धनमा सशक्त भूमिका दिइयो।

- **तेह्रौं योजना (वि.सं. २०७०-२०७३)**

यो वर्तमान योजना अवधिमा दिगो पर्यटन विकास, Visit Nepal 2020 कार्यक्रम, डिजिटल प्रवर्द्धन, तथा स्वास्थ्य र पारिस्थितिक पर्यटनलाई नीति तहमा समावेश गरीएको छ। यसले स्थानीय समुदायलाई पर्यटनको प्रत्यक्ष लाभ प्राप्त हुने संरचना तयार गरेको छ।

- **चौधौं योजना (वि.सं. २०७४/७५-२०७५/७६)**

चौथौं योजनाको अवधिमा विदेशी पर्यटक आगमन संख्या उल्लेख्य रूपमा वृद्धि भयो, विदेशी पर्यटकबाट भएको खर्च अघिल्लो १५ वर्ष र हालका वर्षको तुलनामा बढ्दै गएको पाइयो। नियमनात्मक सुधार तथा पूर्वाधार निर्माणका माध्यमबाट पर्यटन क्षेत्रको विकासका लागि नीति तथा कार्यान्वयन पक्ष सुदृढ पारिएको थियो। यस योजनाले नेपालको पर्यटन क्षेत्रलाई आन्तरिक उत्पादन (GDP) मा योगदान दिने प्रमुख क्षेत्रका रूपमा पहिचान गरेको छ। यस अवधिमा नेपाल भ्रमण वर्ष २०२० को तयारी, आन्तरिक तथा ग्रामीण पर्यटन प्रवर्द्धन, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा प्राथमिकता दिइएको थियो। साथै, निजी क्षेत्रको लगानी प्रोत्साहन, समुदायमा आधारित पर्यटनको प्रवर्द्धन, पर्यटक आवास सुविधा सुधार, सडक तथा हवाई यातायात सञ्जाल विस्तार, पर्यटक सुरक्षाका कार्यक्रम र क्षमता अभिवृद्धि तालिम सञ्चालनमा जोड दिइएको थियो। योजनाको उद्देश्य पर्यटन क्षेत्रलाई रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन, र स्थानीय आर्थिक सशक्तिकरणको माध्यमका रूपमा विकास गर्नु रहेको थियो।

- **पन्ध्रौ योजना (वि.सं. २०७६/७७-२०८०/८१)**

पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) पर्यटन क्षेत्रलाई आर्थिक रूपान्तरण र रोजगारी सिर्जनाको प्रमुख माध्यमका रूपमा पहिचान गरीएको छ। पन्ध्रौं योजनाले "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने दीर्घकालीन दृष्टि अनुरूप पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको मुख्य स्तम्भका रूपमा राख्दै ग्रामीण-शहरी पर्यटन सन्तुलन, दिगो पर्यटन प्रवर्द्धन, र सांस्कृतिक सम्पदाको संरक्षणलाई प्राथमिकता दिएको छ। यस योजनामा घरेलु तथा अन्तर्राष्ट्रिय पर्यटक आकर्षणका लागि पूर्वाधार सुधार, हवाई तथा सडक सञ्जाल विस्तार, होटल व्यवसायको गुणस्तरीकरण, र स्थानीय समुदायमा आधारित पर्यटन विकासका कार्यक्रमहरू समावेश गरीएका छन्। साथै, नेपाल भ्रमण बर्ष २०२० को तयारीमार्फत अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन छवि सुदृढ गर्ने कार्यलाई पनि यस अवधिमा प्राथमिकता दिइएको थियो।

- **सोह्रौं योजना (वि.सं. २०८१/८२-२०८५/८६)**

सोह्रौं योजनाले पन्ध्रौं योजनाको निरन्तरतामा दिगो, समावेशी र वातावरणमैत्री पर्यटन प्रणाली विकास गर्ने रणनीति अवलम्बन गरेको छ। यस योजनाले नेपालको पर्यटन उद्योगलाई आधुनिक, प्रतिस्पर्धी र डिजिटल प्रविधिमैत्री बनाउन "स्मार्ट, समावेशी र वातावरणमैत्री पर्यटन" को रूपमा परिकल्पना गरेको छ, जसअन्तर्गत ब्रान्डिङ, डिजिटलाइजेशन, ई-टुरिज्म डाटाबेस, स्मार्ट ट्राभल सेवा तथा जलवायु अनुकूल पूर्वाधार निर्माणमा विशेष जोड दिइएको छ। पर्यटन क्षेत्रबाट मूल्य अभिवृद्धि वृद्धि, आम्दानी विस्तार र कुल गार्हस्थ्य उत्पादन (GDP) मा पर्यटन क्षेत्रको योगदान बढाउँदै वर्तमान २% बाट ९% सम्म पुऱ्याउने लक्ष्य सो योजनाले राखेको छ। त्यसैगरी, वार्षिक पर्यटक आगमनलाई हाल ६.२ लाखबाट २५ लाखमा, पर्यटकको औसत बसाइ अवधि १३.१ दिनबाट १५ दिनमा, तथा प्रति पर्यटक प्रतिदिन खर्च ५४.५ अमेरिकी डलरबाट ६५ डलरमा वृद्धि गर्ने सूचक निर्धारण गरिएको छ।

पर्यटन क्षेत्र विकास तथा सुदृढीकरणका क्रममा स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्ने, पर्यटन पूर्वाधारको विस्तार, संस्कृति, प्रकृति, कृषि, साहसिक तथा ग्रामीण पर्यटनजस्ता विविध पर्यटन उत्पादहरूको विकास, गन्तव्य व्यवस्थापन सुधार, तथा पर्यटन व्यवसाय सहयोगी समुदाय र निजी क्षेत्रबीचको सहकार्य (Public-Private-Community Partnership) लाई संस्थागत गर्ने नीति समेटिएको छ। पर्यटन व्यवसायसँग सम्बन्धित प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण, नयाँ सम्भावित गन्तव्यहरूको पहिचान, ग्रामीण तथा सीमावर्ती क्षेत्रहरूलाई राष्ट्रिय पर्यटन नक्सामा समावेश गर्ने, तथा पर्यटनमार्फत रोजगार सिर्जना र आय-वितरणमा समता कायम गर्ने उद्देश्य सो योजनाको मुख्य अभिमुखीकरण हो।

त्यसैगरी, पर्यटन सेवा स्तर र सुगमता सुधार गर्न यातायात, स्वच्छता, सुरक्षा, सूचना प्रवाह, हवाई सेवा क्षमता अभिवृद्धि (७५ बाट १०० सम्म), समुदाय-आधारित पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन र उद्यमशीलताको मूल्य शृङ्खला विकास, तथा महिला, दलित, जनजाति र सीमान्तकृत समुदायको सीप तथा क्षमता अभिवृद्धि कार्यक्रमलाई प्राथमिकतापूर्वक कार्यान्वयन गरिनेछ। पर्यटन उद्योगलाई जलवायु

अनुकूल बनाउँदै जोखिम न्यूनीकरण, संरक्षण-मुखी पर्यटन, हरित ऊर्जा-मैत्री पूर्वाधार र दिगो प्रशासनिक व्यवस्थापनलाई पनि योजनामा रणनीतिक रूपमा समावेश गरिएको छ। समग्रमा, सोहौं योजनाले पर्यटन क्षेत्रलाई नेपालमा आर्थिक रूपान्तरण, विदेशी मुद्रा आर्जन, रोजगारी सुदृढीकरण र सांस्कृतिक पहिचान प्रवर्द्धनका लागि अत्यन्त महत्वपूर्ण आधारस्तम्भका रूपमा स्थापित गर्ने स्पष्ट दृष्टि लिएको छ।

२.३ नेपालको पर्यटन गुरुयोजना (Tourism Master Plan of Nepal)

नेपालको प्रथम पर्यटन गुरु योजना १९७० देखि १९८० सम्मका लागि तर्जुमा भएको थियो। यो गुरुयोजना जर्मन सरकारको सहयोगमा तयार गरिएको थियो । नेपाललाई अन्तराष्ट्रिय गन्तव्यको रुपमा स्थापित गर्ने र स्थानीय रोजगारी सिर्जनागर्ने यस गूरुयोजनाको मुख्य उद्येश्य रहेको थियो ।यसले काठमाण्डौ उपत्यका, पोखरा, लुम्बिनी र सगरमाथा क्षेत्रजस्ता प्रमुख पर्यटकिय क्षेत्रहरुको विकासमा जोड दिएको थियो ।यस गुरुयोजनाले पर्यटनलाई साँस्कृतिक ट्रेकिङ र मनोरञ्जन गरी विभिन्न क्षेत्रमा विभाजन गरेको थियो ।पर्यटन क्षेत्रमा यसले ठूलो सहयोग पुर्‍याएको छ। दीर्घकालीन पर्यटन योजनाको आधारमा आयोजनाहरू सञ्चालन गर्दा पर्यटन क्षेत्रको विकासमा एक ठोस तथा फलदायी योगदान पुग्ने गर्दछ। योजनाबद्ध रूपमा विकास तया विस्तार योजना कार्यान्वयन हुन सक्ने भएकाले नेपालमा पर्यटन विकासको लागि एउटा दीर्घकालीन गुरुयोजना तयार गरी त्यसैअनुरूप क्रमबद्ध रूपमा विकास कार्यक्रमहरू सञ्चालन भएका थिए। पर्यटक रुचिका स्थानहरू र प्रत्येकमा गर्नुपर्ने सुधार र सुविधा व्यवस्थाको यकिन गर्ने, पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न आवश्यक प्रभावकारी प्रचार, यातायात, होटल व्यवस्था आदि पर्यटन विकाससम्बन्धी विभिन्नकार्यहरू समावेश गरिएका थिए। भविष्यका विकास क्रमहरूलाई बढी प्रभावकारी बनउने उद्देश्यले तयार गरिएको गुरुयोजनाको तर्जुमा गर्ने काममा विदेशी अनुभवी विशेषज्ञहरूलाई संलग्न गरेर बनाइएको थियो । पर्यटन उद्योगको व्यवस्थित तथा प्रभावकारी आधारमा विकास गर्न उपयुक्त बमोजिमको गुरुयोजना सम्बन्धी प्रतिवेदन योजनाको प्रथम वर्षको मध्यतिर मात्र प्राप्त हुन थालेको थियो। यसरी प्राप्त भएको प्रतिवेदनको आधारमा कतिपय नयाँ आयोजनाहरू योजनामा समावेश गरिएका थिए ।

२.४ दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goal -SDG)

सन् २०१५ मा विश्वका धेरै मुलुकहरूले गरिबी निवारण गर्न, पृथ्वीलाई जोगाउन र सबैका लागि समृद्धिको सुनिश्चित्त गर्नका लागि १७ वटा दिगो विकासका लक्ष्यहरू अवलम्बन गरेका छन् । यस्ता लक्ष्यहरू मध्ये नं ८ ले उपयुक्त रोजगारी र आर्थिक वृद्धि गर्ने लक्ष्य र नं. ले १२ जिम्मेवार उत्पादन र उपभोग गर्ने परिपाटीको सुनिश्चित्त गर्ने लक्ष्य लिएकाले दुवै दिगो विकासका लक्ष्यहरू पर्यटन क्षेत्रसँग प्रत्यक्ष सबन्धित छन् । रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उपजहरूको प्रवर्द्धन मार्फत दिगो पर्यटनलाई बढावा दिने नीतिहरू तर्जमा र कार्यान्वयन गर्ने लक्ष्य दिगो विकासको लक्ष्य नं.८ ले लिएको छ भने रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उपजहरूको प्रवर्द्धन मार्फत दिगो पर्यटन

दिगो विकासका प्रभावहरूको अनुगमन गर्ने उपायहरू तयार गरी कार्यान्वयन गर्ने दिगो विकासको लक्ष्य नं.१२ ले लिएको छ। वातावरणमा भैरहेको परिवर्तन, वन विनास, कार्बन उत्सर्जन लगायतका विषयहरू प्रत्यक्षरूपमा पर्यटन व्यवसायसँग सम्बन्धित छन् । दीगो विकासका लक्ष्यले विकासलाई समृद्धिसँग जोड्ने एक देशबाट अर्को देशका स्रोत र साधनको आदान प्रदान गर्दा स्थानीय स्तरको समृद्धिलाई अल्पकालिन भन्दा दीर्घकालीन कसरी बनाउन सकिन्छ भन्ने विषयमा ध्यान दिनुपर्नेमा जोड दिएको छ। नेपालको सन्दर्भमा दीगो विकासको लक्ष्य भनेको गरिबी निवारण केन्द्रित क्रियाकलापहरू तर्जुमागरी कार्यान्वयनमा ल्याउनु नै प्राथमिकीकरणमा रहेको छ ।

२.५ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ (National Tourism Strategy)

नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५, नेपाल सरकारको मध्यावधिक रणनीतिक दस्तावेज हो, जुन नेपालको समग्र पर्यटन विकासका लागि अति आवश्यक छ। नेपालको पर्यटन विकासको लक्ष्य हासिल गर्नका लागि दिशाबोध गर्ने मूल पथ-प्रदर्शक दस्तावेजका रूपमा यो तयार भएको छ। दस वर्षको दूरदृष्टि (भिजन) र ५ वर्षको विस्तृत कार्य-योजना (एक्सन-प्लान) को साथमा कार्यान्वयनको पहिलो पाँच वर्षमा सरकारले प्रमुख चुनौतीहरूको कसरी सामना गर्नुपर्छ भन्ने सवालहरूलाई यो रणनीतिक योजनाले प्रस्ट्याएको छ। यस अवधिका लागि अगाडि सारिएका प्राथमिक कार्ययोजनाहरू सरकारी निकाय, निजीक्षेत्रका सरोकारवाला र अन्य संघसंस्थाहरू एवं विज्ञहरूसँगको सहभागितामा व्यापक छलफल गरी तयार गरिएका हुन् । यस दस्तावेजमा नेपालको संविधान अनुरूप पर्यटन क्षेत्र संघ र प्रदेशको साझा अधिकारको विषय भएकाले देशको समग्र पर्यटनको विकासका लागि केन्द्र र राज्य बीचको समन्वय र पर्यटनबाट प्राप्त हुने लाभका विषयमा पनि परिचर्चा गरिएको छ। पर्यटन क्षेत्रको समग्र विकासका लागि ११ वटा विशेष रणनीतिक लक्ष्यहरू तय गरिएका छन्-

१. योजना तर्जुमा तथा विकासको लक्ष्य पर्यटनलाई योजनाबद्ध र दिगो तवरबाट विकास गर्ने ।

२. ब्रान्डिङका लक्ष्यहरू: विश्वव्यापी रूपमा परिचित नेपालको पर्यटन ब्रान्ड स्थापना गर्ने र स्वदेश तथा विदेशमा नेपालको पर्यटनको छविलाई स्थापित तथा विस्तार गर्ने ।

३. बजारीकरणका लक्ष्यहरू वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने र आगन्तुकहरूबाट प्रतिपादित मूल्य, राजस्व, ऋतु र भौगोलिक वितरणमा उल्लेखनीय रूपले सुधार गर्ने।

४. पर्यटन अर्थतन्त्रसम्बन्धी लक्ष्यहरू राष्ट्रिय विकासको लागि गार्हस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण र दिगो रूपमा वैदेशिक मुद्रा आर्जन वृद्धि गर्नमा योगदान गर्ने ।

५. लगानी र व्यावसायिक वातावरण सुधारका लक्ष्यहरू पर्यटन व्यवसायमा सुविधा तथा सेवाहरू विस्तार गर्नका लागि लगानी आकर्षितगरी व्यावसायिक विकासको वातावरण सुधार गर्ने ।

६. मानव संसाधन विकाससम्बन्धी लक्ष्यहरू पर्यटन मानव संसाधनको क्षमता, गुणस्तर, संख्या र कार्यसम्पादनको सुधार गर्ने ।

७. पर्यटन गुणस्तर सुधारका लक्ष्यहरू गुणस्तर, आवास, बसाइ, खाना, सुरक्षा र सार्वजनिक क्षेत्रका सेवाहरूमा सुधार ल्याई नेपालको पर्यटन अनुभवलाई फराकिलो पार्ने ।

८. पर्यटन पूर्वाधार विकासका लक्ष्यहरू आवश्यक पर्यटन पूर्वाधार विकासका लागि स्पष्ट नीति तथा कार्य-योजना तयार पारी केन्द्र तथाप्रदेशहरूको समन्वय मार्फत कार्यान्वयनको वातावरण मिलाउने । यस कार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

९. संस्थागत संरचना, व्यवस्थापन तथा नीतिगत लक्ष्यहरू पर्यटन क्षेत्रको विकास र दिगो वृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा प्रभावकारी संस्थागत र नियमनकारी ढाँचा विकास गर्ने।

१०. सांस्कृतिक सम्पदाहरूको संरक्षणसम्बन्धी लक्ष्यहरू नेपालको विविध मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र प्रवर्द्धन गरी दिगो पर्यटन विकास मार्फत आय र रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग गर्ने।

११. प्राकृतिक वातावरण संरक्षणसम्बन्धी लक्ष्यहरू प्रदूषण रहित (Zero Carbon) पर्यटनको विकास गरि पर्यटनको वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति तय, योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूल पर्यटन र यस सम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने ।

२.६ पर्यटनको दीर्घकालीन दृष्टिकोण (भिजन) २०२० (Nepal Tourism Vision 2020)

सन् २००६ बाट देखिएको उत्साहजनक वातावरण, विदेशी पर्यटक आगमनमा वृद्धि र विसं. २०६५ को पर्यटननीति पछि नेपालको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सन् २००९ मा सन् २०२० लाई लक्षित गरी दूरदृष्टि २०२० (भिजन २०२०) नामक रणनीतिक दस्तावेज निर्माण गरेको छ। यो दस्तावेजले सन् २०२० सम्ममा नेपालको पर्यटनलाई अझ स्तरीय बनाउनका लागि र परिच्छेद ३ मा उल्लेख गरिए अनुसारका लक्ष्य प्राप्तिका लागि विभिन्न नीतिहरू, नीति अनुसारका कार्य वा रणनीतिहरू निर्धारण गरेको छ। यसले निर्धारण गरेका लक्ष्य र रणनीतिहरू यस प्रकार रहेका छन्-

पर्यटनका माध्यमबाट नेपाली जनताको जीवनस्तर सुधार गर्ने (११ रणनीतिहरू)

नेपालको अर्थतन्त्रमा पर्यटनको भूमिका वृद्धि गर्ने (३ रणनीतिहरू)

पर्यटकीय सम्पदाहरूको विकास तथा विस्तार गर्ने (५ रणनीतिहरू)

नेपाललाई पर्यटकीय गन्तव्यका रूपमा अझ बढी प्रवर्द्धन गर्ने (६ रणनीतिहरू)

वायुसेवाका सबै पक्षहरूको गुणस्तर अभिवृद्धि गर्ने (८ रणनीतिहरू)

पर्यटन क्षेत्रमा लगानीको आकर्षण बढाउने (३ रणनीतिहरू)

यी प्रत्येक उद्देश्य प्राप्त गर्नका लागि छुट्टाछुट्टै समूहगत रणनीतिहरू तयार पारिएका छन्। प्रत्येक क्षेत्रमा एउटा पर्यटकीय (गन्तव्य) केन्द्र निर्माण गरी त्यसकै वरिपरि पर्यटनलाई केन्द्रित गराउने यसको योजना छ। यसका लागि २० वटा त्कालीन र ११ वटा दीर्घकालीन रणनीतिहरू तयार पारिएका छन् । अन्य यस नगरपालिकाको पर्यटन विकास सम्बन्धी रणनीतिक योजना यही राष्ट्रिय रणनीति अनुरूप तयार गरिएको छ।

पाल सरकारले विभिन्न समयमा विभिन्न ऐन, नियमावली, निर्देशिकाहरू तयार पारेको छ । नेपालमा हालसम्म १३ वटा ऐन, ३ वटा नीति, १९ वटा नियम-नियमावलीहरू, २३ वटा विभिन्न क्षेत्रका गठन आदेश अन्तर्गतका समितिहरू, १० वटा प्रतिष्ठान, कोष, बोर्ड, संस्थानहरू, ९ वटा संस्कृतिसम्बन्धी पर्यटन विकास समितिहरू, १४ वटा पर्यटनसम्बन्धी विकास समितिहरू विभिन्न वातावरण ऐन, नियम, निर्देशिकाहरू छन् ।

२.७ पर्यटन नीति

पर्यटकहरुको आगमनमा बृद्धी, पर्यटन उद्योगको रुपमा विकास हुनु र यो अर्थतन्त्रको प्रमुख आधार बन्दै गएकोले पर्यटन क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्न तथा यसको अवसरहरुको उपयोग गर्न पर्यटन नीतिको आवस्यक भएकोले पर्यटन नीति निर्माण भइ कार्यान्वयनमा आए छन । ती नीतिलाई समय सापेक्ष परिवर्तन हुदै आएका छन । नेपालमा कार्यान्वयनमा आएका पर्यटन नीतिहरु निम्न छन

२.७.१ पर्यटन नीति २०५२,

नेपालको आधुनिक पर्यटन विकासको आधार मानिने यो नीति मुख्यतः पर्यटनलाई आर्थिक विकास, रोजगारी सिर्जना र विदेशी मुद्रा आर्जनको माध्यम बनाउने उद्देश्यले ल्याइएको थियो। यसको मुख्य उद्देश्य र प्रमुख विशेषता निम्न थिए ।

मुख्य उद्देश्यहरू

- पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता प्राप्त उद्योगको रूपमा विकास गर्ने
- विदेशी मुद्रा आर्जन वृद्धि गर्ने
- रोजगारी सिर्जना र स्थानीय सहभागिता बढाउने
- पर्यटनको गुणस्तर र सेवास्तर सुधार
- पर्यटनमार्फत क्षेत्रीय सन्तुलित विकास गर्ने

प्रमुख नीतिगत विशेषताहरू

- निजीकरण र उदारीकरणलाई थप स्पष्टता
- पर्यटन उद्योगलाई सेवा उद्योगको मान्यता
- विदेशी लगानी आकर्षणमा जोड
- होटल, ट्राभल, ट्रेकिङ, एयरलाइन्स आदिमा प्रतिस्पर्धा
- ग्रामीण तथा समुदाय आधारित पर्यटनको विकास

- पर्यावरणीय संरक्षण र दिगोपनलाई प्राथमिकता

२.७.२ पर्यटन नीति २०६५

पर्यटन नीति २०६५ नेपालको पर्यटन क्षेत्रलाई दिगो, समावेशी र शान्ति-समृद्धिसँग जोडिएको विकासको साधन बनाउने उद्देश्यले ल्याइएको हो। यो नीति विशेषतः द्वन्द पछिको पुनर्निर्माण र राष्ट्रिय पहिचानसँग सम्बन्धित छ। यसको मुख्य उद्देश्य र प्रमुख विशेषता निम्न थिए:

मुख्य उद्देश्यहरू

- पर्यटनलाई दिगो आर्थिक विकासको प्रमुख आधार बनाउने
- गरिबी निवारण र रोजगारी सिर्जनामा योगदान
- क्षेत्रीय सन्तुलन र समावेशी विकास
- नेपालको अन्तर्राष्ट्रिय छवि सुधार
- प्राकृतिक, सांस्कृतिक र जैविक विविधताको संरक्षण

प्रमुख नीतिगत विशेषताहरू

- दिगो पर्यटन (Sustainable Tourism) को अवधारणा
- समुदाय आधारित पर्यटनलाई विशेष प्राथमिकता
- ग्रामीण, घरेलु तथा आन्तरिक पर्यटन प्रवर्द्धन
- साहसिक, धार्मिक, सांस्कृतिक, इको-पर्यटनको विकास
- निजी, सहकारी र सामुदायिक क्षेत्रको साझेदारी
- पर्यटन क्षेत्रमा सुशासन र पारदर्शिता

२.७.३ नेपालको पर्यटन नीति २०८२

"पर्यटन नीति, २०८२" ले नेपालको प्राकृतिक, सांस्कृतिक र भौगोलिक विविधतालाई प्रयोग गरी देशलाई विश्वकै आकर्षक पर्यटन गन्तव्यको रूपमा स्थापित गर्ने दूरदृष्टि प्रस्तुत गरेको छ। यस नीतिले विगतका नीति तथा योजनाबाट सिक्दै संघीय शासन संरचना, नयाँ चुनौती र अवसर अनुरूप पर्यटन क्षेत्रलाई दिगो, सुरक्षित, समावेशी र वातावरणमैत्री ढङ्गले विकास गर्ने लक्ष्य लिएको छ। नेपालको पर्यटन उद्योगमा गुणस्तरीय पूर्वाधार, प्रविधिमैत्री सेवा, प्रचारप्रसारको अभाव, कानूनी तथा संस्थागत समन्वयको कमी, दक्ष जनशक्तिको अभाव जस्ता समस्या रहेका कारण यस नीतिले निजी, सरकारी तथा सामुदायिक तहबीचको सहकार्यलाई प्राथमिकता दिएको छ।

यस नीतिले "अद्वितीय पर्यटकीय गन्तव्य नेपाल" भन्ने दूरदृष्टि र "आकर्षक, जीवनपर्यन्त अनुभव दिलाउने, सुरक्षित तथा भरपर्दो गन्तव्य" भन्ने ध्येय अघि सारेको छ। यसले पर्यटन वस्तुको पहिचान, विकास र विविधीकरण, गुणस्तरीय पूर्वाधार निर्माण, वातावरणीय दिगोपन, शासन र नीति सुधार, रोजगारी सृजनाजस्ता पाँच प्रमुख उद्देश्य तय गरेको छ। नीतिअनुसार सम्भावित र विद्यमान पर्यटकीय गन्तव्यको अनुसन्धान र स्तरोन्नति, साहसिक, स्वास्थ्य, अध्यात्म, खेल, वैवाहिक, चलचित्र छायाङ्कन जस्ता नयाँ क्षेत्रको पर्यटन विकास, अन्तर्राष्ट्रिय सहकार्य, डिजिटल प्रवर्द्धन, र पर्यटन शिक्षाको विकासमा जोड दिइएको छ।

पर्यटन क्षेत्रलाई दिगो र जिम्मेवार बनाउन वातावरणमैत्री पूर्वाधार, हरित पर्यटन, जलवायु अनुकूलन योजना, र विपद् न्यूनीकरण कार्ययोजना लागू गरीने व्यवस्था गरीएको छ। साथै, स्थानीय समुदायको प्रत्यक्ष सहभागिता र लाभ सुनिश्चित गर्दै समन्यायिक वितरणमा जोड दिइएको छ। नीति कार्यान्वयनका लागि राष्ट्रिय पर्यटन परिषद् गठन, कानूनी र वित्तीय संयन्त्र विकास, अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढीकरण र अन्तरतह समन्वयलाई बलियो बनाउने
व्यवस्था गरीएको छ। यसरी, पर्यटन नीति २०८२ ले नेपाललाई प्रतिस्पर्धी, सुरक्षित र दिगो पर्यटन गन्तव्यका रूपमा रूपान्तरण गर्ने दीर्घकालीन मार्गचित्र प्रदान गरेको छ।

पर्यटन नीति २०८२ को उद्देश्य, प्राथमिकता क्षेत्र र प्रमुख विशेषता निम्न छनः-

मुख्य उद्देश्यहरू

- पर्यटकीय वस्तु तथा गन्तव्यको पहिचान, विकास र विविधीकरण
- दिगो र समावेशी पर्यटन विकास सुनिश्चित गर्नु
- शासकीय दक्षता तथा प्रशासनिक सुधार
- रोजगारी र स्वरोजगारी सिर्जना गरी आर्थिक विकासमा योगदान पुर्‍याउने

प्रामिकता क्षेत्र

- उच्च मूल्य/गुणस्तरीय पर्यटन (High-Value Tourism)
- हसिक तथा ईको टूरिज्म (Adventure & Eco-Tourism)
- धार्मिक तथा सांस्कृतिक पर्यटन
- स्वास्थ्य/वेलनेस-टूरिज्म
- घरेलु पर्यटन प्रवर्धन
- पर्यटन सीप/मानवशक्ति विकास

प्रमुख विशेषता

- नेपाललाई "अद्वितीय पर्यटकीय गन्तव्य" को रूपमा विकास
- दिगो, सुरक्षित र भरपर्दो पर्यटन संरचना
- निजी क्षेत्रसँग सहकार्य र लगानी प्रवर्द्धन
- डिजिटल प्रविधि र प्रवर्धन
- सन्तुलित तथा समावेशी पर्यटन वृद्धि
- कानुन, नीति तथा समन्वय सुधार

व्यवस्था गरीएको छ। यसरी, पर्यटन नीति २०८२ ले नेपाललाई प्रतिस्पर्धी, सुरक्षित र दिगो पर्यटन गन्तव्यका रूपमा रूपान्तरण गर्ने दीर्घकालीन मार्गचित्र प्रदान गरेको छ।

२.८ संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान २०७२ को धारा ५१ ले राज्यको नीति सम्वन्धमा व्यवस्था गरेको छ । संविधानको धारा ५१ को (ठ) ले पर्यटन सम्बन्धी नीतिको व्यवस्था गरेको छ । जस अनुसार नेपालका ऐतिहासिक सास्कृतिक धार्मिक पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचाहन संरक्षण प्रवर्धन एवम् प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने पर्यटन सस्कृतिको विकास गर्ने आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने उल्लेख छ ।

पर्यटन प्रवर्द्धन गर्न निर्माण गरिएका नीतिहरु कार्यान्वयन गर्न पर्यटन सम्बन्धि विभिन्न कानूनहरु निर्माण भएका छन । यी कानूनहरुमा पर्यटन ऐन २०३५, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, नेपाल नागरिक उड्डयन ऐन २०५३, नेपाल पर्यटन बोर्ड ऐन, २०५३ र यी ऐनका नियमावलीहरु प्रमुख छन् । नेपालको संविधान २०७२ लागु भए पछि नेपालको राज्य संरचना ३ तहको हुने स्थानीय तहहरु स्थानीय सरकारको रुपमा कार्य गर्दै आएका छन । स्थानीय सरकार सञ्चालन गर्न बनेको ऐन २०७४ ले पर्यटन सम्वन्धमा प्रदेश र स्थानीय तहको अधिकार सम्वन्धमा व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९(१) अनुसार प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्त्व, पुरातात्त्विक वस्तु कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसका लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको छ । यसरी घोषणा भएका सांस्कृतिक वा पर्यटकीय क्षेत्रको विकासका लागि प्रदेश सरकारले विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्ने छ। तर गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने छ। उक्त ऐन अनुसार स्थानीय तहले ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने वडाभित्र घरबास पर्यटन (होमस्टे) कार्यक्रम प्रवर्द्धन गर्ने सक्ने व्यवस्था छ । उक्त ऐनले पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा, संग्रहालयजस्ता सम्पदा उपयोगको प्रवेश शुल्क स्थानीय तहले निर्धारण गरी संकलन गर्ने अधिकार प्रदान गरेको छ।

२.९ पर्यटन आगामन प्रवृत्ती

पालमा सन् १९९३ देखि २०२४ सम्मको पर्यटन आगमनको प्रवृत्तिले निरन्तर उतारचढाव देखाउँछ। २००१-२००२ तिरको द्वन्द्वकाल र २०१५ को भूकम्पपछिका वर्षहरूमा आगन्तुक संख्या घटेको देखिन्छ। तर, २०१६ पछि पर्यटन क्षेत्रले तीव्र पुनरुत्थान पाएको छ। विशेषगरी २०१९ मा १२ लाख नजिक पर्यटक पुगेका थिए। कोभिड-१९ महामारीका कारण २०२०-२०२१ मा तीव्र गिरावट (८०% भन्दा बढी) भएतापनि २०२२ देखि पुनः वृद्धि भई २०२४ मा ११,४७,५४८ पर्यटक भित्रिएको तथ्याङ्क छ, जसले नेपालको पर्यटन पुनरुत्थानलाई मजबुत भएको संकेत गरेको छ।

तालिका १- नेपालमा पर्यटन आगमनको प्रवृति

क्र.स.	बर्ष	पर्यटक आगमन	प्रतिशत
१	१९९३	२९३५६७	
२	१९९४	३२६५३१	११.२
३	१९९५	३६३३९५	११.३
४	१९९६	३९३६१३	८.३
५	१९९७	४२१८५७	७.२
६	१९९८	४६३६८४	९.९
७	१९९९	४९१५०४	६
८	२०००	४६३६४६	-५.७
९	२००१	३६१२३७	-२२.१
१०	२००२	२७५४६८	-२३.७
११	२००३	३३८१३२	२२.७
१२	२००४	३८५२९७	१३.९
१३	२००५	३७५३९८	-२.६
१४	२००६	३८३९२६	२.३
१५	२००७	५२६७०५	३७.२
१६	२००८	५००२७७	-५
१७	२००९	५०९९५६	१.९
१८	२०१०	६०२८६७	१८.२
१९	२०११	७३६२१५	२२.१
२०	२०१२	८०३०९२	९.१
२१	२०१३	७९७६१६	-०.७
२२	२०१४	७९०११८	-०.९
२३	२०१५	५३८९७०	-३१
२४	२०१६	७५३००२	४०
२५	२०१७	९४०२१८	२५
२६	२०१८	११७३०७२	२५
२७	२०१९	११९७१९१	२
२८	२०२०	२३००८५	-८०.७
२९	२०२१	१५०९६२	-३४.३

क्र.स.	बर्ष	पर्यटक आगमन	प्रतिशत
३०	२०२२	६१४८६९	३०७.३
३१	२०२३	१०१४८८२	६५.०५
३२	२०२४	११४७५४८	१३.०७

स्रोत-राष्ट्रिय पर्यटन तथ्याङ्क २०२४

परिच्छेद – ३ भिमाद नगरपालिकाको वस्तुस्थिति

३.१ परिचय

भिमाद नगरपालिका नेपालको गण्डकी प्रदेशको तनहुँ जिल्लामा अवस्थित नगरपालिका हो। नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गते प्रकाशित राजपत्र बमोजिम भिमाद नगरपालिका विधिवत रुपमा स्थापना भएको हो। भिमाद नगरपालिकामा साविकका ४ वटा गा.वि.स. हरुको पूरै भूभाग र ४ वटा गा.वि.स.का केही भूभागहरु समावेश गरीएको हो। तत्कालीन भिमाद, अरुणोदय, किहुँ, भानुमतीको पुरै भाग र मझाकोटको वडा न ५ बहेक अरु सबै, गजरकोटको वडा न ९ र साभुङ भगवतीपुरको वडा नं. २ लगायतका गाविसहरू र वडाहरु गाभेर बनेको हो। नगर कार्यपालिकाको कार्यालय भिमाद बजारमा रहेको छ। २०२१ को जनगणना अनुसार यहाँको कुल जनसंख्या २९,२४८ रहेको छ, जसमा १३,३८४ पुरुष (४५.८%) र १५,८६४ महिला (५४.२%) रहेका छन्। यस नगरपालिकाको साक्षरता दर ७९.७४% (पुरुष ८८.१४% र महिला ७२.८३%) रहेको छ। भिमाद नगरपालिका गण्डकी प्रदेशको कुल भूभागको करिब ०.६८% र तनहुँ जिल्लाको करिब १२.३% भूभाग ओगटेको छ। मगर समुदायसहितका विविध जातीय समूहको सांस्कृतिक सम्पदा यहाँको पहिचान हो, जसले स्थानीय परम्परा र सांस्कृतिक धरोहरलाई जिवित राख्दै आएका छन्।

३.२ ऐतिहासिक पृष्ठभूमि

तनहुँ जिल्ला नेपाल एकीकरणपूर्व चौविसे राज्यहरूमध्ये एक शक्तिशाली राज्यका रूपमा परिचित थियो। वि.सं. १६१० देखि १८३९ सम्म करिब २३० वर्षसम्म यो क्षेत्र सेन वंशका ९ जना राजाहरू द्वारा शासित रह्यो। पाल्पाली राजा मणिमुकुन्द सेनका वंशजद्वारा शासित "तनहुँ राज्य" हालको तनहुँ र चितवन जिल्लासहित भारतको विहार राज्यको पश्चिम चम्पारणसम्म फैलिएको थियो। पछि रणबहादुर शाह र राजमाता राजेन्द्रलक्ष्मीको पालामा नेपाल एकीकरणको क्रममा तनहुँ राज्य गाभिएर नेपाल अधिराज्यमा समाहित भयो।


यसै ऐतिहासिक भूमिभित्र अवस्थित भिमाद नगर क्षेत्र सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक दृष्टिले विशेष महत्व बोकेको छ। भिमाद क्षेत्रमा मगर समुदायसहित विभिन्न जातीय समूहहरूको बसोबासले यसलाई सांस्कृतिक विविधताको केन्द्र बनाएको छ। यसलाई तनहुँ सेन राज्यसँग ऐतिहासिक सम्बन्ध बोकेको महत्वपूर्ण पुरातात्त्विक स्थलका रूपमा स्थापित गरेको छ।

३.३ भौतिक अवस्था

भिमाद नगरपालिका पहाड क्षेत्रमा रहेको नदिको किनारामा बस्ति विकास भएको पालिका हो। यस नगरपालिकाको अवस्थिति, धरातलीय स्वरूप, हावापानी, वनस्पति, वन्यजन्तु, माटो, प्रवाह प्रणाली साथै भू-उपयोगको स्थितिलाई भौतिक अवस्था अन्तर्गत समावेश गरी यहाँ व्याख्या गरीएको छ।

३.३.१ अवस्थिति

भिमाद नगरपालिका गण्डकी प्रदेशको तनहुँ जिल्लाको पश्चिम भागमा पर्दछ। यो नगरपालिका २७°००′४९" उत्तरी अक्षाँश देखि २८°००′२५" उत्तरी अक्षाँशसम्म र ८३°०५′८२.३७" पूर्वी देशान्तर देखी ८४°००′४९" पूर्वी देशान्तरसम्म फैलिएको छ। समुन्द्र सतहदेखि न्यूनतम ३४१ मिटर (टुटुवा) देखि अधिकतम १३४७.०३ मिटर (कोटबाराही) सम्मको उचाईमा अवस्थित छ। यस नगरपालिकाको सिधा मापन दूरी सरदर पूर्व पश्चिम लम्बाई १९.४७ कि.मि. र उत्तरदक्षिण चौडाई ११.९६ कि.मि. रहेको छ। यस नगरपालिकाको पूर्वमा ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका, पश्चिममा स्याङ्जा जिल्ला, उत्तरमा शुक्लागण्डकी नगरपालिका र दक्षिणमा घिरिङ रहेका छन्। नगरपालिकाको कुल क्षेत्रफल करिब १२९ वर्ग किलोमिटर छ र यसमा ९ वटा वडाहरू रहेका छन्।



चित्र ११- भौगोलिक अवस्थिति

३.३.२ धरातलीय स्थिति


उत्तरमा महाभारत पर्वत शृङ्खला, घना जङ्गल र दक्षिणमा भित्रि मधेशको (कालीगण्डकी) फाँटको समतल भागका उत्तरी पर्वतिय रहेको यस नगरपालिकाको धरातलीय स्थिति अध्ययन गर्दा निम्न किसिमको स्वरूपको विभाजन गर्न सकिन्छ।

तालिका २- भिमाद नगरपालिकाको धरातलीय स्थिति

क्र.सं.	उचाइ मि.	क्षेत्रफल (हेक्टर)	प्रतिशत (%)
१	३६०-५००	२,१९८.७५	१८.२१
२	५००-७५०	५,९९२.५२	४९.६२
३	७५०-१०००	३,७५६.३७	३१.०८
४	१००० -१३४७	५८९.७२	४.८९
जम्मा		१२,५३७.३६	१००

स्रोत- नापि विभाग, भौगोलिक नक्साङ्कन प्रविधि २०२५

भिमाद नगरपालिका करिब ३६० मिटरदेखि १३४७ मिटर माथिसम्मको उचाइ दायरामा फैलिएको छ, जसले यसलाई विविध भू-आकृतिक विशेषतासहितको नगरपालिका बनाएको छ।



चित्र १२- धरातलिय स्थिति

नगरपालिकाको करिब १८.२१ प्रतिशत (२,१९८.७५ हेक्टर) क्षेत्र ३६०-५०० मिटर दायरामा पर्छ, जहाँ मुख्यतः नदी किनार र उर्वर कृषि जमिनहरू रहेका छन्।

सबैभन्दा ठूलो हिस्सा भने ५००-७५० मिटर उचाइमा रहेको छ, जसले कुल क्षेत्रफलको ४९.६२ प्रतिशत (५,९९२.५२ हेक्टर) ओगटेको छ। यो क्षेत्र बस्ती, कृषि उत्पादन र सहरी पूर्वाधार विकासका लागि उपयुक्त मानिन्छ। यसैगरी ७५०-१००० मिटर दायरामा ३१.०८ प्रतिशत (३,७५६.३७ हेक्टर) भू-भाग रहेको छ, जहाँ डाँडाकाँडा, वन क्षेत्र र ग्रामीण बस्तीहरू प्रचुर मात्रामा पाइन्छन्। १००० मिटर भन्दा माथि भने ४.८९ प्रतिशत (५८९.७२ हेक्टर) मात्र भू-भाग छ, जुन तुलनात्मक रूपमा उच्च भू-भाग हो र प्राकृतिक वन तथा चरनभूमिले ढाकेको छ। समग्रमा भिमाद नगरपालिका मुख्यतः मध्यम उचाइ (५००-७५० मि.) मा केन्द्रित भएकाले कृषि र बस्ती विस्तारका लागि अनुकूल भू-आकृति उपलब्ध छ भने उच्च भागहरू प्राकृतिक स्रोत संरक्षण र जैविक विविधताका लागि महत्त्वपूर्ण मानिन्छन्।

३.३.३ हावापानी

भिमाद नगरपालिकाको हावापानी यसको भू-आकृति र उचाइ दायरासँग प्रत्यक्ष सम्बन्धित छ। करिब ३६० मिटरदेखि १३४० मिटर माथिसम्म फैलिएको यस नगरपालिकामा प्रायः उप-उष्णकटिबन्धीय देखि समशीतोष्ण जलवायु पाइन्छ। न्यून उचाइ (३६०-५०० मि.) क्षेत्रमा गर्मी मौसममा तापक्रम उच्च हुने र जाडोमा तुलनात्मक रूपमा न्यानो हुने गर्दछ। यस क्षेत्रमा वर्षा पनि बढी हुने भएकाले धान, मकै, गहुँ जस्ता अन्नबाली उत्पादनका लागि अनुकूल मानिन्छ।

मध्यम उचाइ (५००-७५० मि.) क्षेत्र भिमादको सबैभन्दा ठूलो भू-भाग हो, जहाँ मौसम मध्यम छ, गर्मी धेरै तात्दैन र जाडो धेरै चिसो हुँदैन। यस किसिमको हावापानी तरकारी, फलफूल तथा नगदेबाली उत्पादनका लागि उपयुक्त हुन्छ। ७५०-१००० मिटर क्षेत्रमा भने मौसम अझै चिसो हुँदै जान्छ र समशीतोष्ण जलवायुको प्रभाव देखिन्छ। यो क्षेत्रमा सुन्तला, लप्सी, काफल, गुराँस लगायतका बोटबिरुवा फस्टाउँछन्। १०००-१३४७ मिटर सम्मका भागहरूमा चिसो मौसम हावी हुन्छ, बस्ती कम र वन क्षेत्र धेरै पाइन्छ। यस किसिमको हावापानीले जैविक विविधता संरक्षण र औषधिजन्य वनस्पति विकासलाई अनुकूलता प्रदान गर्दछ। समग्रमा भिमाद नगरपालिकाको हावापानी मध्यम, सुहावना र कृषि उत्पादनमैत्री छ, जसले यहाँको जीविकोपार्जनलाई सहज बनाएको छ।


३.३.४ प्राकृतिक वनस्पति तथा वन्यजन्तु

धरातल, माटो, हावापानीको अवस्थामा प्राकृतिक वनस्पति निर्भर हुन्छ। कुनै पनि स्थानको तापक्रम वर्षा र माटोको अवस्था पनि धरातलको स्वरूप र उचाई अनुसार फरक फरक हुँदै जाने हुनाले त्यहाँको प्राकृतिक वनस्पति पनि मुख्य गरी धरातलको स्वरूप र उचाइमा भर परेको हुन्छ। भिमाद नगरपालिका करिब ३६० मिटरदेखि १३४७ मिटर माथिसम्मको उचाइ दायरामा फैलिएको हुँदा यहाँको भू-आकृति र जलवायुका आधारमा विभिन्न किसिमका वनस्पति पाइन्छन्। न्यून उचाइ (३६०-५०० मि.) क्षेत्रमा साल, सिसौ, खयर, बेल, पीपल, बर जस्ता उप-उष्णकटिबन्धीय प्रजातिहरू प्रमुख छन्, जसले नदी किनार

र तलतलैयामा हरियो वातावरण बनाउँछन्। मध्यम उचाइ (५००-७५० मि.) क्षेत्रमा साल-सखुवा मिश्रित वन, टिमुर, अम्बा, लिची, आँप, कटहर जस्ता फलफूल र तरकारीका बालीहरू राम्रोसँग उत्पादन हुन्छन्, जसले यस क्षेत्रमा बस्ती र कृषि विकासलाई सघाएको छ। ७५०-१००० मि. उचाइमा चिलाउने, खोटे सल्ला, काफल, गुराँस, लप्सी र टुटेको जस्ता समशीतोष्ण प्रजाति पाइन्छन्। यो क्षेत्रमा वन क्षेत्र र चरनभूमि धेरै छन् र जडीबुटी तथा फलफूल खेतीका लागि उपयुक्त मानिन्छ। १००० - १३४७ मिटर सम्म भने सल्ला, गुराँस, दालचिनी, चौरीपाती घाँस र अन्य औषधिजन्य वनस्पतिहरू देखिन्छन्, जहाँ बस्ती कम र प्राकृतिक जैविक विविधता बढी छ। यसरी, भिमाद नगरपालिकामा उप-उष्णकटिबन्धीयदेखि समशीतोष्ण क्षेत्रसम्मका संक्रमण भू-आकृति भएकाले यहाँका बोटबिरुवा विविध र बहुउपयोगी प्रकृतिका छन्, जसले कृषि, वन उपयोग र जैविक विविधताको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।

३.३.५ नदीनाला तथा ताल

नेपालमा भौगोलिक बनावट अनुसार उत्तरतर्फका हिमश्रृङ्खला, महाभारत र चुरे पर्वतहरूले हिन्द महासागरबाट आउने न्यानो र जलवाष्पयुक्त हावालाई रोकेर वर्षा गराउँछन्, जसका कारण भिमाद नगरपालिकामा धेरै नदी-खोला बगिरहेका छन्। यी खोलाहरू प्रायः महाभारत शृङ्खलाका अस्थायी मूल र वर्षामुखी स्रोतबाट उत्पत्ति भई दक्षिणतर्फका समतल क्षेत्रमा मिसिएका छन् तथा सिंचाइका लागि प्रयोग भइरहेका छन्।



चित्र १३ नगरपालिकाको जलाधारको नक्शा

भिमाद नगरपालिकाको जलस्रोत मध्य सेती नदी प्रमुख हो, जसले नगरपालिकाको जलस्रोत र वातावरणीय सन्तुलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यस बाहेक जिद्दि खोला, पिरुङ खोला, वाण्टाङ खोला, बुडुवा खोला, क्याङ्दी लगायतका खोलाहरू स्थानीय स्तरमा महत्वपूर्ण छन्, जसले कृषि प्रयोजनमा

पानी पुऱ्याउने मात्र नभई बस्तीको दैनिकीलाई सहज बनाएका छन्। यी खोलाहरू प्रायः मनसुनी वर्षामा प्रशस्त पानीयुक्त हुन्छन् भने हिउँदमा जलस्रोत कमी हुने प्रवृत्ति देखिन्छ। समग्रमा भिमाद नगरपालिकाको जलस्रोत प्रणाली मुख्यतः महाभारत शृङ्खलामा उत्पन्न नदी-खोला र झरनाहरूमा आधारित छ, जसले नगरपालिकाको कृषि, घरेलु प्रयोजन, धार्मिक-सांस्कृतिक महत्त्व तथा वातावरणीय सन्तुलनलाई निरन्तरता दिएको छ।

३.३.६ भू-उपयोग


भिमाद नगरपालिकामा भू-उपयोगको विविधता रहेको छ। प्रायः समतल क्षेत्रमा बस्ती तथा कृषि गरीन्छ भने पहाडी, भिरालो भागमा केही खण्ड कृषि तथा वन जङ्गलको विकास भएको छ। उचाइ बढ्दै गए अनुसार भूमिको कम उपयोग भएको छ।

तालिका ३- भिमाद नगरपालिकाको भू-उपयोग स्थिति २०८२

क्र.सं.	जमिनको प्रकार	क्षेत्रफल (हेक्टर)	प्रतिशत
१	कृषि	७२०९.५८	५५.५
२	वन	४९७७.९०	३८.३
३	नदी तथा तालतलैया	२८४.३६	२.२
४	आवासीय क्षेत्र	२७९.५१	२.२
५	सार्वजनिक प्रयोग	२१८.००	१.७
६	व्यवसायिक प्रयोजन	१५.९६	०.१
७	साँस्कृतिक तथा पुरातात्विक	२.२४	०.०२
	जम्मा	१२,९८७.५५	१००

स्रोत- नापि विभाग, भौगोलिक नक्साङ्कन प्रविधि २०२५

भिमाद नगरपालिकाको कुल १२,९८७.५५ हेक्टर भू-भागमध्ये सबैभन्दा ठूलो हिस्सा ७,२०९.५८ हेक्टर (५५.५%) कृषि प्रयोजनमा प्रयोग भएको छ, जसले यस क्षेत्रको कृषिमा आधारित जीवनशैलीलाई झल्काउँछ।



चित्र १४ नगरपालिकाको भू-उपयोगको नक्शा

वन क्षेत्र ४,९७७.९० हेक्टर (३८.३%) ओगटेर महत्वपूर्ण प्राकृतिक स्रोतको रूपमा रहेको छ। नदी तथा तालतलैया २८४.३६ हेक्टर (२.२%), आवासीय क्षेत्र २७९.५१ हेक्टर (२.२%), र सार्वजनिक प्रयोगका लागि २१८.०० हेक्टर (१.७%) भूमि रहेको छ। त्यस्तै, व्यवसायिक प्रयोजनका लागि १५.९६ हेक्टर (०.१%) र सांस्कृतिक तथा पुरातात्विक प्रयोजनका लागि २.२४ हेक्टर (०.०२%) मात्र भूमि विनियोजन गरीएको छ। यसले भिमादको भू-उपयोग संरचनामा कृषि र वन क्षेत्रको उच्च प्रभुत्व देखाउँछ भने अन्य प्रयोजनका क्षेत्र न्यून मात्रामा रहेका छन्।

३.४ सामाजिक अवस्था

नेपाल विभिन्न जात जाति, जनजातिहरूको सम्मिश्रण स्थल हो। तसर्थ यहाँ बसोबास गर्ने जाति, जनजातीहरुका विभिन्न भाषा, भेषभूषा, रहन सहन, चाडपर्व रहेका छन। आफ्नै किसिमका संस्कृति छन। तसर्थ भिमाद नगरपालिकाको सामाजिक अवस्थालाई निम्नानुसार व्याख्या गरीएको छ ।

३.४.१ जनसाङ्ख्यिकिय अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार भिमाद नगरपालिकामा कूल ७९७० घर परिवारमा २९२४८ जनाको बसोबास रहेको छ। कूल जनसंख्यामा १५८६४ जना महिला छन् भने १३३८४ जना पुरुष रहेका छन्। नगरपालिकाको लैङ्गिक अनुपात ८४.३७ पुरुष प्रति १०० महिला रहेकोमा

जनघनत्व २२७ रहेको छ। यस नगरपालिकाको वडागत जनसंख्याको विवरण तलको तालिकामा दिइएको छ।

तालिका ४-भिमाद नगरपालिकाको जनसाङख्यिक स्थिति

वडा नं.	पुरुष	महिला	जम्मा	प्रतिशत	कैफियत
१	१७२३	२१३६	३८५९	१३.१९	
२	१८०६	२१६८	३९७४	१३.५९	
३	७४६	८८३	१६२९	५.५७	
४	१००३	११३७	२१४०	७.३२	
५	१६०६	१८३८	३४४४	११.७८	
६	३२७६	३९७७	७२५३	२४.८०	
७	१११२	१२३९	२३५१	८.०४	
८	११३६	१३६२	२४९८	८.५४	
९	९७६	११२४	२१००	७.१८	
जम्मा	१३३८४	१५८६४	२९२४८	१००	

स्रोत- राष्ट्रिय जनगणना तथ्याङ्क २०७८

यस नगरपालिकामा जात जातिको हिसाबले मगर, ब्राह्मण-पहाड, विश्वकर्मा, मिजार आदिको बसोबास रहेको देखिन्छ। कुल जनसंख्या मध्ये ४०.७१% मगर, १३% ब्राह्मण-पहाड, ८% विश्वकर्मा , ७.२% मिजार, ६.७७% नेवार तथा बाँकी अन्य जात जाति रहेको छ। थप विवरण तलको तालिकामा उल्लेख गरीएको छ।

तालिका ५- नगरपालिकामा बसोबास गर्ने जात जातिहरूको जनसङख्या

क.स.	जातजाति	जम्मा	पुरुष	महिला	प्रतिशत	कैफियत
१	मगर	११९०८	५३९३	६५१५	४०.७१	
२	ब्राह्मण - पहाड	३७९९	१८१३	१९८६	१२.९९	
३	विश्वकर्मा	२३३८	१०३५	१३०३	७.९९	
४	मिजार	२०९८	९३९	११८४	७.१७	
५	नेवाः (नेवार)	१९७९	९१४	१०४०	६.७७	
६	परियार	१६४२	७४८	८९४	५.६१	
७	ठकुरी	१४७०	६६९	८०१	५.०३	
८	कुमाल	९५३	४३४	५२२	३.२६	
९	गुरुङ	८२०	३६२	४५८	२.८०	
१०	क्षेत्री	६८४	२९९	३८५	२.३४	
	अन्य	१५५७	७५२	८०५	५.३२	

स्रोत- राष्ट्रिय जनगणना तथ्याङ्क २०७८

यस नगरपालिकामा प्रमुख गरेर नेपाली र मगर भाषा बोल्ने गरेको देखिन्छ। उपरोक्त मातृभाषाहरु मध्ये सबैभन्दा बढी नेपाली (५६.७ प्रतिशत) र दोश्रोमा मगर भाषा वोल्नेको अनुपात ३२ प्रतिशत रहेको छ।

तालिका ६-भिमाद नगरपालिकामा बोलिने मातृभाषा

क्र.स.	मातृभाषा	जम्मा	पुरुष	महिला	कैफियत
१	नेपाली	१६५७०	७५६२	९००८	
२	मगर ढुट	९३४५	४२२७	५११८	
३	नेपालभाषा (नेवारी)	१३४५	६५०	६९५	
४	खस	७०५	३२५	३७७	
५	गुरुङ	५४५	२३६	३०९	
६	कुमाल	२०१	९८	१०३	
७	अन्य	५३७	२८६	२५४	
	जम्मा	२९२४८	१३३८४	१५८६४	

स्रोत- राष्ट्रिय जनगणना तथ्याङ्क २०७८

३.४.२ शैक्षिक स्थिति

भिमाद नगरपालिका शैक्षिक दृष्टिले अगाडि नै छ। विभिन्न क्षेत्रहरूमा प्राथमिक, माध्यमिक, क्याम्पस तहका शैक्षिक संस्थाहरू रहेका छन।

तालिका ७ नगरपालिकाम अवस्थित शैक्षिक संस्थाहरु

वडा	जम्मा विद्यालय	सञ्चालित कक्षा अनुसारको संख्या					
		आधारभूत कक्षा १-३	आधारभूत कक्षा १-५	आधारभूत कक्षा १-८	माध्यमिक कक्षा १-१०	माध्यमिक कक्षा १-१२	माध्यमिक कक्षा ६-१२
१	१०	१	५	१	२		१
२	८	२	३		३		
३	३		२		१		
४	४		१	२	१		
५	६		४		२		
६	९		३	१	३	२	
७	२	२					
८	७	१	२	२		२	
९	३	१	१			१	
जम्मा	५२	७	२१	६	१२	५	१

स्रोत- भिमाद नगरपालिका शिक्षा शाखा २०८०

भिमाद नगरपालिकाको साक्षरता दर ७९.७ प्रतिशत रहेको छ। यसमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६१.७ प्रतिशत रहेको छ। यसरी तुलनात्मक रुपमा हेर्दा महिलाहरुको साक्षरता दर पुरुषको भन्दा कम रहेको छ। यस नगरपालिकामा पाँच वर्षभन्दा माथिको विभिन्न तहमा अध्ययन गर्ने र तह पास गरेका विद्यार्थीहरूका विवरणलाई तल तालिकामा देखाइएको छ।

तालिका ८ नगरपालिकाम विभिन्न तहमा अध्ययन गर्ने र तह पास गरेका जनसङ्ख्या

क्र.सं.	शैक्षिक तह	जनसंख्या	कैफियत
१	पूर्व बालबिकास	७३७	
२	प्राथमिक तह	६३१०	
३	निम्न माध्यमिक तह	५०२७	
४	उच्च माध्यमिक तह	३५२५	

क्र.सं.	शैक्षिक तह	जनसंख्या	कैफियत
५	एसएलसी	२४३५	
६	प्रविणता	२३६२	
७	स्नातक तह	४२१	
८	स्नाकोत्तर वा सोभन्दा बढी	२०६	
९	अन्य	११	
	जम्मा	२१०३४	

स्रोत- भिमाद नगरपालिका शिक्षा शाखा २०८०

३.४.३ बस्ति

भिमाद नगरपालिकामा प्रायः ग्रामीण वस्तीहरू रहेका छन। यी वस्तीहरू राजमार्ग र कतिपय सडकहरूको ठाउँमा रेखाकार रूपमा रहेका छन भने शहरी भाग र ग्रामीण क्षेत्रमा पनि केही एकत्रित बस्तीको रूपमा रहेको पाइन्छ। विशेष गरी नगरपालिकाको शहरी क्षेत्र केन्द्र रहेको भिमाद बजारमा सघन बस्ती बसेको छ। अन्य क्षेत्रमा छरिएको रूपमा बस्ती रहेको छ। शहरी क्षेत्रमा कङ्क्रिट ढलान गरीएका घरहरुको वहुलता भएका वस्तीहरू छन भने ग्रामीण क्षेत्रमा बढी मात्रामा सिमेन्टको प्रयोग गरीएक घरहरू छन, कतिपय क्षेत्रमा माटो, इट्टा, ढुङ्गाको प्रयोग गरी घर बनाइएका छन। छानाको रूपमा धेरै जसो जस्तापाता प्रयोग गरीएको छ।



चित्र १५ भिमाद बजार



चित्र १६ ग्रामीण रघु बस्ति

३.४.४ बसाइसराई

भिमाद नगरपालिकामा पहाडी मूलका विविध प्रकारका बासिन्दाहरुको बसोबास रहेको छ। कतिपय पहाडी मूलका बासिन्दाहरू तथा आदिवासी जनजातिहरु यहाँका पहिले देखिका बासिन्दाहरू हुन भने अन्य केही नजिकैको स्थानीय तहबाट बसाँइ-सराई आई बसोबास गरेको पनि पाइन्छ।

३.५ सांस्कृतिक स्थिति

भिमाद नगरपालिकामा विभिन्न जातजातिका मानिसहरूको मिश्रित बसोबास रहेको छ। तसर्थ उनिहरुको आ-आफ्नै प्रकारका सांस्कृतिक पहिचान रहेका छन। यहाँ विभिन्न भाषा बोल्ने मानिसहरू रहेका छन्। सबैभन्दा बढी नेपाली भाषा नै बोलिन्छ भने अन्य भाषाहरूमा मगर, नेवारी, आदि । आजभोलि यी मातृभाषा कमै मात्रामा बोलिन्छन यद्यपि ति भाषाको जगेर्ना गर्नु र स्थानीय संस्कृतिको भण्डार भर्नु आवश्यक देखिएको छ। प्रायः बालबालिकाहरु नेपाली भाषा नै प्रयोग गर्न थालेको पाइन्छ। भेषभूषामा रूपमा मगर, लगायतका जनजातिहरू आफ्नो जात अनुसारको पोशाक लगाउँछन भने ब्राह्मण क्षेत्री लगायत प्रायः जातिहरू सर्ट, पेन्ट, कोट, सारी, चोलो, ब्लाउज, कुर्ता, सलवार आदि नै लगाउँछन। चाडपर्वको रूपमा आ-आफ्ना मौलिक चाड पर्वको साथै दशै, तिहार, माघी पर्व, जनै पूर्णिमा, फागु पूर्णिमा, चैते दशै, हरिबोधनी एकादशी, पुस पन्ध्र, नयाँ वर्ष आदि मनाउछन।

३.६ आर्थिक स्थिति

भिमाद नगरपालिका पछिल्लो संघीय पुनःसंरचनाबाट नगरपालिका घोषित भएको हो, जुन नेपालका मध्यपहाडी क्षेत्रमा अवस्थित छ। ग्रामीण क्षेत्रका अधिकांश बासिन्दा परम्परागत रूपमा खेतीपातीमा संलग्न छन्। सहरी क्षेत्रमा व्यापारलाई मुख्य व्यवसायका रूपमा लिने गरीएको छ भने डेरी उद्योगजस्ता घरेलु साना उद्योगहरू पनि सञ्चालनमा छन्।

तालिका ९ नगरपालिकाम विभिन्न आर्थिक क्रियाकलापमा सङ्लग्न जनसङ्ख्या

क्र.सं.	विवरण	संख्या	प्रतिशत	कैफियत
१	उद्यमी	३७	०.१२	
२	कृषि	८९७४	२९.३५	
३	व्यापार	१०९७	३.५९	
४	गृहिणी	५२६५	१७.२२	
५	बेरोजगार	२१०२	६.८७	
६	राजनीति सदस्य	५२	०.१७	
७	स्वःरोजगार	३४६	१.१३	
८	शिक्षक	४५२	१.४८	
९	ज्याला मजदुर	५६८	१.८६	
१०	गैर सहकारी नोकरी	६४१	२.१	
११	यातायात मजदुर	३४६	१.१३	
१२	औद्योगिक मजदुर	३७	०.१२	
१३	वैदेशिक रोजगारी	४१९६	१३.७२	
१४	विद्यार्थी	६०२२	१९.६९	
१५	सरकारी नोकरी	४४२	१.४५	

स्रोत- भिमाद नगर प्रोफाइल २०८०

भिमाद नगरपालिकाको पेशागत संरचना हेर्दा कृषि नै प्रमुख आधार भएको देखिन्छ, जसमा करिब २९ प्रतिशत जनसंख्या संलग्न छ। त्यस्तै, विद्यार्थी (१९.६%) र गृहिणी (१७.२३%) ठूलो अनुपातमा रहेका छन्, जसले नगरपालिकामा आश्रित जनसंख्या उल्लेखनीय रहेको सङ्केत गर्दछ। वैदेशिक रोजगारी पनि करिब १३.७२ प्रतिशत पुगेको छ, जसले यहाँको अर्थतन्त्रमा विदेश निर्भरता ठूलो रहेको देखाउँछ। व्यापार, ज्याला मजदुरी, गैर-सहकारी नोकरी, शिक्षक, सरकारी नोकरी जस्ता क्षेत्रहरूमा सीमित अनुपात मात्र सक्रिय छन् भने उद्यमशीलता, औद्योगिक मजदुरी र राजनीतिक संलग्नता न्यून देखिन्छ। समग्रमा भिमाद नगरपालिकाको रोजगारी संरचना कृषि-आधारित र वैदेशिक रोजगारीमा निर्भर छ भने स्वरोजगार र उद्यमशीलताको विस्तार आवश्यक देखिन्छ।

३.७ पूर्वाधारको स्थिति

भिमाद नगरपालिकामा आधारभूत पूर्वाधारहरूको विस्तार भए पनि अझै पनि केही क्षेत्रमा सुधारको आवश्यकता छ।

३.७.१ सडक तथा यातायात

भिमाद नगरपालिकाका पृथ्वी राजमार्गको (**रा.रा-१७**) खैरेनिटार बाट करिब ८ कि.मि. दक्षिणमा पर्दछ। नगरपालिकालाइ खैरेनिटार-भिमाद-कावासोति (**रा.रा-४५**) सडकले पृथ्वी राजमार्गसँग तथा दक्षिणमा कालिगण्डकी फाँटका बस्ती तथा स्थानीय तहहरु जोड्दै नवलपरासी बुलिङटारमा मदन भण्डारी

राजमार्ग (**रा.रा-०९**) सँग र नवलपरासी कावासोतिमा पूर्व पश्चिम राजमार्ग (**रा.रा-०१**) सँग प्रत्यक्ष जोडेको छ।

यसैगरी भिमाद-रामपुर-मित्याल-अरुण खोला राजमार्ग (**रा.रा-६८**) ले भिमाद बजारबाट अरुणोदय हुँदै दक्षिण पश्चिम तिर स्याङ्जा चापाँकोट बजार र पाल्पा रामपुर बजारलाइ प्रत्यक्ष रुपमा जोडेको छ। त्यसैगरी मिर्दि-चित्रे भन्ज्याङ-भिमाद सहायक राजमार्ग (**स.रा-१८६**) सडकले पनि पालिकाको रातेपहरा हुदै स्याङ्जाको हरिनास नगरपालिकालाई जोडेको छ।

यसरी पालिकामा रणनैतिक सडक सञ्जाल राम्रोसँग विस्तार भएको छ, जसले नगरपालिकाका शहरी तथा ग्रामीण जनजिवनलाई सहज बनाउनुका साथै पर्यटन गन्तव्यसँगको पहुँच विस्तार भएको पाइन्छ।

३.७.२ ऊर्जा पहुँच तथा इन्धनको प्रयोग

विजुलीको पहुँच उल्लेखनीय रूपमा सुधारिएको छ। करिब ९८.७% घरधुरी (७,८६४)मा बिजुलीको पहुँच छ भने सौर्य ऊर्जा ६१ घरधुरीले प्रयोग गर्छन्। मट्टितेल र अन्य स्रोत प्रयोग नगण्य अवस्थामा छन्।

नगरपालिकामा अझै पनि काठ-दाउराको निर्भरता उच्च छ (४,५९३ घरधुरी, ५७.६%)। तर, एलपी ग्याँस प्रयोग गर्ने घरधुरी ३,२५८ (४०.९%) पुगेका छन्। थोरै घरधुरीले बिजुली (०.२%), बायोग्यास (०.५%) प्रयोग गर्छन्।

३.७.३ खानेपानी सुविधा

भिमाद नगरपालिकामा कुल ७,९७० घरधुरीमध्ये अधिकांशले आधारभूत सुविधा प्राप्त गरेका छन्। खानेपानीतर्फ, करिब ८९% घरधुरी (५,२०६ घर)ले आफ्नो घरपरिसरमै धारा/पाइपमार्फत पानी पाउँछन् भने २४% घरधुरी (१,९२९ घर)ले बाहिरी धारा प्रयोग गर्छन्। करिब ५%ले सफापानी र ३७ घरधुरीले जार/बोतलमार्फत खानेपानी लिने गरेका छन्।

३.७.४ शौचालय सुविधा

कुल घरधुरीमध्ये ५,५७७ (७०%) मा सेप्टिक ट्याङ्कसहितको फ्लस शौचालय, २,१२८ (२७%) मा पिट ट्याइलेट, २०१ (२.५%) मा सार्वजनिक ढलसँग जोडिएको फ्लस शौचालय छ भने शौचालयविहीन घरधुरी जम्मा ४० (०.५%) मात्र छन्।

३.७.५ सञ्चार तथा प्रविधि

प्रविधिको पहुँच राम्रोसँग विस्तार भएको छ। ७,७६८ घरधुरी (९७.४%) कम्तिमा एउटा सम्पत्ति/सुविधा भएको देखिन्छ। मोबाइल फोन सबैभन्दा व्यापक छ ‘ साधारण मोबाइल ५,४७८ घरधुरीमा र स्मार्टफोन ६,४७० घरधुरीमा प्रयोगमा छन्। टेलिभिजन ४,१२२ घरधुरीमा, इन्टरनेट ४,६०८ घरधुरीमा, कम्प्युटर/ल्यापटप ८४१ घरधुरीमा, मोटरसाइकल/स्कुटर ३,४२६ घरधुरीमा र

कार/जिप १,८०७ घरधुरीमा रहेका छन्। फ्रिज २,११७ घरधुरीमा र वासिङ मेसिन ९५ घरधुरीमा छ भने एसी (Air Conditioner) १० घरधुरीमा मात्र प्रयोग भएको देखिन्छ।

३.७.६ स्वास्थ्य चौकी

भिमाद नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र एक, स्वास्थ्य चौकी चार, आधारभुत स्वास्थ्य केन्द्र चार, सामुदायिक स्वास्थ्य इकाइ तिन र एक आयुर्वेद स्वास्थ्य सेवा केन्द्र मार्फत आधारभूत स्वास्थ्य सेवा उपलब्ध छ। यी संस्थाहरू नगरपालिकाका विभिन्न वडामा फैलिएका छन्, जसले स्थानीय बासिन्दा तथा भिमाद भ्रमणमा आउने पर्यटकलाई सामान्य स्वास्थ्य उपचार, प्राथमिक उपचार, औषधि सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा र खोप कार्यक्रम प्रदान गर्दछ। गम्भीर तथा विशेषज्ञ उपचार आवश्यक परेमा बिरामीलाई दमौली वा पोखरास्थित उच्चस्तरीय अस्पतालमा रेफरल गरिन्छ। यस संरचनाले भिमाद नगरपालिकालाई हाल आधारभूत-पर्यटकमैत्री बनाएको पाइन्छ ।

३.७.७ प्रहरी चौकी

भिमाद नगरपालिकामा पर्यटन गतिविधिलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि शान्ति तथा सुरक्षा सेवाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। नगर क्षेत्रमा रहेको एक इलाका प्रहरी कार्यालय भिमादमा क्रियाशील रहेको छ, जसले धार्मिक, प्राकृतिक तथा ग्रामीण पर्यटन स्थलहरूमा पर्यटकको आवतजावतका क्रममा शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा आपतकालीन अवस्थाको तत्काल व्यवस्थापन गर्दछ। यसका साथै नगरपालिकाभित्र वडा नं-१ डुम्रेवेसी र किहुमा रहेका दुइ वटा प्रहरी चौकीले स्थानीय पर्यटन स्थल, पैदल मार्ग तथा बस्ती क्षेत्रको नियमित निगरानी गर्दै पर्यटकलाई सुरक्षित वातावरण प्रदान गरिरहेका छन्। पर्यटन सम्बन्धी विशेष घटना, ठूलो मेला-पर्व तथा भीड व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय, तनहुँ (दमौली) सँग समन्वय गरी अतिरिक्त सुरक्षा जनशक्ति र प्राविधिक सहयोग प्राप्त गरिन्छ। यस्तै, विपद् जोखिम, नदी कटान, पहिरो तथा संवेदनशील अवस्थामा सशस्त्र प्रहरी बल (APF) लाई जिल्ला तहबाट परिचालन गरी पर्यटक उद्धार, खोज तथा सुरक्षा कार्य सम्पन्न गरिन्छ। नगर क्षेत्र हुँदै जाने मुख्य सडक तथा पर्यटन पहुँच मार्गहरूमा ट्राफिक प्रहरी युनिट ले यातायात व्यवस्थापन, दुर्घटना न्यूनीकरण तथा पर्यटक सवारी साधनको सुरक्षित आवागमन सुनिश्चित गर्दछ। साथै, पर्यटनमैत्री सुरक्षा वातावरण विकास गर्न सामुदायिक प्रहरी साझेदारी समिति मार्फत स्थानीय समुदायलाई पर्यटन सुरक्षा, पाहुना सत्कार र अपराध रोकथामसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिँदै आएको छ।

यसरी उपलब्ध प्रहरी तथा सुरक्षा सेवाले भिमाद नगरपालिकाको पर्यटन क्षेत्रलाई हाल आधारभूत-पर्यटन सहयोगी सुरक्षा अवस्था मा पुऱ्याएको देखिन्छ। आगामी दिनमा पर्यटक सूचना केन्द्रसँग प्रत्यक्ष समन्वय, आपतकालीन हेल्पडेस्क, पर्यटक लक्षित गस्ती तथा विपद्-उद्धार क्षमता विस्तार गर्न सकेमा भिमाद नगरपालिकाको पर्यटन सुरक्षाको स्तर थप उन्नत हुँदै जाने अपेक्षा गर्न सकिन्छ।

परिच्छेद – ४ नगरपालिकाको पर्यटनको अवस्था र सम्भावनाहरु

४.१ पर्यटकीय दृष्टिमा भिमाद नगरपालिका

भिमाद नगरपालिकामा पर्यटनको गतिविधि संघीय संरचना अनुरुप स्थानीय सरकारमा रुपान्तरण भएपछि सुरु भएको मानिन्छ, जब यो क्षेत्र आफ्नो मनमोहक प्राकृतिक दृश्यावली र परम्परागत संस्कृतिका कारण परिचित हुन थालेको थियो। अन्तर्राष्ट्रिय पर्यटकहरूका लागि अपरिचित भएतापनि, पोखरा जस्ता प्रमुख पर्यटन केन्द्रहरूसँगको नजिक तथा विभिन्न धार्मिक र सांस्कृतिक स्थलहरूले यसलाई आन्तरिक पर्यटकहरूको लागि आकर्षक गन्तव्य बनाएको मानिन्छ। परम्परागत ग्रामीण बस्तीमा आधारित सांस्कृतिक होम स्टेको आकर्षणहरूले विशेषगरी वातावरणीय पर्यटन, साहसिक पर्यटन, र सांस्कृतिक अनुभव खोज्नेहरूलाई आकर्षित गर्न थालेको पाइन्छ।

सन् २०१० को दशकमा भिमादले पर्यटन पूर्वाधार सुधार गर्न सचेत प्रयासहरू भएको पाइन्छ। स्थानीय सरकार र सामुदायिक संस्थाहरूले वातावरण संरक्षण गर्दै पर्यटकलाई अनौठा अनुभव दिने उद्देश्यले दिगो पर्यटन अभ्यासहरू अपनाउने प्रयास गरेको छ। यस अवधिमा सडक र पदमार्ग विकास, कृषि-पर्यटन प्रवर्द्धन, तथा होमस्टे स्थापना जस्ता गतिविधिहरू सञ्चालन गरीयो, जसले पर्यटकलाई स्थानीय जीवनशैलीको अनुभव दिने अवसर प्रदान गऱ्यो। ग्रामीण कृषि जीवनशैलीमा चासो राख्ने पर्यटकका लागि कृषि-पर्यटन विशेष आकर्षण बनेको थियो।

स्थानीय सरकारको रुपमा रुपान्तरण भएपछि भिमाद नगरपालिकाले पर्यटन प्रवर्द्धनका क्षेत्रमा उल्लेख्य पहलहरू गरेको छ। नगरपालिकाले प्रमुख पर्यटन स्थलसम्म पुग्ने सडक, पदमार्ग र आधारभूत पूर्वाधार सुधार गरी पहुँच सहज बनाएको छ। धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि मन्दिर, गुफा र अन्य आस्था स्थलहरूको सरसफाइ तथा सौन्दर्यकरणसँगै स्थानीय पर्व-उत्सवलाई पर्यटनसँग जोड्ने कार्य गरीएको छ। कृषि-पर्यटनलाई प्रोत्साहन दिँदै किसानलाई होमस्टे सञ्चालन, गाउँ-भ्रमण कार्यक्रम र स्थानीय उत्पादनको बजार विस्तारमा सहभागी गराइएको छ। यसका साथै, नगर पर्यटन विकास योजना, प्रचार-प्रसार अभियान, ब्रोसर प्रकाशन र सामाजिक सञ्जालमार्फत आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने प्रयास भएको छ। युवालाई गाइड, होमस्टे सञ्चालन तथा स्थानीय व्यवसायमा संलग्न गराइएकाले रोजगारी र उद्यमशीलता प्रवर्द्धनमा योगदान पुगेको छ भने महिला समूहलाई खानपान, हस्तकला र सांस्कृतिक प्रस्तुति जस्ता पर्यटन सेवामा सहभागी गराइएको छ। सेती नदी किनार, हरियाली डाँडाकाँडा र दृश्यावलोकन स्थललाई आन्तरिक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने र हाइकिङ, ट्रेकिङ तथा पिकनिक स्थल जस्ता साहसिक गतिविधिहरूलाई प्रोत्साहन दिने कार्यले भिमादलाई तनहुँ जिल्लाको सम्भावनायुक्त पर्यटन केन्द्रका रूपमा उभ्याएको छ।

भिमाद नगरपालिकाको एक प्रमुख पर्यटन क्षेत्र धन्दुर-सिद्धगुफा क्षेत्रको संरक्षण, व्यवस्थापन र प्रचार-प्रसारलाई संस्थागत रूप दिन २०६५ सालमा स्थानीय नेतृत्वमा सिद्धगुफा विकास समिति गठन गरिएको

थियो, जसले २०६८ सालमा जिल्ला प्रशासन कार्यालय तनहुँमा दर्ता भई औपचारिक संरचना प्राप्त गरेको थियो। समितिले गुफा, दुर्लभ वनस्पति-जनावर, जंगल, जलस्रोत, प्राकृतिक चट्टान संरचना तथा आदिवासी जनजातिको लोकसंस्कृतिलाई सुरक्षित राख्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने, र पर्यटनमार्फत स्थानीय जनताको आयआर्जन वृद्धि गरी आत्मनिर्भरता बढाउने उद्देश्य लिएको थियो। यस्तै, परम्परादेखि चल्दै आएको धन्दुर चैतेदर्शैं मेलालाई आधुनिक र आयमूलक रूपमा विकास गर्दै स्थानीय संस्कृतिको संरक्षण तथा आर्थिक परिचालनमा महत्वपूर्ण योगदान पुर्याइएको थियो।



चित्र १७ भिमाद नगरपालिकामा पर्यटन बिकासका प्रयास

पर्यटन विकासका लागि सबैभन्दा उल्लेखनीय उदाहरण ऐतिहासिक बृहत श्रम शिविर रहेको थियो, जहाँ एक हप्तामै १०,७८३ जनाभन्दा बढी स्वयंसेवक सहभागी भएका थिए र २२ हजारभन्दा बढी अवलोकनकर्ताले गुफा भ्रमण गरेका थिए। स्थानीय श्रम, सामुदायिक स्वामित्व र सहयोगी भावनाले सरकारी अनुदानको अभावमा पनि ठूलो स्तरका पूर्वाधार तथा संरक्षण सम्बन्धी कार्य सम्पन्न गर्न सकिने सम्भावना देखाएको थियो। यस अभियानले स्थानीयदेखि राष्ट्रिय मिडिया सम्मबाट व्यापक चर्चा पाएको थियो, जसले भिमाद नगरपालिकाका पर्यटन गन्तव्यहरूको पहिचान, पहुँच र आकर्षणमा उल्लेखनीय वृद्धि गराएको थियो।

यिनै प्रयासहरूलाई थप सुदृढ गर्दै नेपाल सरकारद्वारा घोषित नेपाल भ्रमण वर्ष 2020 को अवसरमा धन्दुर-सिद्धगुफालाई भिमादको प्रमुख पर्यटन ब्रान्डको रूपमा प्रस्तुत गर्ने दृष्टि लिइएको थियो। "समृद्धिको लागि पर्यटन'पर्यटनको लागि सिद्धगुफा" भन्ने मूल नारा अघि सार्दै, यस क्षेत्रलाई 2020 भित्र झन्डै १ लाख पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको थियो। गुफा अवलोकन, सांस्कृतिक कार्यक्रम, प्राकृतिक दृश्यावलोकन, श्रम शिविर, समुदायद्वारा संचालित सुविधा तथा आधुनिक प्रचार-प्रसारमार्फत

सिद्धगुफालाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा चिनाउने प्रयास गरिएको थियो। यी सबै अभियानहरूले भिमादलाई समुदाय-आधारित पर्यटन विकासको एक उत्कृष्ट मोडेलतर्फ उन्मुख गराएको थियो, जहाँ संरक्षण, सांस्कृतिक पहिचान, सामुदायिक श्रम र पर्यटन व्यवसाय एकीकृत रूपमा अघि बढाइएका थिए। भिमादलाई अन्य छिमेकी नगरपालिकासँग जोड्ने कृषि-पर्यटन मार्गको निर्माण सम्पन्न भएपछि यहाँको पहुँचमा महत्वपूर्ण सुधार आयको छ। यसले भिमादलाई तनहुँ जिल्लाको सम्भावित पर्यटन केन्द्रका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्यायो।

४.२ नगरपालिकामा पर्यटन आगमन प्रवृत्ति

भिमादमा आउने पर्यटकहरूलाई दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ - आन्तरिक (घरेलु) पर्यटक र बाह्य (विदेशी) पर्यटक। आन्तरिक पर्यटकहरू प्रायः विद्यार्थी, युवायुवती, परिवारका समूह र धार्मिक-सांस्कृतिक यात्रामा जाने भक्तजन हुने गर्छन्। उनीहरू प्रायः दशैं, तिहार, तथा अन्य चाडपर्वको बिदा समयमा बढी आउने गर्छन्। वसन्त ऋतु (फागुन-बैशाख) र शरद ऋतु (असोज-मङ्सिर) उनीहरूको लागि लोकप्रिय समय हो, किनभने यस समयमा मौसम सफा, डाँडाकाँडा हरियालीले ढाकिएको र दृश्यावलोकनका लागि उत्तम हुन्छ।

विदेशी पर्यटकहरू भने मुख्यतया साहसिक र ग्रामीण जीवनशैली अनुभव गर्ने उद्देश्यले भिमाद आउने गर्छन्। उनीहरू ट्रेकिङ, हाइकिङ, नदी किनार भ्रमण र गाउँ-पर्यटन (Agro-tourism, Homestay) मा बढी आकर्षित हुन्छन्। विदेशी पर्यटकहरूका लागि शरद ऋतु (असोज-कार्तिक) र वसन्त ऋतु (चैत्र-बैशाख) उपयुक्त मानिन्छ, किनभने यस समयमा मनसुनी वर्षा हुँदैन र प्राकृतिक दृश्य अत्यन्तै स्पष्ट हुन्छ। मनसुनको समयमा (असार-भदौ) लगातारको वर्षा र बाटोमा हिलो तथा बाढी-पहिरोको जोखिम भएकाले पर्यटक आवागमन न्यून हुने देखिन्छ।

यसरी, आन्तरिक पर्यटक प्रायः चाडपर्व र बिदा समयमा आउने गर्छन् भने विदेशी पर्यटक मुख्यतया शरद र वसन्त ऋतुमा बढी आउने गरेका छन्। नगरपालिकामा पर्यटक आगमनको तथ्याङ्क नभए पनि समग्रमा आन्तरिक र बाह्य पर्यटक गरेर बार्षिक १२,५०० पर्यटक आउने गरेको अनुमान छ।

४.३ पर्यटन बिकासका आधारहरु

पर्यटन विकासमा आधारको रुपमा प्रमुख पाँच तत्वहरू (5As Principle of Tourism) आकर्षण, पहुँच, आवास, गतिविधि र सेवा सुविधा पर्छन्। यी पाँच तत्वहरूको संयोजनबाटै पर्यटन विकास सम्भव हुन्छ।

१) आकर्षण (Attraction)

२) पहुँच (Access)

३) आवास (Accommodation)

४) गतिविधि (Activities)

५) सेवा सुविधा (Amenities)



चित्र १८ पर्यटन बिकासका प्रमुख पाँच तत्वहरु

यी सबै स्थितिको सम्मिश्रण राम्रो अवस्थामा भएमा मात्र उक्त गन्तव्य राम्रो मानिन्छ। दिगो पर्यटनका लागि यी तत्त्वहरूको प्रभावकारी र जिम्मेवारी पूर्ण तरिकाबाट आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणमा सकारात्मक प्रभाव रहने गरी व्यवस्थापन गरीएको हुनुपर्दछ।

४.३.१ आकर्षण (Attraction)

आकर्षण पर्यटनको प्रमुख तत्व हो। कुनै पनि व्यक्तिलाई यात्राका लागि आकर्षण गर्ने प्राकृतिक वा मानव निर्मित पर्यटकीय आकर्षणहरू पर्यटनको सुत्रधार हुन्छन्। साधारणतया, कुनै पनि स्थलका प्राकृतिक सौन्दर्य, ऐतिहासिक धरोहर, धार्मिक स्थल, विशेष स्थानमा रहेका प्राकृतिक दृश्यावली, सांस्कृतिक गतिविधि आदिले नै पर्यटनलाई बल दिन्छन्। पर्यटकहरूलाई कुनै पनि स्थानसम्म ल्याउने प्रमुख आधार नै आकर्षण हो। यसैले आकर्षण नै पर्यटनको गन्तव्य बन्ने मुख्य तत्व मानिन्छ।

भिमाद नगरपालिकामा रहेका विभिन्न प्राकृतिक सम्पदाहरू जस्तै राजमार्ग नजिकै नदी, दृश्यावलोकन डाँडा, रुख बोट, जंगल, साथै स्थानीय बस्ती, गाउँघर, कृषि फार्म, धार्मिक स्थल, गुफा, मन्दिर, गुम्बा, चर्च, र करिब ३०० बर्ष पुरानो स्थानीय फलाम खानिबाट निकालिएको फलाम स्थानीय कालिगड द्वारा निर्मित बिना जोडको साङ्ले झोलुङ्गे पुल जस्ता ऐतिहासिक स्थलहरू पर्यटकीय आकर्षणका प्रमुख आधारहरू हुन्। साथै यस नगरपालिकामा विभिन्न चाडपर्व, जात्रा, मेलाहरू, सांस्कृतिक परम्परा, हस्तकला, परम्परागत


खानपान, लोकसङ्गीत, नाचगान तथा स्थानीय कला-संस्कृतिहरू पर्यटकलाई आकर्षित गर्ने महत्वपूर्ण सम्पदा हुन्। केही मुख्य आकर्षणका क्षेत्र तल प्रस्तुत गरीएको छ।




सिद्द गुफा



सेति नदि



बरन झरना



घ्याङ्च ल्युम पार्क



डाँडा



हिमालको दृष्य


चित्र १९ भिमादमा पर्यटक आकर्षणका केद्रहरु

यसका साथै नगरपालिकाभित्र विभिन्न प्राकृतिक दृश्यावलोकन स्थल, हिमाल देखिने ठाउँहरू, धार्मिक स्थल जस्तै मन्दिर, गुफा, गुम्बा, चर्च तथा चैत्य, विविध धार्मिक तथा सांस्कृतिक पर्वहरूले पनि यस क्षेत्रलाई पर्यटकीय दृष्टिले महत्वपूर्ण बनाएका छन्।

४.३.२ पहुँच (Access)

पहुँच मार्गको अवस्थाले कुनै पनि यात्रात्मक गन्तव्य स्थल सम्म पुग्न महत्वपूर्ण भूमिका खेल्दछ। सडक, विमानमार्ग तथा ती स्थानसम्म पुग्ने साधनहरू जस्तै साइकल, मोटरसाइकल, बस, कार, ट्रक, मोटरबोट, हेलिकप्टर आदि हुँदै पुग्न सकिन्छ। पर्यटकहरूले कुनै पनि आकर्षण स्थलसम्म पुग्न आवश्यक पर्ने यातायात सुविधालाई सहज, सरल र भरपर्दो हुनुपर्ने हुन्छ।

भिमाद नगरपालिकाको पर्यटकीय गन्तव्यसम्म पुग्ने पहुँच सहज र व्यवस्थित छ। पृथ्वी राजमार्ग (रा.रा-१७) को खैरेनिटारबाट करिब ८ कि.मि. दक्षिणमा अवस्थित यस नगरपालिकामा पुग्न सहज यातायात सुविधा उपलब्ध छ।



चित्र २० भिमादमा पहुँचमार्गको संजाल

पालिकालाई खैरेनिटार-भिमाद-कावासोति सडक (रा.रा-४५) ले पृथ्वी राजमार्गसँग जोडेको छ, जसले दक्षिणतर्फ कालिगण्डकी फाँटका बस्ती तथा पालिकाहरू हुँदै नवलपरासी बुलिङटारमा रहेको मदन भण्डारी राजमार्ग (रा.रा-०९) र नवलपरासी कावासोतीमा पूर्व-पश्चिम राजमार्ग (रा.रा-०१) सँग प्रत्यक्ष जोड्छ। यसका अतिरिक्त, तराई तथा भित्री तराई क्षेत्रबाट आन्तरिक पर्यटकलाई सहज पहुँच उपलब्ध गराएको छ।



चित्र २१ पहुँचमार्गहरुको सतहको अवस्था

यसैगरी, भिमाद-रामपुर-मित्याल-अरुण खोला राजमार्ग (रा.रा-६८) ले भिमाद बजारलाई राते पहरा हुँदै दक्षिण पश्चिमतर्फ स्याङ्जाको चापाँकोट बजार र पाल्पाको रामपुर बजारसँग प्रत्यक्ष जोडेको छ। साथै, मिर्दि-चित्रे भङ्ग्याङ-भिमाद सहायक राजमार्ग (स.रा-१८६) ले पालिकाको फुलुङथान हुँदै स्याङ्जाको हरिनास गाँउपालिकासँग सम्बन्ध विस्तार गरेको छ।

भिमादबाट पोखरा, काठमाडौं, दमौली, रामपुर, बुलिङटार, नारायणगढ लगायतका विभिन्न स्थानतर्फ सार्वजनिक यातायात सेवा उपलब्ध छन्। नगरभित्रको आन्तरिक सडक सञ्जाल पनि पर्याप्त फैलिएको छ र अधिकांश अवस्थामा राम्रो अवस्थामा रहेको पाइन्छ, जसले स्थानीय बस्ती तथा नजिकैका बजार क्षेत्रहरूलाई पर्यटकीय स्थलहरूसँग जोड्ने कार्यमा सहयोग पुऱ्याएको छ।

साथै, भिमाद बजार क्षेत्रमा आन्तरिक यातायातका लागि अटो टेम्पो पनि सञ्चालनमा रहेका छन्, जसले शहरभित्रको आवागमनलाई सहज बनाएको छ। यसरी पालिकाभित्र रणनैतिक सडक सञ्जाल र सहायक राजमार्गमा भएको सडक यातायात व्यवस्थाले प्रमुख पर्यटकीय गन्तव्यहरूसम्म पुग्न सहज र सुगम बनाएको छ।

४.३.३ आवास (Accommodation)

आवास पर्यटनको प्रमुख तत्व हो। आवासको उपलब्धता तथा यसको गुणस्तरले पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। आकर्षण स्थलमा पुग्ने पर्यटकलाई बस्ने, खानपान गर्ने तथा आवश्यक सुविधाहरू प्राप्त गर्ने सुविधा हुनु जरुरी हुन्छ।

भिमाद नगरपालिकामा विभिन्न स्तरका आवासीय सुविधा उपलब्ध छन्। यहाँ होटल, लज, होमस्टे, रेष्टुरेन्ट, रेष्ट हाउस, गेष्ट हाउस जस्ता आवासीय सेवा सञ्चालनमा रहेका छन्। यहाँका होटेल तथा आवासीय सेवाहरू पर्यटकलाई सहज र आरामदायी अनुभव दिने खालका छन्।





चित्र २२ भिमादमा आवासका सुविधाहरु

यस नगरपालिकामा आवास सुविधा क्रमशः विस्तार हुँदै गएको छ, जसले पर्यटन विकासलाई थप प्रोत्साहन गरेको छ।

४.३.४ गतिविधि (Activities)

कुनै पनि पर्यटन गन्तव्यमा मनोरञ्जनका उद्देश्यले गरीने सबै गतिविधिलाई पर्यटन गतिविधिको रूपमा बुझ्न सकिन्छ। गन्तव्यमा पुग्ने पर्यटकले प्रत्यक्ष रूपमा अनुभव गर्ने मुख्य तत्वहरू नै पर्यटनका गतिविधिहरू हुन्। यिनै गतिविधिहरूमार्फत पर्यटन स्वयम् संस्थागत बन्दै जान्छ र पर्यटकले त्यसको विशिष्ट अनुभव प्राप्त गर्दछ।

भिमाद नगरपालिकाभित्र हाल भैरहेका प्रमुख पर्यटनका गतिविधिहरु धर्माअवलोकन, पदयात्रा, साइकलिङ, भलिवल खेल, फुटबल खेल, विभिन्न जातीय नाचगान, झाँकी यात्रा, गर्मी समयमा हुने विभिन्न मेला महोत्सव, पाराग्लाइडिङ (वैकल्पिक रूपमा) रहेका छन्। यी पर्यटनका साथै दैनिक रैथाने कार्य बढाउने पर्यटनको क्रियाकलापले महत्त्वपूर्ण भूमिका खेल्दछन्।

पर्यटकको गतिविधिलाई बढाउनका लागि अतिरिक्त क्रियाकलाप, मेलापर्व तथा मनोरञ्जनका गतिविधिहरू पनि महत्त्वपूर्ण भूमिका हुन्छ। हरेक गतिविधि तथा क्रियाकलापको आफ्नै खालको महत्त्व रहेको हुन्छ। विभिन्न जातजातिका आफ्नै पर्व मेलाहरू हुन्छन। विभिन्न मठ मन्दिरहरूमा समय समयमा मेलाहरू लाग्ने गर्दछन। कान्छी बजार मेला तथा अन्य महोत्सव (औद्योगिक व्यापार मेला) कृषि, पर्यटन, उद्योगको विकासका लागि आयोजना गरिँदै आएको छ।

४.३.५ आरामदायी सेवा सुविधा (Amenities)

पर्यटनका लागि आधारभूत तत्व सुविधा हो। कुनै पनि पर्यटन गन्तव्यको आकर्षणका लागि उक्त स्थानमा पुग्ने पर्यटकलाई तथा सो स्थानमा आवासका लागि होटल, गेस्टहाउस, रेस्टुरेन्ट, मनोरञ्जन अन्य सुविधाहरुको पनि उत्तिकै आवश्यकता हुन्छ। पर्यटनका आधारभूत सुविधाहरुमा यातायात सुविधा,

आवासका लागि होटल, भोजनालयसँगै मनोरञ्जनका सामग्रीहरु, सूचना तथा सञ्चारका साधनको उपलब्धि सुविधा, खानेपानी, खाने तथा सरसफाइका सामग्रीहरु पर्दछन्।

एउटा पर्यटन गन्तव्यमा आएका पर्यटकलाई आकर्षित गर्ने र सन्तुष्टि प्राप्त गराउने मुख्य आधार सुविधा हो। यसबाट पर्यटन गन्तव्यको आर्थिक र सामाजिक विकासमा समेत टेवा पुग्दछ। स्थानीय स्तरमा रोजगारीका अवसर पनि सृजना हुन्छन्। जीवनयापनको स्तर, यातायातको पहुँचलाई पूर्ति गर्न आवश्यक कुराहरु नै सुविधा (Amenities) हुन्।

भिमाद नगरपालिकाको विशेष गरी राजमार्ग क्षेत्र वरपर आरामदायी सेवा सुविधाहरू उपलब्ध छन भने ग्रामीण क्षेत्रतर्फ यसको कमी रहेको छ। बुदुवा, ऋषिङ पाटन, टेक्रे, डुम्रेबेसी बडहरभन्ज्याङ्, भिमाद बजार बढी सुगम भएकोले सञ्चार प्रविधि होटल रेष्टुरेन्ट, साइबर क्याफे, फोन, प्रशोधित पानी, वित्तीय व्यवस्था, विजुली, स्वास्थ्य सुविधा, प्रहरी चौकी आदिको सुविधा रहेको छ भने अन्य ग्रामीण क्षेत्रमा आधारभूत सेवा सुविधा मात्र रहेको छ।

४.४ पर्यटन विकासमा सङ्लग्न सङ्घ संस्था र हाल सम्मका प्रयासहरु

भिमाद नगरपालिकामा पर्यटन विकास तथा प्रवर्द्धन गर्नका लागि धेरै पहिले देखिनै विभिन्न सङ्घ संस्थाहरू अस्तित्वमा रहेको पाइन्छ। कतिपय सङ्घ संस्थाहरू खुलेर पनि वन्द भएका छन। हाल आएर नगरपालिकाको स्थापना पश्चात नगरपालिका स्तरीय भिमाद पर्यटन विकास समिती रहेको छ भने विभिन्न क्षेत्र तथा स्थानहरूमा स्थानीय स्तरका समितिहरू रहेका छन। पर्यटनसँग सम्बन्धित यी सबै संस्थाहरू बिच समन्वय र सहकार्य हुनु जरुरी हुन्छ। तब मात्र पर्यटनको विकासमा सहयोग पुग्न सक्दछ।

४.५ पहिचान भएका प्रमुख पर्यटकीय सम्भावनाका क्षेत्रहरु

ग्रामीण पर्यटन नै नेपालको पर्यटनको मूल आधार हो। धार्मिक पर्यटन तथा पदयात्रा हाम्रो देशको परम्परागत पर्यटन हो जसलाई पर्यटन नभनेर तिर्थयात्रा भनिन्छ। हाल आएर पर्वतारोहण पर्यटन, साहसिक पर्यटन, मनोरञ्जन पर्यटन, कृषि पर्यटन आदि जस्ता पर्यटनको समेत विकास भएको छ। भिमाद र यसको वरपर ऐतिहासिक तथा पूरातात्त्विक, धार्मिक, पर्यटनको महत्व पाइन्छ भने हाल आएर विभिन्न नयाँ पर्यटनको समेत विकास भएको छ। यसरी अध्ययन गर्दा भिमाद नगरपालिकामा निम्नानुसारको सम्भावित पर्यटनका क्षेत्रहरू मुलत निम्न पाँच क्षेत्रका रहेका छन।

१) प्राकृतिक पर्यटन (Nature Based Tourism) क्षेत्र
२) साहसिक पर्यटन (Adventures Tourism) क्षेत्र
३) धार्मिक तथा सांस्कृतिक पर्यटन (Religious and Cultural Tourism) क्षेत्र
४) ग्रामीण तथा सामुदायीक पर्यटन (Rural and Community Based Tourism)
५) मनोरञ्जन पर्यटन (Recreational Tourism) क्षेत्र



चित्र २३ भिमादमा पर्यटकीय सम्भावनाका क्षेत्रहरु

४.५.१ प्राकृतिक पर्यटन (Nature Based Tourism) क्षेत्र

प्राकृतिक पर्यटन भन्नाले प्रकृतिमा आधारित अनुभव प्रदान गर्ने पर्यटनलाई बुझिन्छ। यसमा पर्वत, नदी, झरना, वन, वन्यजन्तु, गुफा, ताल, दृश्यावलोकन स्थलजस्ता प्राकृतिक सम्पदाको अवलोकन र अनुभवलाई प्राथमिकता दिइन्छ। विश्वभरका पर्यटकहरू शान्त वातावरणमा रमाउने, प्राकृतिक सौन्दर्य नजिकबाट अनुभव गर्ने र साहसिक गतिविधि गर्ने उद्देश्यले प्राकृतिक पर्यटनमा आकर्षित हुने गरेका छन्। नेपाल जस्तो हिमाल, तराई र पहाडको मिश्रण भएको देशमा प्राकृतिक पर्यटन पर्यटनको मेरुदण्ड मानिन्छ, जसले ग्रामीण अर्थतन्त्र, सामुदायिक जीवनशैली र वातावरण संरक्षणमा पनि टेवा पुऱ्याउँछ।

भिमाद नगरपालिका प्राकृतिक सम्पदाले भरिपूर्ण नगर हो, जसले पर्यटकलाई रमाइलो दृश्यावलोकनदेखि साहसिक अनुभवसम्मका अवसरहरू प्रदान गर्दछ।

तालिका १० नगरपालिकामा भएका प्राकृतिक पर्यटकीय केन्द्रहरु


क्र. सं.	पर्यटन स्थल	वडा नं.	आकर्षण केन्द्र	पर्यटन प्रकार	महत्व
१	सति गुफा (सतिकोट)	१	गुफा	प्राकृतिक/धार्मिक	प्राकृतिक आकर्षण तथा धार्मिक आस्था
२	शिव पार्वती गुफा	१	गुफा	प्राकृतिक/धार्मिक	प्राकृतिक आकर्षण तथा धार्मिक आस्था
३	लिगलिग कोट हुक्का डाँडा	१	भ्यु-प्वाइन्ट	प्राकृतिक	प्राकृतिक आकर्षण
४	कोट बाराही भ्यु प्वाइन्ट	२	भ्यु-प्वाइन्ट	प्राकृतिक/धार्मिक	प्राकृतिक आकर्षण तथा धार्मिक आस्था
५	फुलुङथान डाँडा	२	भ्यु-प्वाइन्ट	प्राकृतिक	प्राकृतिक आकर्षण
६	कुवाकोट थुम्की	३	भ्यु-प्वाइन्ट	प्राकृतिक	प्राकृतिक आकर्षण
८	बरनछाँगा झरना	४	झरना	प्राकृतिक	प्राकृतिक आकर्षण
९	पिरुङ्ग डाँडा	४	भ्यु-प्वाइन्ट	प्राकृतिक	प्राकृतिक आकर्षण
१०	आँटीछाप झरना	५	झरना	प्राकृतिक	प्राकृतिक आकर्षण
१३	मिर्छुलुङ भ्यु प्वाइन्ट	५	भ्यु-प्वाइन्ट	प्राकृतिक/मनोरञ्जनात्मक	मनोरन्जनात्मक दृश्यावलोकन
११	रांङरुङ भ्यु प्वाइन्ट	७	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	मनोरन्जनात्मक दृश्यावलोकन
१२	शिवालय गुफा (अद्भभुत धुनि)	८	गुफा	प्राकृतिक/धार्मिक	प्राकृतिक आकर्षण तथा धार्मिक आस्था
१४	नाग गुफा	८	गुफा	प्राकृतिक	प्राकृतिक आकर्षण तथा धार्मिक आस्था
१५	पिपलडाँडा भ्यु टावर	८	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	मनोरन्जनात्मक दृश्यावलोकन
१६	वायु थुम्का	८	भ्यु-प्वाइन्ट	प्राकृतिक	प्राकृतिक आकर्षण
१७	देउराली भ्यु प्वाइन्ट	८	भ्यु-प्वाइन्ट	प्राकृतिक	प्राकृतिक आकर्षण
१८	धन्दुर सिद्ध गुफा	९	गुफा	प्राकृतिक/धार्मिक	प्राकृतिक आकर्षण तथा धार्मिक आस्था
१९	चमेरे गुफा	९	गुफा	प्राकृतिक	प्राकृतिक आकर्षण
२०	ईलुङ्ग झरना	९	झरना	प्राकृतिक	प्राकृतिक आकर्षण
२३	घाङ्चल्हुम	९	अग्लो ढुंगा /रक गार्डेन	प्राकृतिक	प्राकृतिक आकर्षण
२४	पाइमी कोटघर/भ्यु टावर	९	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	मनोरन्जनात्मक दृश्यावलोकन

स्रोत- स्थलगत सर्वेक्षण २०८१

यस नगरपालिकाको प्रमुख प्राकृतिक गन्तव्यमध्ये मिर्छुलुङ, राङरुङ, किहूँ र पिरुङ जस्ता पर्यटकीय डाँडाहरु विशेष रूपमा परिचित छन्। यी डाँडाबाट देखिने सुर्योदय र सुर्यास्तका मनमोहक दृश्य, हिमालको दृश्य, हरियालीले ढाकिएका डाँडाकाँडा तथा नजिकैका गाउँ र तल खोला किनारमा रहेका

खेतका समथर फाँटको दृश्यले पर्यटकलाई आकर्षित गर्दछ। यी डाँडाहरू छोटो पदयात्रा र दृश्यावलोकनका लागि उपयुक्त छन्।

त्यस्तै भिमादमा रहेका सिद्धगुफा (Siddha Cave) र सतिगुफा (Sati Cave) प्राकृतिक पर्यटनका अर्का महत्त्वपूर्ण आकर्षण हुन्। यी विशाल र ऐतिहासिक गुफाहरूले साहसिक अनुभवका साथै भूगर्भीय अध्ययनमा पनि विशेष महत्व राख्छन्। त्यस्तै, नगरपालिकामा अवस्थित झरनाहरू (Waterfalls) रमाइलो प्राकृतिक दृश्य तथा फोटोग्राफीका लागि आकर्षण बनेका छन्। गर्मी मौसममा यस ठाउँका झरनाहरू ग्रामीण पर्यटनसँगै विश्राम गर्ने उपयुक्त स्थल मानिन्छन्।



चित्र २४ भिमादमा प्राकृतिक पर्यटकीय केन्द्रहरु

यस नगरपालिकाका लहरिएका पाखा, डिलमा बनेका खेत (terraced farmlands), सामुदायिक वन क्षेत्र र प्राकृतिक जलस्रोतहरूले यहाँको प्राकृतिक सौन्दर्यलाई अझै मनमोहक बनाएका छन्। यी सम्पदाले इको-टुरिज्म (eco-tourism), प्रकृति अवलोकन (nature walks), ग्रामीण जीवन अनुभव र सामुदायिक भ्रमणलाई प्रोत्साहन गर्दछ। यसरी, भिमाद नगरपालिका डाँडा-पर्वत दृश्य, गुफा अन्वेषण, झरना अवलोकन र हरियालीबीचको पदयात्रामार्फत प्राकृतिक शान्ति खोज्ने तथा साहसिक अनुभव लिन चाहने सबै प्रकारका पर्यटकका लागि आदर्श गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ।

यस नगरपालिकाका प्रमुख प्राकृतिक पर्यटकीय स्थलहरु-

४.५.१.१ सतिकोट गुफा

भिमाद नगरपालिका-१ मा अवस्थित सतिकोट गुफा प्राकृतिक, ऐतिहासिक र धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल हो। यो गुफा भिमाद क्षेत्रको प्रमुख आकर्षणमध्ये एक मानिन्छ, जसले प्राकृतिक अद्भुतता, पौराणिक आस्था र सांस्कृतिक परम्परालाई एकसाथ समेटेको छ।

स्थानीय बुढापाकाहरूको भनाइ अनुसार, "सतिकोट" नामको उत्पत्ति प्राचीनकालमा सती प्रथासँग सम्बन्धित धार्मिक कथाबाट भएको मानिन्छ। जनश्रुतिअनुसार, यस स्थानमा कुनै समयमा सतीदेवीले आफ्नो आत्मदाह (सतीप्रथा) गरेको जनविश्वास छ, जसकारण यस स्थानलाई 'सतिकोट भनिन थालिएको हो। यस गुफालाई त्यसैले पवित्र स्थल मानिने गरीन्छ र यहाँ प्रत्येक वर्ष स्थानीय बासिन्दा र भक्तजनहरू पूजापाठ तथा धार्मिक अनुष्ठान गर्न आउने परम्परा रहँदै आएको छ।





चित्र २५ भिमाद-१ मा अवस्थित सतिकोट गुफा

भौगोलिक दृष्टिले हेर्दा, सतिकोट गुफा हरियालीले ढाकिएको डाँडाको काखमा अवस्थित छ। गुफाभित्रको प्राकृतिक चट्टानी बनावट, भित्तामा देखिने आकृतिहरू र स-साना सुरुङमार्गहरूले यसलाई अझै रहस्यमय र आकर्षक बनाएको छ।

सतिकोट गुफा वरिपरि प्राकृतिक सौन्दर्यले भरिएको क्षेत्र रहेकोले यो स्थल धार्मिक पर्यटन, प्राकृतिक अन्वेषण र शान्त विश्राम स्थलका रूपमा विकास गर्न सकिने उच्च सम्भावना बोकेको छ। गुफा वरिपरि पहुँचमार्ग, विश्राम स्थल, दृश्यावलोकन टावर, र प्रकाश व्यवस्थापन जस्ता पूर्वाधार विकास गरीएमा यो क्षेत्र भिमाद नगरपालिकाको एक महत्वपूर्ण धार्मिक पर्यटन केन्द्रका रूपमा स्थापित हुनसक्ने सम्भावना रहेको छ।



चित्र २६ सतिकोट गुफा परिसरमा स्थानीयको सहभागिता

हालको अवस्थानुसार, सतिकोट गुफा क्षेत्रमा स्थानीय समुदायको सक्रिय सहभागिता र पहलमा केही पूर्वाधार विकासका कार्यहरू सम्पन्न भएका छन्। समुदायले स्वैच्छिक श्रमदान र स्थानीय स्रोत-साधनको सहयोगमा पिकनिक स्थल, विश्रामका लागि चौतारा, सिँढी र पर्खाल जस्ता संरचना निर्माण गरेका छन्। यसले गुफा परिसरलाई धार्मिक स्थल मात्र नभई परिवार र समूहिक भ्रमणका लागि उपयुक्त गन्तव्यको रूपमा पनि उपयोग गर्न थालेको देखिन्छ।

यसरी, सतिकोट गुफा केवल एक प्राकृतिक चमत्कार मात्र नभई भिमाद नगरको ऐतिहासिक, सांस्कृतिक र आस्थात्मक सम्पदा हो, जसको संरक्षण र प्रचार-प्रसार नगरपालिकाको पर्यटन विकास योजनाको महत्वपूर्ण हिस्सा हुनुपर्छ।

४.५.१.२ लिगलिगकोट हुक्का डाँडा

भिमाद नगरपालिका-१ मा अवस्थित यो डाँडा समुद्री सतहबाट करिब ९६० मिटरको उचाइमा रहेको एक मनमोहक प्राकृतिक र दृश्यावलोकन स्थल हो। यो स्थान आफ्नो रमणीय भू-दृश्य, हरियाली वातावरण र शान्त परिवेशका कारण पिकनिक स्थल तथा भ्यू-पोइन्टका रूपमा प्रसिद्ध हुँदै गएको छ। लिगलिगकोट पर्यटकीय स्थल अरुणोदय- हुक्का डाँडा-किहु-बोमा पर्यटन सर्किट भित्र पर्ने एक महत्वपूर्ण गन्तव्य हो, जसले धार्मिक, प्राकृतिक र ग्रामीण पर्यटनलाई जोड्ने काम गर्दछ। डाँडाको उत्तरतर्फ किहुँ ग्रामीण क्षेत्र रहेको छ भने दक्षिण भागबाट दुम्रीबेसी बजार र ढुंगेनी फाँट स्पष्ट रूपमा देख्न सकिन्छ। यसरी यो स्थानले वरिपरिको सम्पूर्ण भौगोलिक दृश्यलाई एकै नजरमा अवलोकन गर्ने अवसर प्रदान गर्छ।

स्थानीय बासिन्दाहरूले यस स्थानलाई पिकनिक, घुमफिर र फोटोग्राफीका लागि उपयुक्त स्थलका रूपमा प्रयोग गर्न थालेका छन्। यहाँको शान्त वातावरण, प्राकृतिक हावा, र वरिपरिका पहाड-खोँचका दृश्यहरूले आगन्तुकहरूलाई आकर्षित गर्छ। अझै पनि यहाँका संरचना सामान्य अवस्थामा भए पनि, भविष्यमा भ्यू टावर, विश्राम स्थल, पदमार्ग र पार्किङ क्षेत्र निर्माण गरी यसलाई व्यवस्थित रूपमा विकास गर्न सकिने प्रबल सम्भावना छ।



चित्र २७ भिमाद-१ मा अवस्थित लिरलीगकोट डाँडा हुक्का

यसरी, यो डाँडा भिमाद नगरपालिकाको एक उदीयमान प्राकृतिक पर्यटन स्थल हो, जहाँबाट प्राकृतिक सौन्दर्यसँगै स्थानीय जीवनशैली र ग्रामीण भू-दृश्यको अनुभव एकैसाथ लिन सकिन्छ। यो क्षेत्रलाई पर्यटन सर्किट अन्तर्गत सुदृढ रूपमा विकास गर्न सकेमा भिमाद नगरको पर्यटन प्रवर्द्धनमा यसले महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

४.५.१.३ कुवाकोट थुम्की

भिमाद नगरपालिका-३ मा अवस्थित कुवाकोट ठुम्की समुद्री सतहदेखि करिब ८१० मिटर उचाइमा रहेको एक रणनीतिक तथा ऐतिहासिक महत्व बोकेको स्थल हो। यो ठुम्की भिमाद नगरपालिकाको मध्यभागमा पर्दछ र यहाँबाट नगरका सबै वडाहरू, भिमाद बजार, र रिशिङ पाटनको समथर भू-भाग स्पष्ट रूपमा देख्न सकिन्छ। यसको भौगोलिक स्थिति अत्यन्त लाभदायी भएकाले यसलाई भिमाद क्षेत्रको प्राकृतिक भ्यू-पोइन्ट र निगरानी स्थल (strategic hilltop) को रूपमा चिनिन्छ।



चित्र २८ भिमाद-३ मा अवस्थित कुवाकोट थुम्की

कुवाकोट ठुम्कीले प्राचीन कालमा निगरानी तथा सुरक्षा स्थलको भूमिका निर्वाह गरेको ऐतिहासिक साक्षी बनेको छ। "कुवा" शब्दले पानी वा जलस्रोतको संकेत गर्छ भने "कोट" शब्दले किल्ला वा सुरक्षा स्थल जनाउँछ। त्यसैले "कुवाकोट" नामको अर्थ नै जलस्रोत नजिकको किल्ला भन्ने बुझिन्छ, जसले

प्राचीन समयमा यो क्षेत्र कुनै राज्य प्रशासनिक वा सुरक्षात्मक चौकीको रूपमा प्रयोग भएको हुनसक्ने सम्भावना दर्शाउँछ।



चित्र २९ कुवाकोटमा रहेको ऐतिहासिक किल्ला

भौगोलिक रूपमा हेर्दा, कुवाकोट ठुम्की हरियालीले ढाकिएको रमणीय डाँडा हो, जहाँको वातावरण शीतल, स्वच्छ र शान्त छ। यहाँबाट वरिपरिका डाँडाकाँडा, मादी नदीको खोँच, र रिशिङ क्षेत्रको समथर फाँट अवलोकन गर्न सकिन्छ। यो स्थानले सूर्योदय र सूर्यास्त दुवैको मनोरम दृश्य प्रदान गर्ने भएकाले दृश्यावलोकन पर्यटन (viewpoint tourism) का लागि अत्यन्त सम्भावनायुक्त स्थल मानिन्छ।

हाल यस क्षेत्रमा स्थानीय समुदायको पहलमा साना पिकनिक स्थल र विश्रामस्थलहरू निर्माण हुँदै आएका छन्। भविष्यमा यस क्षेत्रको भ्यू टावर, विश्राम चौतारा, पदमार्ग, र सूचना पाटी जस्ता पूर्वाधार विकास गरीएमा कुवाकोट ठुम्की भिमाद नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको संयुक्त प्रतीक स्थलका रूपमा विकसित हुनसक्ने प्रबल सम्भावना छ।

यसरी, कुवाकोट ठुम्की केवल एक भौगोलिक डाँडा मात्र नभई, भिमाद नगरको ऐतिहासिक स्मृति, प्राकृतिक सौन्दर्य र सामरिक दृष्टिकोणको केन्द्र हो, जसको संरक्षण र प्रवर्द्धनले नगरको पर्यटन र सांस्कृतिक पहिचानलाई दीर्घकालीन योगदान पुऱ्याउनेछ।

४.५.१.४ बरन छाँगा

भिमाद नगरपालिका-४ मा अवस्थित बरन छागा एक आकर्षक प्राकृतिक जलाधार र झरना स्थल हो, जसले भिमाद क्षेत्रको सौन्दर्य र पर्यटन सम्भावनालाई झल्काउँछ। हरियालीले ढाकिएको यो स्थानमा निरन्तर बग्ने पानीको झरनाले शान्त र मनमोहक वातावरण सिर्जना गरेको छ। यसलाई स्थानीय स्तरमा पिकनिक र दृश्यावलोकन स्थलका रूपमा प्रयोग गरिँदै आएको छ।



चित्र ३० भिमाद-४ मा रहेको बरन छाँगा झरना

प्राकृतिक सुन्दरतासँगै पर्यावरणीय महत्व बोकेको बरन छागा स्थललाई पूर्वाधार विकास र प्रचारमार्फत भिमाद नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ।

४.५.१.५ पिरुङ्ग डाँडा

भिमाद नगरपालिका-४ मा अवस्थित पिरुङ डाँडा समुद्री सतहबाट करिब ९३० मिटर उचाइमा रहेको एक रमणीय धार्मिक तथा प्राकृतिक स्थल हो। यो स्थान भिमाद बजार क्षेत्रको नजिकै अवस्थित छ र सजिलो सडकमार्ग हुँदै यहाँ पुग्न सकिन्छ। डाँडाको टुप्पोमा पुगेपछि वरिपरि फैलिएका हरिया वन, मादी खोला उपत्यका, र टाढाबाट देखिने हिमाल श्रृंखलाहरूको दृश्यले आगन्तुकलाई मोहित बनाउँछ। पिरुङ डाँडामा धार्मिक तथा सांस्कृतिक महत्व बोकेको मन्दिर र बुद्ध मूर्ति निर्माण गरीएको छ, जसले यस स्थानलाई शान्ति र आस्थाको प्रतीक बनाएको छ। स्थानीय बासिन्दाहरूले यहाँ समय-समयमा पूजा, बत्ती बाल्ने र विभिन्न धार्मिक कार्यक्रम सञ्चालन गर्छन्। साथै, डाँडाको माथिल्लो भागमा टेलिकम टावर पनि रहेको छ, जसले भिमाद क्षेत्रको सञ्चार पहुँचलाई सुदृढ बनाएको छ।

डाँडाको भौतिक संरचनामा हाल मन्दिर क्षेत्रको परिधि पर्खाल, प्रवेशद्वार, बगैँचा, र पार्किङ स्थल निर्माण गरीएको छ। यसले यहाँ आउने तीर्थयात्री र पर्यटकहरूका लागि सहजता प्रदान गरेको छ। डाँडाको बाटो हरियो वन र ढुंगामाटोको प्राकृतिक पदमार्ग हुँदै माथि पुगेको छ, जहाँबाट वरिपरिका गाउँ र नगरका रमाइला दृश्यहरू स्पष्ट देखिन्छन्।



चित्र ३१ भिमाद-४ मा अवस्थित पिरुङ डाँडा

यस स्थलको धार्मिक शान्त वातावरण र प्राकृतिक दृश्यावलोकन दुवै अत्यन्त आकर्षक छन्। स्थानीय समुदायको सहभागितामा यस क्षेत्रको संरक्षण र सौन्दर्यीकरण भइरहेको छ। भविष्यमा यहाँ भ्यू टावर, विश्रामगृह, ध्यान केन्द्र, र पदमार्ग विकास गरेर यसलाई भिमाद नगरकै प्रमुख धार्मिक तथा आन्तरिक पर्यटन केन्द्रको रूपमा विकास गर्ने ठूलो सम्भावना रहेको छ।

४.५.१.६ मिर्छुलुङ भ्यु-प्वाइन्ट

भिमाद नगरपालिका-५ मा अवस्थित मिर्छुलुङ भ्यू-पोइन्ट भिमाद क्षेत्रको सबैभन्दा आकर्षक पर्यटकीय स्थलमध्ये एक हो। समुद्री सतहदेखि करिब ७७५ मिटर उचाइमा रहेको यस स्थानबाट भिमाद बजार, आसपासका गाउँहरू, मादी नदीको खोँच, र तनहुँ जिल्लाका सुन्दर पहाडी भू-दृश्यहरू एकै स्थानबाट स्पष्ट रूपमा अवलोकन गर्न सकिन्छ।



चित्र ३२ भिमाद-५ मा अवस्थित मिर्छुलुङ भ्यु-प्वाइन्ट

मिर्छुलुङ गाउँ मगर समुदायको बस्ती हो, जसको घरहरू परम्परागत ढुङ्गा र माटोका संरचनामा बनेका छन्। गाउँको माथिल्लो भागमा अवस्थित भ्यू-पोइन्ट क्षेत्रले गाउँको आकर्षणलाई थप बढाएको छ। यहाँबाट भिमाद बजार र वरिपरिको हरियाली फाँटहरूको मनोरम दृश्यले यो स्थानलाई फोटोग्राफी, हाइकिङ र पिकनिकका लागि उत्कृष्ट बनाएको छ।



चित्र ३३ मिर्छुलुङ भ्यु-प्वाइन्टमा भयको संरचनागत स्थिति

मिर्छुलुङ भ्यू-पोइन्टमा निर्माण गरीएको उच्च भ्यू टावर यस स्थलको मुख्य आकर्षण हो। टावरको माथिबाट सम्पूर्ण भिमाद नगर क्षेत्र, हरियाली पहाड, र टाढासम्मको क्षितिज दृश्यावलोकन गर्न सकिन्छ। टावरसँगै रहेको टेलिकम टावरले यस क्षेत्रलाई संचारको दृष्टिले पनि महत्वपूर्ण बनाएको छ।






चित्र ३४ मिर्छुलुङ भ्यु-प्वाइन्टमा भयको भ्यु-टावर र मगर समुदायको गोलाकार घर

यसरी, मिर्छुलुङ भ्यू-पोइन्ट प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा र सामुदायिक आतिथ्यको अद्भुत संयोजन भएको स्थल हो। यहाँको शान्त वातावरण, मगर संस्कृति, भ्यू टावर र दृश्यावलोकनका अवसरहरूले यो स्थानलाई भिमाद नगरपालिकाको प्रमुख पर्यटन केन्द्रका रूपमा स्थापित गराएको छ। भविष्यमा थप पूर्वाधार, प्रचार-प्रसार र पहुँच सुधार गरीएमा मिर्छुलुङ भ्यू-पोइन्ट गण्डकी प्रदेशकै आकर्षक भ्यू-डेस्टिनेशन बन्न सक्ने प्रबल सम्भावना राख्छ।

४.५.१.७ पिपलडाँडा भ्यु-प्वाइन्ट

भिमाद नगरपालिका-८ मा अवस्थित पिपलडाँडा भ्यु-प्वाइन्ट (Pipal Dada View Point) प्राकृतिक सुन्दरताले भरिपूर्ण एक मनमोहक स्थल हो, जसले भिमाद नगरपालिकाको प्रमुख दृश्यावलोकन र पर्यटकीय आकर्षणको रूपमा पहिचान बनाएको छ।

चित्र ३५ पिपल डाँडा भ्यु-प्वाइन्टको गुगल नक्सा

करिब १०२० मिटरको उचाइमा रहेको यो स्थलबाट भिमाद बजार, सेती नदी, र आसपासका हरियाली पहाड तथा समथर फाँटहरू एकै साथ अवलोकन गर्न सकिन्छ।

पिपलडाँडा भ्यू-पोइन्टमा पर्यटकहरूको सुविधा र आकर्षणका लागि भ्यू टावर, पदमार्ग, चौतारा, विश्राम स्थल र जंगल सफारी सडक निर्माण गरीएको छ। यहाँबाट सूर्योदय र सूर्यास्तको मनोरम दृश्य हेर्न सकिन्छ, जसले आगन्तुकहरूलाई अत्यन्त आकर्षित गर्छ। हरियालीले ढाकिएको वरिपरिको जंगल क्षेत्रले यहाँको वातावरणलाई शान्त, स्वच्छ र प्राकृतिक बनाएको छ, जसले जंगल सफारी, पदयात्रा र प्राकृतिक फोटोग्राफीका लागि उपयुक्त वातावरण प्रदान गर्छ।

यस भ्यू-पोइन्टको अर्को विशेषता भनेको नजिकै रहेको नेवारी गाउँ (Newari Village) र राङरुङ रिसोर्ट (Rangrung Resort) हो। नेवारी बस्तीको परम्परागत ढुंगामाटाका घर, सांस्कृतिक जीवनशैली र आतिथ्यले आगन्तुकहरूलाई स्थानीय संस्कृतिको अनौठो अनुभव दिलाउँछ। त्यस्तै, राङरुङ रिसोर्टले पर्यटकहरूलाई आवास, खानपान र विश्रामको सुविधासहित आधुनिक सुविधायुक्त आतिथ्य प्रदान गर्छ।




चित्र ३६ पिपल डाँडा भ्यु-प्वाइन्टमा भयको संरचनागत स्थिति

पिपलडाँडा भ्यू-पोइन्टले प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा र आधुनिक पर्यटन पूर्वाधारलाई एकसाथ समेटेको छ। यसको विकासले भिमाद नगरपालिकालाई आन्तरिक र बाह्य पर्यटनका लागि एक आदर्श गन्तव्यका रूपमा स्थापित गरेको छ। भविष्यमा थप पूर्वाधार, प्रचार-प्रसार र व्यवस्थापन विस्तार गरीएमा पिपलडाँडा भ्यू-पोइन्ट गण्डकी प्रदेशकै प्रमुख दृश्यावलोकन केन्द्रका रूपमा विकास हुने सम्भावना रहेको छ।

यहाँबाट भिमाद नगरपालिकाको दक्षिण भागमा फैलिएको क्याङ्दि नदीको समथर फाँट र आसपासका गाउँहरू स्पष्ट रूपमा देख्न सकिन्छ। वरिपरि हरियाली खेतबारी, घरबस्ती र सडक सञ्जालको दृश्यले नगरको आर्थिक र सामाजिक जीवन्तता झल्काउँछ। त्यस्तै, उत्तर-पूर्व दिशातर्फ हेर्दा शुक्लागण्डकी बजार, पोखरा भ्यालि तथा हिम श्रिङ्खला समेत अवलोकन गर्न सकिन्छ, जसले तनहुँ जिल्लाको व्यापारिक गतिविधि र भौगोलिक सम्बन्ध प्रष्ट पार्छ।



चित्र ३७ पिपल डाँडा भ्यु-प्वाइन्टमा भयको भ्यु-टावर

भ्यू टावरको माथिबाट चारैतिर फैलिएको पहाड, बस्ती र नदीको सम्मिश्र दृश्यले पर्यटकहरूलाई मोहित पार्छ। साथै, वरिपरिको जंगल क्षेत्र, प्राकृतिक हावा र शान्त वातावरणले यो स्थानलाई विश्राम, फोटोग्राफी र प्राकृतिक अध्ययनका लागि पनि आदर्श गन्तव्य बनाएको छ। यसरी, पिपलडाँडा भ्यू-पोइन्ट भिमाद नगरपालिकाको प्रमुख प्राकृतिक, सांस्कृतिक र दृश्य पर्यटन केन्द्रका रूपमा स्थापित भई नगरको पहिचान र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

४.५.१.८ धन्धुर सिद्द गुफा

१. भौगोलिक अवस्थिति

भीमाद नगरपालिका-९, ७ र २ को संगमस्थलमा अवस्थित धन्दुर सिद्धगुफा क्षेत्र गण्डकी प्रदेशको महत्वपूर्ण धार्मिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीय गन्तव्य हो। समुन्द्र सतह करिब ५४५ मिटरको उचाइमा अवस्थित धन्दुर सिद्धगुफा क्षेत्र भीमाद बजारबाट करिब ३ किलोमिटर पश्चिमतर्फ पर्दछ । भीमाद बजारबाट जिदी खोला हुँदै जाने सिद्धगुफा मोटरमार्गमार्फत तथा भीमाद न.पा.-७ मरुवा चौतारीबाट उत्तरतर्फ बनेको प्रवेशमार्गमार्फत सहज रूपमा यहाँ पुग्न सकिन्छ। प्रवेशद्वारबाट करिब ३०० मिटर माथि पार्किङको व्यवस्था रहेकोले पर्यटकहरूको आवत-जावत सुगम भएको छ।



चित्र ३८ धन्धुर सिद्द गुफा संरचनागत स्थिति

२. सिद्ध गूफा क्षेत्रका संरचना

सिद्ध बाबा मन्दिर

सिद्धगुफा क्षेत्रको प्रवेशद्वारबाट ५०० मिटर उत्तरमा रहेको सिद्ध बाबा मन्दिर यस क्षेत्रको प्रमुख धार्मिक केन्द्र हो। यस स्थानमा आदिकालदेखि पूजा-आजा हुँदै आएको भए पनि पुरानो मन्दिर जीर्ण एवं जोखिमपूर्ण भएपछि सिद्धगुफा विकास समितिद्वारा नयाँ मन्दिर निर्माण गरिएको हो। प्रत्येक वर्ष

शिवरात्री तथा चैते दशैंका अवसरमा ठूलो मेला लाग्ने भएकाले यसले स्थानीय तथा बाह्य पर्यटकलाई आकर्षित गर्दछ।



चित्र ३९ धन्धुर सिद्धगुफा परिसरको सिद्ध बाबा मन्दिर

सिद्धगुफा (मुख्य गुफा)

धन्दुर क्षेत्रको मूल परिचय प्रदान गर्ने सिद्धगुफा प्राकृतिक सौन्दर्य र सांस्कृतिक विश्वासको उत्कृष्ट उदाहरण हो। चारैतिर हरियाली जंगल, तल बहने जिदी खोला र अग्ला पहराको बीचमा स्थित सानो प्रवेशद्वारबाट भित्र पसेपछि ठूलो, कलात्मक र प्राकृतिक आकृतिहरूले भरिएको विशाल कक्ष पाइन्छ। यहाँ रहेका आकृतिहरूलाई स्थानीय बुढापाकाले शिव, पार्वती, गणेश, विष्णु तथा महाभारतसम्बन्धी चरित्रहरूसँग जोडेर व्याख्या गर्ने परम्परा छ। गुफामा क्रमशः पहिलो, दोस्रो र तेस्रो तलासम्म सहज रूपमा पुग्न सकिन्छ, जसका कारण यसले गहिरो आकर्षण कायम राखेको छ। कुल नौ तलासम्म रहेको जनविश्वासले यस क्षेत्रलाई अझ रहस्यमय बनाएको छ।




चित्र ४० धन्धुर सिद्धगुफाको भित्रि स्थिति

हावा-लहरी

सिद्धगुफाबाट करिब ३०० मिटर पश्चिमतर्फ केही माथि रहेको हावा-लहरी यस क्षेत्रको अर्को अलौकिक आकर्षण हो। अग्लो पहराको फेदमा रहेको सानो प्वालबाट निरन्तर बाहिर निस्कने तीव्र हावाको लहरी तथा हल्का गन्धले यो स्थललाई अत्यन्त रोचक र अद्वितीय बनाएको छ। प्राकृतिक रूपमा उत्पन्न हुने यो दृश्य पर्यटकका लागि अविस्मरणीय अनुभव हो।

चमेरे गुफा

सिद्धगुफासँगै अवस्थित चमेरे गुफालाई नेपालकै सबैभन्दा लामो गुफामध्ये एक मानिन्छ। यसमा दुईवटा प्रवेशद्वार छन्, जसमा ठूलो मार्गमा हजारौँ चमेरा बस्ने भएकाले समितिले त्यहाँबाट आवत-जावत रोक लगाएर अर्को सानो सुरक्षित मार्ग निर्माण गरेको हो। गुफाभित्र ठूलो, गहिरो र बहु-शाखायुक्त संरचना पाइन्छ, जसको अन्तिम बिन्दु अझै पत्ता लाग्न बाँकी छ। स्थानीय अनुमान अनुसार यसको लम्बाइ करिब ३ किमि हुनसक्ने मानिन्छ। जैविक विविधता तथा गुफा-संरचनाको अध्ययनका लागि चमेरे गुफा विद्यार्थी र अनुसन्धानकर्ताका लागि महत्त्वपूर्ण अनुसन्धान केन्द्र बनेको छ।

पातालगंगा

चमेरे गुफाभित्र रहेको तर बाहिर कतै नदेखिने भूमिगत नदीलाई पातालगंगा भनिन्छ। गुफाको प्रवेशद्वारमा पानी बगेको आवाज मात्र सुन्न सकिन्छ तर नदी देखिँदैन। गुफाभित्र केही दूरी अघि बढेपछि नदीको सुसाहट अझै स्पष्ट सुनिन्छ, जुन करिब १ किमि दूरीसम्म निरन्तर सुनिन रहन्छ। समितिले भविष्यमा यस पवित्र जललाई बाहिर ल्याई धार्मिक प्रयोजनमा प्रयोग गर्ने योजना बनाइरहेको छ।

सिद्ध बराही मन्दिर

चमेरे गुफाबाट करिब ५०० मिटर पश्चिम-दक्षिणतर्फ रहेको सिद्ध बराही मन्दिर प्राकृतिक पहराको खोंचभित्र, झरनाको बीचमा आकर्षक ढंगले निर्मित छ। यस मन्दिरको निर्माणपछि सिद्धगुफा क्षेत्रको आकर्षण थप वृद्धि भएको छ।



चित्र ४१ धन्धुर सिद्धगुफा क्षेत्रको सिद्ध बाराही मन्दिर

सिद्ध दह

सिद्ध बराही मन्दिरलगत्तै नजिक रहेको सानो पोखरी (दह) भित्र पाइने आकर्षक माछाहरूले पर्यटकलाई लोभ्याउँछन्। दहको शान्त वातावरण र प्राकृतिक सौन्दर्यले यस क्षेत्रको पर्यटन मूल्यलाई थप उच्च बनाएको छ।


३. सिद्ध गूफा क्षेत्र बिकासका प्रयासहरु

धन्दुर सिद्धगुफा क्षेत्रको संरक्षण, विकास तथा प्रवर्द्धनको उद्देश्यले २०६७ साल माघ ८ गते सिद्धगुफा विकास समिति गठन गरिएको हो। यसअघि २०६५ सालमा सिद्धगुफा चैते दशैं मेला आयोजक समिति गठन भई तीनवटा भव्य मेला सफलतापूर्वक सम्पन्न भएको थियो। त्यसपछि २०६८ वैशाख २९ गते समितिलाई जिल्लाप्रशासन कार्यालय तनहुँमा औपचारिक दर्ता गरियो। समितिको उद्देश्य प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको दीगो संरक्षण, पर्यटक वृद्धि, स्थानीयको आयआर्जन वृद्धि तथा सांस्कृतिक सम्पदाको पुस्तान्तरणमा केन्द्रित छ। यस क्षेत्रभित्र रहेका सिद्धगुफा, चमेरे गुफा तथा विभिन्न स्वनिर्मित अलौकिक प्राकृतिक सम्पदाहरूको संरक्षण, प्रचार-प्रसार तथा नयाँ सम्भावनाको पहिचान गरी पूर्वाधार विकास गर्नु समितिको जीम्बेवारी रहेको छ।




चित्र ४२ धन्धुर सिद्द गुफा क्षेत्रमा श्रमदान

परापूर्वकालदेखि पूजा, तथा धार्मिक आस्थाको केन्द्र बनेको यो स्थान २०६९ सालपछि सञ्चालन गरिएको बृहत श्रम-शिविरको ऐतिहासिक सफलतासँगै योजनाबद्ध पूर्वाधार विकास, संरक्षण तथा पर्यटन प्रवर्द्धनका प्रारम्भिक कार्यहरूले नयाँ रूप लिन थालेको छ।




चित्र ४३ धन्धुर सिद्धगुफा स्थित नगरपालिका र संघीय सरकारको सहकार्यमा निर्मित संरचना

भिमाद नगरपालिका र संघीय सरकारको पहलमा अहिले यस क्षेत्रमा पूर्वाधार विकासका कामहरू भएको छ, जसमा गुफासम्म पुग्ने बाटो, सिँढी, मन्दिर वरिपरि संरचना, शौचालय र विश्रामस्थलको निर्माण समावेश छ। यो कार्यले गुफालाई धार्मिक पर्यटन स्थलका रूपमा थप व्यवस्थित र सुरक्षित बनाउनेछ।










चित्र ४४ धन्धुर सिद्धगुफा क्षेत्रमा आयोजित कार्यक्रमका झलक

निरन्तरको प्रयास, स्थानीय जनसहभागिता र प्रचार-प्रसारका कारण धन्दुर सिद्धगुफा क्षेत्र नेपाल सरकारले घोषणा गरेका १०० प्रमुख पर्यटकीय गन्तव्यहरूमा समेटिन सफल भएको छ, जुन यस क्षेत्रकै ठूलो गौरवको विषय हो। भविष्यमा उचित प्रचार-प्रसार, पहुँच सुधार र सरसफाइ व्यवस्थापन गरीएमा यो स्थलले भिमाद नगरको पर्यटन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना छ।

४.५.१.९ ईलुङ झरना

भिमाद नगरपालिका-९ मा अवस्थित ईलुङ झरना प्राकृतिक सुन्दरता र शान्त वातावरणले भरिएको एक आकर्षक स्थल हो। यो झरना पाथर्दी अग्लो ढुंगामुनि नजिकै अवस्थित छ, जसले यस क्षेत्रको भू-दृश्यलाई अझ मनमोहक बनाएको छ। यहाँको पहाडी ढलानबाट बग्ने स्वच्छ पानीको धाराले झरना सिर्जना गरेको छ, जसले प्राकृतिक संगीत र शीतल वातावरण प्रदान गर्छ।



चित्र ४५ भिमाद-९ स्थित इर्लुङ झरना

झरनासम्म पुग्नका लागि केही सिँढीका चरणहरू (steps of sidi) निर्माण गरीएको छ, जसले आगन्तुकहरूको पहुँचलाई सहज बनाएको छ। हाल यो स्थान क्यानोइङ (Canyoning) गतिविधि सुरु गर्नका लागि उपयुक्त स्थलको रूपमा पनि परिचित हुँदै गएको छ। हरियाली वनस्पति, ढुंगाका तहहरू र सतत बग्ने पानीले यो स्थललाई साहसिक तथा प्राकृतिक पर्यटनका लागि अत्यन्त आकर्षक बनाएको छ।




चित्र ४६ इर्लुङ झरनाको संचनागत स्थिति

यसरी, इरुलुङ झरना भिमाद नगरपालिका-९ को प्राकृतिक सुन्दरता, साहसिक सम्भावना र शान्त वातावरणको अद्भुत संयोजन भएको स्थल हो, जसलाई संरक्षण र प्रचार-प्रसारमार्फत भिमाद नगरको प्रमुख पर्यटकीय आकर्षणका रूपमा विकास गर्न सकिने सम्भावना उच्च छ।

४.५.१.१० घाङ्चल्हुम

भिमाद नगरपालिका-९ मा अवस्थित मोहोरिया (घाङ्च ल्हुम) समुद्री सतहदेखि करिब ८५० मिटरको उचाइमा रहेको एक अद्वितीय प्राकृतिक, धार्मिक र साहसिक पर्यटकीय स्थल हो। यो क्षेत्र हालका

वर्षहरूमा सामाजिक सञ्जाल र सञ्चारमाध्यममार्फत चर्चित बनेको छ। पहिला स्थानीयहरूलाई मात्र परिचित यो स्थान अहिले देशभरिका आन्तरिक पर्यटकहरूको आकर्षण केन्द्रमा परिणत भएको छ। मगर भाषामा "घाङ्च ल्हुम" शब्दको अर्थ "अग्लो ढुंगा" हो। यस क्षेत्रको मुख्य आकर्षण नै यही प्राकृतिक रूपमा बनेका विशाल अग्ला चुच्चे ढुंगाहरू हुन्, जसलाई स्थानीय बासिन्दा र प्रदेश सरकारको सहकार्यमा सिङ्गारेर मोहोरिया उद्यानको रूपमा विकास गरीएको छ। गण्डकी प्रदेश तथा स्थानीय सरकार र स्थानीयवासीको सहभागितामा यो उद्यान निर्माण गरीएको हो।



चित्र ४७ घाङ्चल्हुम मोहरियाको नक्सामा अवस्थिति

उद्यानको निर्माणसँगै यहाँको रूपरङ नै बदलिएको छ। जङ्गलभित्र लुकेका ढुंगाहरू अहिले रमणीय उद्यानमा परिणत भएका छन्, जसमा रेलिङसहितको सिँढी, चराको गुँड, फोहरासहितको चराको पोखरी, र चेरीका बिरुवा रोपेर पर्यावरणमैत्री वातावरण सिर्जना गरीएको छ। यसले स्थानीय जैविक विविधता संरक्षणसँगै पर्यटकलाई शान्त र प्राकृतिक अनुभव प्रदान गरेको छ।

उद्यान वरिपरि झोलुङ्गे पुल, चमेरा गुफा, धन्धुर सिद्धगुफा, पाइमी भ्यू-पोइन्ट, र ईलुङ झरना रहेका छन्, जसले यस क्षेत्रलाई एक एकीकृत पदयात्रा र साहसिक पर्यटन सर्किटका रूपमा विकास गर्न सहयोग पुगेको छ। चमेरा गुफाको संरक्षणका लागि गुफाभित्र पस्न नमिल्ने तर बाहिरबाट अवलोकन गर्न मिल्ने चमेरा अवलोकन बिन्दु निर्माण गरीएको छ। यस गुफाबाट मोहोरियाको घाङ्च ल्हुमसम्म जोड्ने ४०० मिटर लम्बाइको रेलिङसहितको सिँढी समेत बनाइएको छ।





चित्र ४८ घाङ्चल्हुम मोहरियाको प्रवेश द्वार तथा अगलो ढुङ्गा

यस क्षेत्रको प्राकृतिक संरचना, मगर समुदायको परम्परागत संस्कृति, हरियालीले ढाकिएको जंगल, र मृदुल हावाको वातावरणले आगन्तुकलाई शान्ति र सौन्दर्यको अनुभूति दिलाउँछ। सामाजिक सञ्जालमा यहाँका तस्वीरहरू भाइरल भएपछि भिमाद नगरपालिका र तनहुँ जिल्लाका अन्य क्षेत्रका सयौं पर्यटकहरू दैनिक रूपमा भ्रमणका लागि आइपुग्ने गरेका छन्।





चित्र ४९ घाङ्चल्हुम मोहरियाको संरचनागत स्थिति

"प्राकृतिक रूपमा आकर्षक ढुंगालाई व्यवस्थित गर्दै उद्यान निर्माण गरीएकाले यसले पर्यटक तान्ने क्षमता बढाएको छ।" उहाँका अनुसार, उद्यानको उचित उपयोग गर्न सकेमा यो स्थल स्थानीय बासिन्दाको आयआर्जन र रोजगारीको स्रोत बन्न सक्छ। वडा अध्यक्ष इमानबहादुर थापाका अनुसार, आगामी वर्षहरूमा यो क्षेत्रलाई फूलको बगान, पदमार्ग र सामुदायिक होमस्टेसँग जोड्ने योजना रहेको छ, जसले मोहोरियालाई एकदिने पदयात्राको उत्कृष्ट गन्तव्यका रूपमा स्थापित गर्नेछ।





चित्र ५० घाङ्चल्लुम मोहरियाको सौन्दर्यकरण तथा वातावरणिय पक्ष

मोहोरिया क्षेत्रले प्राकृतिक सौन्दर्यसँगै सामाजिक रूपान्तरण र समुदाय-केन्द्रित पर्यटन विकासको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ। जंगलभित्र लुकेका ढुंगाहरू र गुफाहरूलाई संरक्षण र सौन्दर्यकरणमार्फत नयाँ जीवन दिइएको छ। अहिले यो क्षेत्र भिमाद नगरपालिकाको मात्र होइन, गण्डकी प्रदेशकै तीव्र विकासोन्मुख पर्यटन गन्तव्यका रूपमा पहिचान हुँदै गएको छ।


यसरी, मोहोरिया (घाङ्च ल्हुम) आज प्राकृतिक, धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनको संगम स्थल बनेको छ। यो स्थानले भिमाद नगरपालिकाको पर्यटन नक्सामा नयाँ ऊर्जा भरेको छ र भविष्यमा यसले स्थानीय विकास, रोजगारी र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ठुलो योगदान पुऱ्याउने विश्वास गरीएको छ।

४.५.१.११ पाइमी कोटघर

भिमाद नगरपालिका-९ मा अवस्थित पाङ्मी कोटघर समुद्री सतहदेखि करिब १,१५० मिटरको उचाइमा रहेको एक ऐतिहासिक, धार्मिक र प्राकृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल हो। यो स्थान भिमाद नगरपालिकाको उत्तर-पश्चिम भागमा पर्दछ र यहाँबाट अन्नपूर्ण हिमाल श्रृंखला, भिमाद बजार, हरियाली वन क्षेत्र, तथा वरिपरिको गाउँबस्तीहरू अत्यन्त स्पष्ट रूपमा देख्न सकिन्छ।

यो क्षेत्र प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र दृश्य पर्यटनको उत्कृष्ट संयोजन भएको स्थलका रूपमा परिचित छ। यहाँ निर्माण गरीएको भ्यू टावर, मन्दिर, चौतारा, पदमार्ग र विश्राम स्थलहरूले आगन्तुकहरूलाई सहज र आकर्षक अनुभव प्रदान गर्छन्। भ्यू टावरको माथिबाट हेर्दा हिमाल, पहाड र बस्तीहरूको मनोरम दृश्यले यस स्थानलाई अत्यन्त मनमोहक बनाएको छ। बिहानको घामको किरणले अन्नपूर्ण हिमाल श्रृंखलामा परेको दृश्य विशेषगरी यहाँको मुख्य आकर्षण हो।

तलको तस्बिरमा देखिएझैं, मन्दिर परिसर र भ्यू टावर नजिकैको क्षेत्र व्यवस्थित रूपमा बनाइएको छ, जसले धार्मिक शान्ति र प्राकृतिक रमणीयता दुवैको अनुभव दिलाउँछ। यहाँका चौताराहरू विश्रामका लागि उपयुक्त छन्, र पदमार्ग तथा सिँढीहरूले यात्रालाई सहज र सुरक्षित बनाएका छन्। यो स्थल स्थानीय समुदायको श्रमदान र भिमाद नगरपालिकाको सहयोगमा विकास गरीएको हो।



चित्र ५१ पाङ्मी कोटघरको अवस्थिति र दृष्य

भौगोलिक रूपमा हेर्दा, पाङ्मी कोटघर हरियालीले ढाकिएको डाँडाको टुप्पोमा अवस्थित छ, जहाँको हावापानी चिसो, स्वच्छ र शान्त छ। यस स्थानको "कोटघर" नाम ऐतिहासिक रूपमा **प्राचीन निगरानी वा सुरक्षास्थल (Watchpost) सँग सम्बन्धित रहेको जनविश्वास पाइन्छ। यसले यो स्थान कुनै समय रणनीतिक महत्त्व बोकेको संकेत गर्दछ।



चित्र ५२ पाङ्मी कोटघर अवस्थिति भ्यु-टावर

साथै, यहाँबाट अन्नपूर्ण हिमाल श्रृंखला अत्यन्त नजिक र स्पष्ट देखिन्छ, जसले दृश्यावलोकन पर्यटनको दृष्टिले यस क्षेत्रको मूल्य बढाएको छ। तलको तस्बिरमा देखिएझैं, टावरको माथिबाट देखिने अन्नपूर्ण क्षेत्रको दृश्य अत्यन्त आकर्षक र अद्भुत छ।

भविष्यमा यस स्थलको थप विकासका लागि पूर्वाधार विस्तार, सरसफाइ व्यवस्थापन, होमस्टे प्रवर्द्धन र प्रचार-प्रसारका योजना अघि सारिएका छन्। यसले स्थानीय पर्यटन, आयआर्जन र रोजगारीमा योगदान पुऱ्याउनेछ।



चित्र ५३ पाङ्मी कोटघरको संरचनागत स्थिति

यसरी, पाङ्मी कोटघर प्राकृतिक सुन्दरता, धार्मिक आस्था, ऐतिहासिक सन्दर्भ र हिमाल श्रृंखलाको दृश्यावलोकनको संगम स्थल हो। यहाँ आगन्तुकहरूले अन्नपूर्ण क्षेत्रका हिमालहरू, भिमाद बजार, र वरिपरिको हरियाली भू-दृश्य एकै ठाउँबाट अवलोकन गर्न सक्छन्। उचित संरक्षण र विकास गरीएमा पाङ्मी कोटघर भिमाद नगरपालिकाको प्रमुख दृश्यावलोकन र आन्तरिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुनसक्ने उच्च सम्भावना बोकेको स्थल हो।

४.५.२ साहसिक पर्यटन

पर्यटन विकासको महत्त्वपूर्ण पक्ष मध्ये साहसिक पर्यटन पनि महत्त्वपूर्ण मानिन्छ। नेपालमा पर्यटन विकासको सुरुआत पनि साहसिक पर्यटन पर्वतारोहणबाट सुरु भएको हो। साहसिक पर्यटनको रूपमा निम्न कुराहरुलाइ लिन थालियको छ।


१) नदीहरूमा गरीने ¥याफ्टिङ,
२) अग्लो भागबाट उडने प्याराग्लाइडिङ,
३) नदीका कहाली लाग्दा खोँचहरूमा गरीने बन्जी जम्प,
४) पहाडी भागमा गरीने माउन्टेन बाइकिङ,
५) झरनाहरूमा गरीने क्यानोइङ,
६) पहराहरूमा गरीने रक क्लाइम्बिङ, आदि रहेका छन।

तालिका ११ नगरपालिकामा भएका साहसिक पर्यटकीय केन्द्रहरु

क्र. सं.	पर्यटन स्थल	वडा नं.	आकर्षण केन्द्र	पर्यटन प्रकार	महत्व	कैफियत
१	पोखरी छाप (बिरथुम) प्याराग्लाइडिङ	८	प्याराग्लाइडिङ	साहसिक पर्यटन	सहासिक यात्रा	
२	पीरुङ रक क्लाइम्बिङ	४	रक क्लाइम्बिङ	साहसिक पर्यटन	सहासिक खेलकुद	
३	इर्लुङ झरना क्यानोइङ	९	क्यानोइङ	साहसिक पर्यटन	सहासिक यात्रा	
४	सेती नदि र्याफ्टीङ (छोटो दुरिको)	७,६,५	र्याफ्टिङ	साहसिक पर्यटन	सहासिक यात्रा	
५	अन्य साहसिक खेल गतिविधि	सबै	भलिवल, फुटवल, म्याराथुन	मनोरन्जन/साहसिक पर्यटन	मनोरन्जन /खेलकुद	

स्रोत- स्थलगत सर्वेक्षण २०८१

भिमाद नगरपालिकामा पनि विशेष गरी रक क्लाइम्बिङ, प्याराग्लाइडिङ , माउन्टेन बाइकिङ, जङ्गल सफारी, जस्ता साहसिक पर्यटनको सम्भावना रहेको छ। यसको विस्तृत अध्ययन गर्न जरुरी छ। नगरपालिकामा रहेका साहसिक पर्यटनका क्षेत्रहरूलाई तलको तालिकामा देखाइएको छ।



चित्र ५.४ भिमादमा साहसिक पर्यटकीय केन्द्रहरु

४.५.३ धार्मिक तथा सांस्कृतिक पर्यटन (Religious and Cultural Tourism)

नेपाल एक बहुधार्मिक, बहु सांस्कृतिक, बहुजातीय देश हो। भिमाद नगरपालिकामा पनि विभिन्न धर्म, संस्कृति र जात जातीका मानिसहरूको सम्मिश्रण स्थल हो, जहाँ सहिष्णुताका साथ मानिसहरु मिलेर सद भाव पूर्ण रुपमा बसोबास गरेको पाइन्छ। भिमाद नगरपालिकाले धार्मिक पर्यटनको दृष्टिले ज्यादै महत्त्वपूर्ण स्थान ओगट दछ। पर्यटन क्षेत्रलाई सघाउने, सांस्कृतिक विशिष्टता तथा धार्मिक

परम्पारहरूको संरक्षण एवम प्रवर्द्धन गर्नु नितान्त आवश्यक छ। यी धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको व्यापक प्रचार प्रसार गर्न सके यस क्षेत्रको आर्थिक एवम सामाजिक विकासले कोल्टे फेर्न सक्ने पर्याप्त सम्भावना रहेको छ।

यहाँका विभिन्न जातहरुमा थारु, मगर, नेवार, ब्राह्मण, क्षेत्री आदिका आफ्नै तरिकाका लवाइ खवाइ, रहन सहन, चाडपर्व, पूजा आजा, भाषा, धर्महरू रहेका छन। ती पर्यटनका दृष्टिले सम्पदाहरू हुन, तिनीहरुको संरक्षण, संवद्र्धन र प्रचार प्रसार गर्न सकेमा सांस्कृतिक पर्यटनको विकास हुन सक्ने यथेष्ठ सम्भावना रहेको छ। मुलत धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रलाइ दुइ भागमा विभाजन गर्न सकिन्छ।

क) मूर्त सम्पदा (Tangible Heritage)

ख) अमूर्त सम्पदा (Intangible Heritage)

क) मूर्त सम्पदा (Tangible Heritage)

मूर्त सम्पदा भन्नाले आँखा देखिने, हातले छुन सकिने, संरचना वा भौतिक स्वरूपमा रहेको सांस्कृतिक सम्पदालाई बुझिन्छ। यस प्रकारका सम्पदामा भवन, मन्दिर, गुम्बा, मस्जिद, चर्च, दरबार, गढी, पाटी, पौवा, ऐतिहासिक पुल, गुफा, स्मारक, मूर्ति तथा स्थानीय परम्परागत घर-आवाससम्म पर्दछन्।

नेपालको सन्दर्भमा मूर्त सम्पदा केवल सांस्कृतिक आस्था र धार्मिक महत्वसँग मात्र सम्बन्धित छैन, यसले समुदायको इतिहास, कला, वास्तुकला र जीवनशैलीलाई पनि प्रकट गर्दछ। यी सम्पदाहरूले स्थानीयलाई आफ्नो पहिचान र गौरवसाथ जोड्छ भने पर्यटकलाई आकर्षणको माध्यम बन्न पुग्छ। नगरपालिकामा भएका मूर्त सम्पदाहरु तलको तालिकामा प्रस्तुत गरीएको छ।


तालिका १२ नगरपालिकामा भएका मूर्त सम्पदा केन्द्रहरु

क्र.सं.	पर्यटन स्थल	वडा नं.	पर्यटन प्रकार	आकर्षण केन्द्र	महत्व
१	सज्जन जामे मस्जिद	१	धार्मिक	मस्जिद	धार्मिक पुजा-आरधाना
२	शान्ति बौद्ध बिहार	१	धार्मिक	गुम्बा	बलि तथा पुजा
४	कोट बाराही मन्दिर	२	धार्मिक	मन्दिर	बलि तथा पुजा
५	रघुकोट मन्दिर	२	धार्मिक	मन्दिर	बलि तथा पुजा
६	माझकोट मन्दिर	३	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
७	भैरवथान मन्दिर	४	धार्मिक	मन्दिर	बलि तथा पुजा
८	जलदेवी मन्दिर	४	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
९	कालभैरव मन्दिर	४	धार्मिक	मन्दिर	बलि तथा पुजा
१०	मौलाकाली मन्दिर	५	धार्मिक	मन्दिर	बलि तथा पुजा
११	भीमसेन मन्दिर	५	धार्मिक	मन्दिर	बलि तथा पुजा
१२	दुर्गा मन्दिर	५	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
१३	गणेश मन्दिर	५	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
१५	राम मन्दिर	५	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना

क्र.सं.	पर्यटन स्थल	वडा नं.	पर्यटन प्रकार	आकर्षण केन्द्र	महत्व
१६	मिछुर्लुङ भैरवस्थान	५	धार्मिक	मन्दिर	बलि तथा पुजा
१७	शिव पञ्चायन मन्दिर	६	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
१८	विश्व शान्ति बौद गुम्बा	६	धार्मिक/पर्यटकीय	गुम्बा	धार्मिक पुजा-आरधाना
१९	कालिका मन्दिर	७	धार्मिक	मन्दिर	बलि तथा पुजा
२०	भिमसेन मन्दिर	७	धार्मिक	मन्दिर	बलि तथा पुजा
२१	कोट भैरव मन्दिर	७	धार्मिक	मन्दिर	बलि तथा पुजा
२२	शिवालय मन्दिर	७	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
२३	लाटी बाराही मन्दिर	८	धार्मिक	मन्दिर	बलि तथा पुजा
२४	भैरव मन्दिर	८	धार्मिक	मन्दिर	बलि तथा पुजा
२५	गणेश थान	८	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
२६	अद्भभुत शिवधुनी	८	धार्मिक	मन्दिर	धार्मिक पुजा-आरधाना
२७	सिद्ध बराही मन्दिर (शिद्द गुफा)	९	धार्मिक	मन्दिर	बलि तथा पुजा
२८	कालभैरव मन्दिर	९	धार्मिक	मन्दिर	बलि तथा पुजा
२९	पाइमी चर्च	९	धार्मिक	चर्च	आरधाना
३०	चारघर चर्च	९	धार्मिक	चर्च	आरधाना

स्रोत- स्थलगत सर्वेक्षण २०८१

भिमाद नगरपालिकामा रहेका प्रमुख मूर्त सम्पदामा मौलाकाली मन्दिर, लाटी बाराही मन्दिर, सिद्ध बराह मन्दिर, कोटबाराही मन्दिर, थुम्की डाँडाको बौद्ध गुम्बा, ऐतिहासिक झोलङ्गे पुल, विभिन्न गुफाहरू (सति गुफा, चमेरे गुफा, सिद्ध गुफा), सामुदायिक पाटी र चौतारा आदि उल्लेखनीय छन्। यी सम्पदाहरू धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले मात्र होइन, पर्यटन प्रवर्द्धनका दृष्टिले पनि उच्च महत्वका छन्।




चित्र ५५ भिमाद नगरपालिकाका धार्मिक पर्यटकीय केन्द्रहरुको नक्साङ्कन

माथि उल्लेखित धार्मिक तथा सांस्कृतिक सम्पदा मध्ये केहि प्रमुख स्थानको सम्क्षिप्त विवरण -

४.५.३.१ कोट बाराही मन्दिर

भिमाद नगरपालिकाको जौपानी गाउँमा अवस्थित कोट बराही मन्दिर धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण तीर्थस्थल हो। यो मन्दिर समुद्री सतहबाट करिब १२७५ मिटर उचाइमा रहेको छ र नगरको सबैभन्दा उच्च भू-भागमध्ये एक हो।



चित्र ५६ कोट बाराही मन्दिरको गुगल नक्साङ्कन दृष्य

मन्दिर कोटपाहाड (रातो भीर) नामले चिनिने उँचो टाकुरामा अवस्थित छ, जुन प्राकृतिक रूपमा अत्यन्त सुन्दर र रणनीतिक रूपमा पनि रोचक स्थान हो। कोट बराही मन्दिर क्षेत्रबाट वरपरका पहाड, माडी उपत्यका, किहुँ गाउँ, गुङ्थर, फुलान्थान डाँडा, सतिकोट गुफा डाँडा, हुक्का डाँडा, र हरिनास गाउँपालिकाका बस्तीहरू सम्मको स्पष्ट दृश्य देख्न सकिन्छ।



चित्र ५७ कोट बाराही मन्दिरको भौगोलिक अवस्था र यहाँको मनोरम दृष्य

मन्दिरको मुख्य आकर्षण यसको भौगोलिक स्थान र दृश्यावलोकन सम्भावना हो। यहाँबाट उत्तरतर्फको हिमशृङ्खला ' अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी र मनास्लु — स्पष्ट रूपमा देखिन्छ, जसले यस स्थललाई दृश्यावलोकन पर्यटनका लागि पनि अत्यन्त आकर्षक बनाएको छ। बिहानको सुर्योदय र साँझको सुर्यास्तका बेला हिमालमा पर्ने सुनौलो प्रकाशले सम्पूर्ण क्षेत्रलाई मोहक बनाउँछ। यस्तो रमणीय दृश्यकै कारण कोट बराही मन्दिरलाई "भिमादको दृश्यात्मक आकाश रेखा (Skyline Point)" पनि भन्न सकिन्छ।

कोट बराही मन्दिर अवस्थित डाँडो रातो भीर (Red Cliff) ले चिनिने भू-आकृतिक क्षेत्र हो, जुन भूगर्भीय दृष्टिले तनहुँको पहाडी भू-संरचनाको विशेष नमूना हो। भीरको भागमा देखिने बलुवा ढुंगाको तह र वनस्पतिक आवरणले यस स्थानको प्राकृतिक विविधता झल्काउँछ। साथै, यस क्षेत्रको उचाइ र


भौगोलिक अवस्थाले हावापानीको अध्ययन, जैविक विविधता र भू-संरचनात्मक अध्ययनका लागि पनि उपयुक्त स्थल बनाएको छ।





चित्र ५८ कोट बाराही मन्दिर परिसरको मन्दिर र कोटघर

कोट बराही मन्दिरलाई स्थानीय समुदायले अत्यन्तै पवित्र स्थलको रूपमा पूजाआजा गर्छन्। हरेक वर्ष दशैंको कालरात्रीमा यहाँ विशेष पूजा-बलिदान र धार्मिक कार्यक्रम सञ्चालन हुने गर्दछ। बराही मन्दिरलाई विष्णुको बराह अवतारसँग सम्बन्धित मानिन्छ, जसले सृष्टिको रक्षा गरेको धार्मिक विश्वास रहेको छ। स्थानीयवासीहरूको भनाइ अनुसार, यो स्थल प्राचीन समयमा सुरक्षा-निगरानी केन्द्र (कोटघर) को रूपमा पनि प्रयोग गरीन्थ्यो, जसको अवशेष आज पनि "कोटघर" का रूपमा मन्दिर वरिपरि देख्न सकिन्छ।





चित्र ५९ कोट बाराही मन्दिरको संरचनाहरु


कोट बराही मन्दिरसम्म पुग्ने बाटो "कोटथर" बाट सुरु हुने सिँढीमार्ग हुँदै माथिल्लो टाकुरोमा पुगिन्छ। बाटो वरिपरि हरियाली वनस्पति, चराचुरुङ्गीको आवाज, र खुला आकाशको साथमा दृश्यावलोकन अनुभव एकदमै मनमोहक हुन्छ। माथिबाट हेर्दा भिमाद बजार, मादी नदी, खेतबारी, र गाउँहरूको आकर्षक

रूपले फैलिएको दृश्यले हरेक आगन्तुकलाई मोहित बनाउँछ। यस ठाउँमा पर्यटन पूर्वाधार विस्तार गरी धार्मिक-दृश्यावलोकन पर्यटन केन्द्रको रूपमा विकास गर्ने ठूलो सम्भावना रहेको छ।

हाल मन्दिर परिसरमा पुरानो बराही मन्दिर, एउटा सानो कोटघर, र त्रिशूल रहेका छन्। ती संरचनाहरूलाई संरक्षण, मर्मत र सौन्दर्यीकरण गर्दै आधुनिक धार्मिक पार्कको रूपमा रूपान्तरण गर्न सकिनेछ। नगरपालिकाले यसलाई भिमादको धार्मिक-संस्कृतिक सर्किट अन्तर्गत समेट्न सकिन्छ। यसले भिमादलाई आन्तरिक तथा बाह्य पर्यटनको केन्द्र बनाउन सहयोग पुऱ्याउनेछ।

४.५.३.२ माझकोट मन्दिर

भिमाद नगरपालिकाको वडा नं. ३ मा अवस्थित माझकोट मन्दिर धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल हो। यो मन्दिर समुद्री सतहबाट करिब ८५५ मिटर उचाइमा रहेको छ र भिमाद नगरको मध्य दक्षिण भागमा पर्दछ। "माझकोट" शब्द स्वयंले "बीचको गाउँ" भन्ने अर्थ जनाउँछ, जसले यस स्थानको भौगोलिक केन्द्रियता र ऐतिहासिक पहिचान प्रष्ट पार्दछ। मन्दिर अवस्थित ठाउँ शान्त, हरियालीले आच्छादित र दृश्यावलोकनका लागि उपयुक्त छ, जहाँबाट सेती नदीको किनारा, भिमाद बजार, र वरपरका पहाडहरू अत्यन्त मनमोहक देखिन्छन्।



चित्र ६० कोट बाराही मन्दिरको गुगल नक्सा

माझकोट मन्दिर धार्मिक दृष्टिले स्थानीय बासिन्दाहरू विशेषगरी मगर समुदायका लागि अत्यन्त पूजनीय स्थल हो। यहाँका मगर समुदायका मानिसहरूले वर्षभरि विभिन्न देवीदेवताहरूको आराधना गर्ने परम्परा राखेका छन्। विशेष गरी दशैं, साउने संक्रान्ति, तिहार र स्थानीय पर्वहरूको अवसरमा यहाँ ठूलो मेला र पूजा कार्यक्रम आयोजना गरीन्छ। मगर संस्कृतिमा देवी-देवताप्रतिको श्रद्धा, सामूहिकता र परम्परागत

संगीत-नृत्यको अभ्यास यसै मन्दिरसँग जोडिएको पाइन्छ। यस कारण माझकोट मन्दिर धार्मिक मात्रै नभई सामाजिक र सांस्कृतिक एकताको केन्द्र पनि हो।



चित्र ६१ कोट बाराही मन्दिरको संरचनाहरु

मन्दिरको संरचना आधुनिक रूपको भए पनि यसको आधार परम्परागत नेपाली वास्तुकलामा देखिन्छ। तस्बिरमा देखिएझैं, मन्दिर तीनतले वर्गाकार स्वरूपमा बनेको छ जसको माथिल्लो भागमा सानो गजुर राखिएको छ। सेतो र रातो रंगले मन्दिरको पवित्रता र परम्परागत सौन्दर्य झल्काउँछ। मन्दिर परिसरमा सिँढीमार्ग, बरामदा, र बगैंचा छन्, जसले वरिपरि हरियाली वातावरण सिर्जना गरेको छ। तलतलामा पूजा गर्ने स्थान र खुला बरामदा रहेको छ, जहाँ भक्तजनहरू पूजा-आराधनाका लागि आउँछन्।

माझकोट मन्दिर वरिपरि विभिन्न बोटबिरुवा, लहरैमा फैलिएका गाउँबस्ती र खेतबारीहरूले यो स्थानलाई ग्रामीण सौन्दर्यको नमूना बनाएका छन्। मन्दिरको वरिपरि खुला ठाउँले यहाँ धार्मिक समारोह, सामूहिक

भजन-कीर्तन, र स्थानीय उत्सवहरूको आयोजना गर्न सहज बनाएको छ। साथै, मन्दिर अवस्थित डाँडाबाट सूर्योदय र सूर्यास्तको दृश्यावलोकन गर्न सकिने भएकाले यो स्थान दृश्य पर्यटनका दृष्टिले पनि आकर्षक छ।

यस मन्दिरले भिमाद नगरपालिकाको धार्मिक सम्पदामा मात्र होइन, स्थानीय मगर संस्कृतिको संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ। यहाँको धार्मिक परम्परा र आस्थाले स्थानीय पहिचानलाई बलियो बनाएको छ। नगरपालिकाले यसको सौन्दर्यीकरण, सडक पहुँच, र प्रकाश व्यवस्थाको सुधार गर्दै यसलाई धार्मिक-पर्यटन केन्द्रको रूपमा प्रवर्द्धन गर्न सकेमा माझकोट मन्दिर भिमादको सांस्कृतिक सम्पदाको नयां प्रतीक बन्न सक्नेछ।

४.५.३.३ शिव पञ्चायन मन्दिर.

भिमाद नगरपालिकाको केन्द्र भागमा अवस्थित शिव पञ्चायन मन्दिर भौगोलिक, धार्मिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल हो। यो मन्दिर सहरको भीडभाडमाथि रहेको टाकुरोमा अवस्थित छ, जहाँबाट सम्पूर्ण भिमाद बजार, सेती नदीको किनारा र वरिपरिका पहाडी डाँडाहरू स्पष्ट रूपमा देख्न सकिन्छ। मन्दिर क्षेत्र वरिपरि चारैतिर बस्ती फैलिएको छ, जबकि माथिल्लो भागमा सानो जंगल र मन्दिर रहेको समथर भूमि छ।



चित्र ६२ शिव पञ्चायन मन्दिरको गुगल नक्साङ्कन तथा दृष्य

मुख्य मन्दिर दुईतले शैलीमा निर्माण गरीएको छ जसको माथिल्लो भागमा सानो गजुर जडान गरीएको छ। भुइँतलामा मुख्य गर्भगृह छ जहाँ पञ्चायन देवता ‘ शिव, पार्वती, गणेश, सूर्य र विष्णु — का मूर्तिहरू विराजमान छन्। मन्दिरको अगाडिको भागमा घण्टी, ढुङ्गाका नन्दी र नागको मूर्ति छन्। केही मूर्तिहरू प्राचीन ढुङ्गामा कुँदिएका छन् ‘ जस्तै हनुमानले गिरी धारण गरेको शिल्प, दुर्गा, सरस्वती आदि। यी मूर्तिहरूले स्थानीय कला र ऐतिहासिक सन्दर्भको गहिरो झल्को दिन्छन्।



चित्र ६३ शिव पञ्चायन मन्दिरको मुल मन्दिर

शिव पञ्चायन मन्दिरको पछाडिपट्टि पुरानो ढुंगामाटोले बनेको सानो मन्दिर अवस्थित छ, जहाँ प्राचीन ढुंगाका दुर्गा माता, महालक्ष्मी र महासरस्वतीका मूर्तिहरू सुरक्षित राखिएका छन्। यी मूर्तिहरू निकै पुराना ढुंगामा कुँदिएका हुन्, जसमा धार्मिक शिलालेखहरू पनि अंकित छन्। बीचमा दुर्गा माता, दायाँतर्फ सरस्वती, र बायाँतर्फ महालक्ष्मीको मूर्ति स्थापित छ। मूर्तिहरूमा हातमा अस्त्र-शस्त्र, वीणा, र शङ्ख-पद्म जस्ता प्रतीकहरू कुँदिएका छन्, जसले हिन्दु त्रिदेवीको आध्यात्मिक शक्ति र सृष्टि-पालन-संहारको प्रतीकात्मक अर्थ झल्काउँछ।



चित्र ६४ शिव पञ्चायन मन्दिरको परिसरमा रहेका दुइ पुराना मन्दिर

मन्दिर परिसरमा हनुमानले गिरि धारण गरेको मूर्ति, नागको मूर्ति (शेषनाग), र अन्य पत्थरका शिल्पहरू पनि अवस्थित छन्। यी मूर्तिहरू प्राचीन कालमा ढुंगाबाट बनाइएका हुन्, जसमा स्थानीय कारीगरहरूको कला झल्किन्छ। यी सबै मूर्तिहरू अहिले पनि बाहिरी खुला मन्दिरभित्र पूजा गरीने अवस्थामा रहेका छन्।



चित्र ६५ दुइ पुराना मन्दिर भित्र रहेका मुर्तिहरु

शिव पञ्चायन मन्दिर र पुरानो देउला दुवै भिमादवासीहरूको आस्था र विश्वासको केन्द्र हो। प्रत्येक वर्ष महाशिवरात्रि, तीज, साउन सोमबार, नवदुर्गा पूजा, र सरस्वती पूजाको अवसरमा यहाँ ठूलो मेला लाग्ने गर्दछ। भक्तजनहरू विशेषगरी दुर्गा माता र सरस्वती मूर्तिको दर्शन गर्न आउने गर्छन्। मन्दिर क्षेत्र वरिपरि हरियो वनस्पति र सानो खुला स्थानले वातावरणलाई शान्त र आध्यात्मिक बनाएको छ। टाकुरोबाट भिमाद बजारको सुर्योदय र सूर्यास्त दृश्य मनमोहक देखिन्छ।




चित्र ६६ मन्दिर सरिसरमा रहेका नागका र हनुमान गिरिका मुर्तिहरु

शिव पञ्चायन मन्दिर र त्यसको पुरानो देउला क्षेत्र भिमाद नगरपालिकाको ऐतिहासिक-धार्मिक सम्पदाको अमूल्य धरोहर हो। बाहिरी सानो मन्दिरमा रहेका दुर्गा माता, महालक्ष्मी र महासरस्वतीका मूर्तिहरू यस स्थानको सांस्कृतिक निरन्तरता र धार्मिक गहिराइको प्रमाण हुन्। उचित संरक्षण, शिलालेख संरक्षण र वातावरणीय व्यवस्थापनद्वारा यस स्थललाई "भिमाद धार्मिक सम्पदा पार्क"को रूपमा विकसित गर्न सकिन्छ, जसले शहरको सांस्कृतिक पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउनेछ।

४.५.३.४ शिवालय मन्दिर

भिमाद नगरपालिकाको वडा नं. ७ मा रहेको शिवालय मन्दिर धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल हो। यो मन्दिर भिमाद बजारनजिकै सेती नदीको किनारमा अवस्थित छ र भिमादको धार्मिक आस्था तथा सांस्कृतिक पहिचानको प्रतीकका रूपमा परिचित छ। प्रस्तुत तस्बिरहरूमा देखिएझैं, मन्दिरको पुरानो स्वरूप र हालको पुनर्निर्मित रूपले यस स्थानको दीर्घ ऐतिहासिक यात्रा झल्काउँछ।

गुठी शिलालेख र अभिलेखहरूका आधारमा शिवालय मन्दिरको स्थापना करिब विक्रम संवत् १७५८ तिर भएको उल्लेख पाइन्छ। यस मन्दिरको निर्माण कास्कीका राजा श्रीछत्र शाहका वंशज श्रीकृष्ण शाह र उनीहरूको परिवारद्वारा गरीएको थियो। उनीहरू कास्की, नुवाकोट र तनहुँ क्षेत्रका बीचमा धार्मिक गतिविधि विस्तार गर्ने शाहवंशका सदस्य थिए।



चित्र ६७ बि.स.२०४५ साल तिरको शिवालय मन्दिर

गुठी लेख अनुसार, श्रीकृष्ण शाहका वंशधरहरूले भिमाद क्षेत्रमा धार्मिक कार्यका लागि ठूलो क्षेत्रफलको जग्गा गुठीस्वरूप दान गरेका थिए ‘ जसमा धानखेत, बारी, बगैंचा र खेतीयोग्य जमिन समावेश छन्। यसै गुठीबाट प्राप्त आम्दानीले मन्दिरमा हुने दैनिक पूजा, बत्ती, धूप-दियो र महाशिवरात्रि पर्वको आयोजना गर्न सहयोग पुऱ्याइँदै आएको छ।

शिवालय मन्दिर समूहमा तीनवटा मुख्य गुम्बज-शैलीका शिखरहरू छन् (चित्रहरूमा देखिएझैं), जुन नेपाली परम्परागत शिखर-शैली वास्तुकलामा निर्मित छन्। मन्दिरहरू ईंटाको जगमा उठाइएका छन् र माथिल्लो भागमा कलात्मक गजुर, तोरण र जलहरी जडान गरीएको छ। पुरानो तस्बिरमा देखिएझैं, मन्दिर विगतमा ढुंगामाटोको पर्खालले घेरेको थियो, जसको संरक्षण र पुनर्निर्माण पछि अहिलेको आकर्षक स्वरूपमा रूपान्तरण गरीएको छ। हाल मन्दिर क्षेत्रलाई रातो-सेतो रङले पुनःरङ्गिएको छ जसले धार्मिक सौन्दर्यलाई थप उजागर गरेको छ।

शिवालय मन्दिरमा भगवान शिव, पार्वती, गणेश र नन्दीको मूर्ति स्थापित छ। विशेषगरी महाशिवरात्रि, बालाचतुर्दशी, र साउन महिनाभरि यहाँ ठूलो मेला र भक्तजनको भीड लाग्ने गर्दछ। स्थानीय बासिन्दा, साथै तनहुँ, कास्की र स्याङ्जाबाट समेत भक्तजन यहाँ पूजा गर्न आउँछन्। सेती नदीको किनारमा रहेको यो मन्दिर स्नान र तीर्थयात्रा दुवैका लागि पवित्र स्थल मानिन्छ।



चित्र ६८ शिवालय परिसरको संरचनागत स्थिति

शिवालय मन्दिर भिमाद क्षेत्रका सामुदायिक र सांस्कृतिक कार्यक्रमहरूको केन्द्र पनि हो। प्रत्येक वर्ष यहाँ शिवरात्रि महोत्सव, धुप-धुन र सामूहिक भजन-कीर्तन आयोजना गरीन्छ। यसले नगरको सामाजिक एकता र धार्मिक सह-अस्तित्वलाई सुदृढ बनाएको छ।

हाल भिमाद नगरपालिका र स्थानीय गुठी संस्थाले संयुक्त रूपमा मन्दिर परिसरको संरक्षण, सिँढीमार्ग, बत्ती र सरसफाइको व्यवस्थापन गर्दै आएको छ। पुरानो ढाँचा जोगाउँदै आधुनिक सुविधासहित यसलाई धार्मिक-पर्यटन स्थलको रूपमा विकास गर्ने योजना पनि अघि बढाइएको छ।

निष्कर्षमा, शिवालय मन्दिर भिमाद नगरपालिकाको धार्मिक हृदय हो ‘ जसले केवल पूजाआजा र श्रद्धालाई मात्र होइन, ऐतिहासिक गुठी परम्परा, वास्तुकला र सांस्कृतिक निरन्तरताको प्रतिविम्ब पनि प्रस्तुत गर्दछ। सेती नदीको किनारमा अवस्थित यसको रमणीय भू-दृश्य, ऐतिहासिक गुठी शिलालेख र कलात्मक संरचनाले यसलाई भिमाद नगरपालिकाको प्रमुख पर्यटन-धार्मिक सम्पदाको रूपमा स्थापित गरेको छ।

४.५.३.५ लाटी बाराही मन्दिर

भिमाद नगरपालिकाको वडा नं. ८ मा अवस्थित लाटी बराही मन्दिर नगरको निचोरो भू-भागमा रहेको ऐतिहासिक र धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण तीर्थस्थल हो। यो मन्दिर पहाडको फेदमा रहेको प्राकृतिक चट्टानको गुहा (चित्र-१ मा देखिएझैं) भित्र अवस्थित छ, जसले यसलाई अन्य मन्दिरहरूभन्दा फरक र अद्भुत बनाएको छ। मन्दिरको अगाडिपट्टि बराही पोखरी (Barahi Pond) रहेको छ, जसले मन्दिरको सौन्दर्य र पवित्रतालाई अझ गहिरो बनाएको छ।

लाटी बराही मन्दिर समुद्री सतहबाट करिब ४५०-५०० मिटर उचाइमा रहेको छ र भिमाद बजार क्षेत्रदेखि सजिलै पुग्न सकिने दूरीमा पर्छ। मन्दिर क्षेत्रलाई चारैतिरबाट लोहोको रेलिङ र ढुङ्गा-सिँढीले घेरेको छ (चित्र-३ मा देखिएझैं), जसले धार्मिक यात्रुहरूका लागि सुरक्षित पहुँच सुनिश्चित गर्छ। सिँढी माथि चढ्दै जाँदा गुहाभित्र अवस्थित मन्दिरसम्म पुगिन्छ, जहाँ भगवती बराही देवीको पूजा-आराधना

गरीन्छ। यो स्थल धार्मिक मात्र होइन, भौगोलिक रूपमा पनि आकर्षक छ किनभने मन्दिर प्राकृतिक ढुंगाको भित्तामा अडिएको छ र वरिपरि हरियो वनस्पति फैलिएको छ।



चित्र ६९ भिमाद-८ स्थित लाटी बाराहिको मन्दिर

मन्दिरको अगाडि रहेको बराही पोखरी धार्मिक दृष्टिले अत्यन्त पवित्र मानिन्छ। भक्तजनहरूले यस पोखरीमा स्नान गरेर मन्दिर दर्शन गर्ने परम्परा रहेको छ। पोखरी वरिपरि हरियो खेतबारी, बोटबिरुवा र फाँटहरू फैलिएका छन्, जसले मन्दिरलाई शान्त र आध्यात्मिक वातावरण प्रदान गर्छ। मन्दिर परिसरमा सिँढी, बाटो, र रेलिङहरू आधुनिक प्रविधियुक्त तरिकाले बनाइएका छन् जसले दर्शनार्थीहरूलाई सहज बनाएको छ।



चित्र ७० लाटी बाराहिको मन्दिर अगाडिको पोखरी

लाटी बराही मन्दिरको नाम स्थानीय रूपमा ‘लाटी÷ अर्थात् मौन बराही भनिनुको कारण देवी बराहीको मूर्तिको विशेष आकार र स्थानीय जनविश्वाससँग सम्बन्धित छ। मान्यता अनुसार, यस मन्दिरमा इच्छा मनमा राखेर पूजा गर्ने भक्तको काम सिद्ध हुन्छ भन्ने विश्वास छ। दशैं, एकादशी, र विशेषतः बराही जात्रा र माघे संक्रान्तिका अवसरमा यहाँ ठूलो भीड लाग्ने गर्छ।



चित्र ७१ लाटी बाराहिको मन्दिर परिसरको संरचनागत स्थिति

प्राकृतिक र सांस्कृतिक दृष्टिले लाटी बराही मन्दिर भिमाद नगरको निचोरो धार्मिक-पर्यटन स्थलका रूपमा परिचित छ। मन्दिरको वरिपरि हरियो वातावरण, सिँढीमार्ग, पोखरी, र गुहाभित्रको मन्दिर संरचना एकसाथ मिलेर यसलाई अत्यन्तै रमणीय र पवित्र बनाउँछ। यस स्थानमा धार्मिक महत्वसँगै सौन्दर्यीकरण, बत्ती व्यवस्थापन र विश्रामस्थल विकास गर्न सकिएमा यो स्थल भिमाद नगरपालिकाको प्रमुख धार्मिक पर्यटन गन्तव्य बन्न सक्ने क्षमता राख्दछ।

ख) अमूर्त सम्पदा (Intangible Heritage)

विभिन्न अवसरमा लगाइने/मनाइने जात्रा, मेला तथा महोत्सवले पनि पर्यटनको विकासमा अग्रणी भूमिका खेल्छ। स्थानीय कला, संस्कृति, खानाका परिकारका साथै सम्पदा र स्थान परिचालनको लागि समेत मेला महोत्सवको भूमिका महत्त्वपूर्ण हुन्छ। भिमाद नगरपालिकामा मनाइने प्रमुख जात्रा, मेला तथ महोत्सवलाई तलको तालिकामा देखाइएको छ।

तालिका १३ नगरपालिकामा भएका अमूर्त सम्पदाहरु

क्र सं	पर्व/महोत्सव	मिति/समय	महत्व	विशेष गतिविधि
१	भिमाद मेला	मेखे संक्रान्ति बैशाख १ गते र एकादशी	धार्मिक तीर्थ र सामाजिक मेलमिलाप, हरिबोधनी एकादशी वा ठुलो एकादशी मा मेला आयोजना	भिमाद मन्दिर क्षेत्रमा मेला, सेती नदीमा स्नान, पूजाआजा, मेलापर्व
२	साउने संक्रान्ति	श्रावण १ गते	भगवान शिवप्रति समर्पित पवित्र महिना	हरियो चुरा, रातो पोशाक, शिव मन्दिरमा दर्शन
३	नाग पञ्चमी	श्रावण महिना	नाग देवताको पुजा	नागको पूजा, घरमा नागको तस्विर टास्ने
४	जनै पूर्णिमा	श्रावण महिना	तागाधारीको बिषेश पर्व	तागाधारीहरुले सामुहिक रुपमा जनै मन्त्रणा गर्ने, धारण गर्ने, र पवित्र रक्षा वन्धन गर्ने
५	कृष्ण जन्माष्टमी	भाद्र महिनाको कृष्णपक्षको अष्टमी	भगवान कृष्णको जन्म उत्सव	उपवास, भजन कीर्तन, कृष्ण मन्दिरमा पूजाआजा
६	लाखे नाच	भदौ महिना	कृष्णलाई मार्नका लागि कंसले बहिनी पुतनालाई प्रयोग गरेको र पुतनाको मृत्युको कामना गर्दै राक्षसको स्वरूपमा सजिएर नेवार समुदायमा लाखे नाच नचाउने	विशेष गरी गाईजात्रा र विभिन्न धार्मिक-सांस्कृतिक पर्वको उपलक्षमा लाखेको मुखुन्डो पहिरिएर गरीने परम्परागत नृत्य
७	तीज	भदौ महिनाको शुक्ला तृतीयाका दिन	पार्वती र शिवको मिलन, वैवाहिक सुख-समृद्धि	महिलाहरूको उपवास, नाचगान र रातो पोशाक
८	दशैं	असोज/कार्तिक	देवी दुर्गाले असुरमाथि विजयको पर्व	पारिवारिक मिलन, टीका-जमरा, बलि, पूजा, भोज
९	तिहार	कार्तिक	दिपावली पर्व, लक्ष्मी पूजा, भाई-टिका	दियो/बत्ती बाल्ने, काग/ कुकुर/ गाई/गोरू/भाई पूजा, देउसी-भैलो
१०	कौरा नृत्य	मेला पर्व	मगर जातिको सस्कृति झल्कने नृत्य	नृत्य,गित, सङ्गित, जमघट
११	तमु ल्होसार (गुरुङ)	पौष १५ गते	गुरुङ समुदायको नयाँ वर्ष	परम्परागत नृत्य (घाटु, चुड्का), सामूहिक भोज, पूजाआजा

क्र सं	पर्व/महोत्सव	मिति/समय	महत्व	विशेष गतिविधि
१२	माघे संक्रान्ति	माघ १ गते	शरद ऋतुको अन्त्य, स्वास्थ्य, समृद्धि र पवित्रता, कुमाल जातिको मेलापर्व	नदीमा स्नान, तिल तथा चाकु खाने, पारिवारिक जमघट, कुमाल जातिको स्थानीय परिकार तथा खाना
१३	माघे ल्होसार (मगर)	माघ १ गते	मगर समुदायको नयाँ वर्ष	कौरा, सोरठी नृत्य, सामूहिक भोज, घर सरसफाइ
१४	महाशिवरात्रि	फागुन महिनाको कृष्णपक्षको चतुर्दशी रात	भगवान शिवको ताण्डव नृत्य तथा पार्वतीसँग विवाह भएको दिन	उपवास, शिव मन्दिरमा पूजाआजा, दियो बत्ती, धार्मिक जमघट

स्रोत- स्थलगत सर्वेक्षण २०८१

भिमाद नगरपालिका केवल भौतिक सम्पदा (मन्दिर, गुफा, ऐतिहासिक संरचना) मा मात्र समृद्ध छैन, यसको पहिचानलाई अझै बलियो बनाउने अमूर्त सम्पदा पनि छ, जसमा धार्मिक पर्व, सांस्कृतिक उत्सव, सामाजिक मेलमिलाप, परम्परागत संगीत, नृत्य र मौखिक परम्पराहरू पर्दछन्।

१) लाखे नाचः-

लाखे नाच नेवाः समुदायले कुनै विशेष जात्रा अथवा पर्वको उपलक्षमा लाखेको मुखुन्डो पहिरिएर गरीने परम्परागत नृत्य हो। नेवार समुदायमा विभिन्न प्रकारका नाचहरु नाचिन्छन्। प्राय नाच देवीदेवताका हुन्छन्। यी मध्ये लाखे नाच धेरै रोचक हुन्छ। यो नाच गाइजात्राको समयमा आयोजना गर्ने गरीन्छ। स्थानीय उत्सव, मेला र विशेष गरी गाईजात्रा जस्ता पर्वमा देखाइने यो नृत्यले समुदायबीच एकता, सामाजिक सहकार्य र सांस्कृतिक जीवन्ततालाई उजागर गर्छ। लाखे नाचलाई शक्तिशाली देवताको प्रतीक मानिन्छ, जसले अशुभ शक्तिहरू, रोगव्याधि र विपत्तिलाई टार्छ भन्ने विश्वास गरीएको छ। यसले भिमाद नगरपालिकाको सांस्कृतिक विविधतालाई अझै समृद्ध बनाउँदै, आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने महत्वपूर्ण अमूर्त सम्पदाका रूपमा पहिचान बनाएको छ।





चित्र ७२ भिमाद नगरपालिकाका आयोजित गण्डकी प्रदेश नेवाः लाखे नाच प्रतियोगिता

२) कौरा नृत्य

भिमाद नगरपालिकामा कौरा नृत्य मगर समुदायको मौलिक सांस्कृतिक पहिचानका रूपमा रहेको अमूर्त सम्पदामध्ये एक हो। विशेष गरी ल्होसार, माघे संक्रान्ति, मेला-पर्व र सामाजिक जमघटमा प्रस्तुत गरीने यो नृत्य सामूहिक रूपमा गोल घेरामा बसेर गाइने र नाचिने परम्परागत शैली हो। कौरा नृत्यमा पुरुष-महिला दुवै सहभागी हुन्छन्, जसमा लोकगीतका माध्यमबाट प्रेम, जीवनशैली, सामाजिक सन्देश, पुराना कथा र अनुभव व्यक्त गरीन्छ। ढोल, मादल र बाँसुरी जस्ता वाद्ययन्त्रको साथमा गाइने कौरा गीतमा लयबद्ध तालसहित नृत्य प्रस्तुत हुन्छ, जसले दर्शकलाई आकर्षित गर्छ।







चित्र ७३ भिमाद नगरपालिकाका आयोजित कौरा नृत्य

भिमादमा कौरा नृत्यले मात्र मगर समुदायको सांस्कृतिक पहिचानलाई जगेर्ना गरेको छैन, यसले नगरपालिकाको सामाजिक ऐक्यबद्धता, सांस्कृतिक विविधता र पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याएको छ। यसरी कौरा नृत्य भिमादको मौलिक सांस्कृतिक सम्पदा हो, जसले नगरपालिकालाई सांस्कृतिक दृष्टिले अझ समृद्ध र आकर्षक बनाएको छ।

३) नचरी तथा लोक नृत्य

भिमाद नगरपालिकामा बसोबास गर्ने मगर समुदाय सांस्कृतिक रूपमा समृद्ध भए तापनि हाल यसको मौलिक संस्कृतिहरू लोप हुने अवस्थामा पुगेका छन्। देवी-देवतासँग सम्बन्धित नचरी परम्परा, लोकनृत्य र लोकगीतहरू जस्तै मारुनी, झ्याउरे, सेरोफेरो तथा मगरको मौलिक पालाम र सेलो गीत पछिल्ला पुस्तामा कमै मात्र अभ्यास भइरहेका छन्। त्यस्तै परम्परागत भेषभूषा, ढाकाका लुगा र चाँदीका गहनाहरूको प्रयोग पनि न्यून हुँदै गएको छ। विवाह, जन्म र मृत्युसँग सम्बन्धित विशेष विधिहरू छोटकरीमा सम्पन्न गर्ने प्रवृत्ति बढ्दा मौलिकता हराउँदै गएको छ। यसको मुख्य कारण रोजगारी र शिक्षाका लागि युवापुस्ताको बाहिरिने, शहरियापनको प्रभाव, र स्थानीय स्तरमा पर्याप्त संरक्षण प्रयास नहुनु हो। यद्यपि, यी संस्कृतिहरू मगर समुदायको ऐतिहासिक पहिचान मात्र नभई भिमाद नगरपालिकाको सांस्कृतिक सम्पदा र पर्यटन आकर्षणका स्रोत पनि हुन्। त्यसैले विद्यालयस्तरमा संस्कृतिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, स्थानीय महोत्सव तथा जात्राबाट मौलिक कला पुनर्जीवन गर्ने, र डिजिटल अभिलेखमार्फत संरक्षण गर्ने जस्ता पहल अत्यावश्यक छन्।

४) ल्होसार

भिमाद नगरपालिकामा ल्होसार विभिन्न समुदायको मौलिक पर्वका रूपमा मनाइन्छ। यहाँ मुख्यतः दुई प्रकारका ल्होसार प्रचलित छन् 'तमु ल्होसार (गुरुङ समुदाय) र माघे ल्होसार (मगर समुदाय)।

- **तमु ल्होसार (गुरुङ समुदाय)** पौष १५ गते गुरुङ समुदायले नयाँ वर्षको रूपमा मनाउने यो पर्वमा गाउँ-गाउँमा सामूहिक भोज, पूजाआजा र परम्परागत नृत्य-गीत (घाँतु, चुड्का आदि) प्रस्तुत गरीन्छ। यस दिन मानिसहरूले नयाँ भेषभूषा लगाउने, परिवारजनसँग खुशी साटासाट गर्ने र पुर्खाहरूलाई स्मरण गर्ने परम्परा छ।
- **माघे ल्होसार (मगर समुदाय)** माघ १ गते मगर समुदायले नयाँ वर्षको रूपमा मनाउने यो पर्वमा घर-आँगन सफा गर्ने, नयाँ भाँडा र लुगाफाटा प्रयोग गर्ने परम्परा रहिआएको छ। परम्परागत खाना-पदार्थ (सेलरोटी, तरुल, घिउ, चाकु आदि) तयार गरीन्छ र कौरा, सोरठी जस्ता मगर नृत्य-गीत प्रस्तुत गरीन्छ।

यसरी, ल्होसारले भिमाद नगरपालिकामा बसोबास गर्ने गुरुङ र मगर समुदायको सांस्कृतिक विविधता, सामुदायिक एकता र मौलिक परम्परालाई जीवित राखेको छ। साथै, यसले नगरपालिकामा सांस्कृतिक पर्यटन प्रवर्द्धनमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

५) अन्य चाड पर्व तथा सस्कृति

यहाँ मनाइने महाशिवरात्रि, तीज, दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, कृष्ण जन्माष्टमी जस्ता हिन्दू पर्वहरूले धार्मिक आस्था, सामाजिक मेलमिलाप र परिवारिक एकतालाई मजबुत बनाउँछन्। विशेष गरी भिमाद मेला नगरकै प्रमुख सांस्कृतिक र धार्मिक उत्सव हो, जसमा सेती र मादी नदीको संगममा स्नान गरी भिमाद मन्दिरमा पूजाआजा गर्ने परम्परा छ, यसले धार्मिक पर्यटन र सामुदायिक ऐक्यबद्धतालाई बल दिन्छ।



चित्र ७४ भिमाद नगरपालिकाका आयोजित धिमे नाच

अमूर्त सम्पदामा केवल पर्व-महोत्सव मात्र नभई परम्परागत संगीत वाद्य (मादल, सारङ्गी, ढोल, नाद), मौखिक कथन (लोककथा, मिथक, धार्मिक आख्यान), परम्परागत औषधोपचार ज्ञान, खानपान (सेल रोटी, चाकु, तिलको लड्डु, ढिँडो आदि) पनि पर्दछन्, जसले स्थानीय जीवनशैली र आत्मनिर्भरतालाई प्रतिनिधित्व गर्छ।

यसरी भिमाद नगरपालिकाको अमूर्त सम्पदा धार्मिक आस्था, सांस्कृतिक विविधता, सामुदायिक ऐक्यबद्धता र मौलिक परम्पराको संगम हो। यसले नगरपालिकालाई केवल प्राकृतिक र भौतिक सम्पदामा मात्र होइन, जीवित संस्कृतिको धरोहरका रूपमा पनि समृद्ध र पर्यटक आकर्षणको केन्द्र बनाएको छ।


४.५.४ ग्रामीण तथा सामुदायिक पर्यटन (Rural and Community Based Tourism)

नेपालमा पर्यटनको क्षेत्रमा भर्खरै विकास भएको पर्यटनको रूपमा ग्रामीण पर्यटनलाई मान्न सकिन्छ। नेपालमा धेरै ग्रामीण वस्तीहरू छन। ती ग्रामीण वस्तीहरूमा स्वदेशी तथा विदेशीहरूले अध्ययन,

अवलोकन तथा मनोरञ्जनका लागि ग्रामीण क्षेत्र मा गएर अनुभव लिने गरेको पाइन्छ। भिमाद नगरपालिकामा पनि विभिन्न जातीय समुदाय रहेका छन। विशेष गरी मगर र थारु समुदायको वस्तीमा होम स्टेको रूपमा विकास गर्न सके स्थानीय समुदायको आय आर्जनका साथै आउने पाहुनाहरूको निमित्त पनि अध्ययन अवलोकनका साथै मनोरञ्जन समेत हुने कारणले गर्दा यसको विकास गर्न सकिने सम्भावना र हेको पाइन्छ। यस क्षेत्रमा ग्रामीण पर्यटनको रूपमा होम स्टे सञ्चालन भइरहेका गाउँहरूलाई तलको तालिका देखाइएको छ।

तालिका १४ नगरपालिकामा संचालन भएका ग्रामीण होम स्टेहरु


क्र.सं.	पर्यटन स्थल	वडा नं.	पर्यटन प्रकार	महत्व	कैफियत
१	मिर्छुलुङ सामुदायिक होमस्टे	५	सामुदायिक	स्थानीय खानाको परिकार तथा सांस्कृतिक मनोरञ्जन	गाउँ पर्यटन
२	पाथर्दी सामुदायिक होमस्टे	९	सामुदायिक	स्थानीय खानाको परिकार तथा सांस्कृतिक मनोरञ्जन	गाउँ पर्यटन
३	रघु गाउँ सामुदायिक होमस्टे	१	सामुदायिक	स्थानीय खानाको परिकार तथा सांस्कृतिक मनोरञ्जन	गाउँ पर्यटन
४	झिङ्गु राङरुङ नेवा सामुदायिक होमस्टे	७	सामुदायिक	स्थानीय खानाको परिकार तथा सांस्कृतिक मनोरञ्जन	गाउँ पर्यटन



चित्र ७५ भिमाद नगरपालिकाका भएका ग्रामीण पर्यटनका केन्द्रहरुको नक्साङ्कन

४.५.४.१ रघु गाँउ होमस्टे

भिमाद नगरपालिकाको वडा नं. २ मा अवस्थित रघु गाउँ होमस्टे समुद्री सतहबाट करिब ९६० मिटर उचाइमा रहेको एक मनमोहक र सांस्कृतिक रूपमा समृद्ध गाउँ हो। यो गाउँ मगर समुदायको प्रमुख बस्ती हो, जसले आफ्नो परम्परागत संस्कृति, रहनसहन, र सामूहिक जीवनशैली अझै पनि जगेर्ना गरीरहेको छ। पहाडको टुप्पोमा रहेको यो गाउँले चारैतिरका डाँडा, मादी नदीको उपत्यका, र हरियालीले भरिएका जंगलहरूको मनोरम दृश्य प्रदान गर्छ।



चित्र ७६ रघु गाउँ भौगोलिक अवस्थिति

रघु गाउँ होमस्टे कार्यक्रम स्थानीय समुदायकै पहलमा सुरु गरीएको सामुदायिक पर्यटन पहल हो। गाउँका बासिन्दाहरूले आफ्नै घरलाई होमस्टेको रूपमा विकास गरेर पाहुनाहरूलाई बासस्थान, खानपान र स्थानीय संस्कृतिको अनुभव गराउँछन्। "रघु होमस्टेमा हार्दिक स्वागत छ" भन्ने प्रवेशद्वार पाहुनाप्रतिको आत्मीयताको प्रतीक हो। स्थानीय मगर परिवारहरूले परम्परागत ढंगमा पाहुनाहरूको स्वागत गर्छन् ' घरको आँगनमा ढोल-मादल बजाउँदै, टिका र माला लगाइदिँदै, अनि आफ्नै परिकार (ढिडो, गुँद्रुक, कोदोको रक्सी, फागु र स्थानीय कुखुरा) पस्किँदै।



चित्र ७७ भिमाद नगरपालिका स्थित रघु गाउँ होमस्टेको वस्ति

यो गाउँ सांस्कृतिक रूपमा अत्यन्त धनी छ। मगर समुदायका नाचगान, परम्परागत पहिरन, र धार्मिक अनुष्ठान यहाँको मुख्य आकर्षण हुन्। महिलाहरू ढाकाटोपी, च्याङ्बा र पहेँरी गहना लगाएर परम्परागत नृत्य प्रस्तुत गर्छन्, जबकि पुरुषहरू मादल र ढोल बजाउँदै साथ दिन्छन्। यस्ता सांस्कृतिक प्रदर्शनहरूले गाउँको मौलिकता र आत्मपहिचानलाई जोगाइराखेका छन्, जसले पर्यटकहरूलाई नेपालका जनजातीय संस्कृतिहरूको वास्तविकता नजिकबाट बुझ्न मौका दिन्छ। रघु गाउँको बस्ती घना र सुसङ्गठित छ, घरहरू नजिकनजिकै परम्परागत शैलीमा बनेका छन्। वरिपरि हरियो खेतीयोग्य जमिन, बगैँचा, र प्राकृतिक दृश्यहरूले गाउँलाई अत्यन्तै आकर्षक बनाएको छ। गाउँको माथिल्लो भागमा रहेको देवी मन्दिर र व्यू-पोइन्ट ले धार्मिक र दृश्य-पर्यटन दुबैको अनुभव प्रदान गर्छ। यहाँबाट बिहानको सूर्योदय र बेलुकाको सूर्यास्त दुवै हेर्न सकिन्छ, जसले गाउँको प्राकृतिक सौन्दर्य झल्काउँछ।

होमस्टेमा बस्ने पाहुनाहरूका लागि गाउँलेहरूले सांस्कृतिक कार्यक्रम, गाउँ परिक्रमा, खेत र वन अवलोकन, हस्तकला प्रशिक्षण, र स्थानीय परिकार पकाउने कार्यशाला समेत सञ्चालन गर्छन्। यसले गाउँको परम्परागत जीवनशैली र पर्यटनको सहअस्तित्वलाई देखाउँछ। आगन्तुकले यहाँको शान्त वातावरण, जनताको आत्मीयता, र सांस्कृतिक विविधताबाट गहिरो प्रभाव पाउँछन्।




चित्र ७८ रघु गाउँ होमस्टेको सामुदायिक सांस्कृतिक झलक

रघु गाउँ होमस्टेले स्थानीय अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याएको छ। पहिले परम्परागत खेतीमा मात्र निर्भर रहेका गाउँलेहरू अहिले होमस्टे, हस्तकला, र पर्यटन सेवाबाट आय आर्जन गर्न थालेका छन्। यसले युवाहरूमाझ रोजगारीको अवसर सिर्जना गरेको छ र ग्रामीण विकासलाई बल दिएको छ।

अन्ततः, रघु गाउँ होमस्टे केवल बसोबासको सुविधा होइन ‘ यो मगर समुदायको संस्कृति, आतिथ्य र सामुदायिक सहकार्यको जीवित उदाहरण हो। यहाँको परम्परा, संगीत, नृत्य र प्रकृतिको सुन्दर संयोजनले यो गाउँलाई भिमाद नगरपालिकाको मात्रै होइन, तनहुँ जिल्लाकै विशेष पर्यटन गन्तव्य बनाएको छ। यदि यस ठाउँमा थप पूर्वाधार विकास, प्रचार-प्रसार र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरीए, रघु गाउँ होमस्टे नेपालको उत्कृष्ट सांस्कृतिक-पर्यटन केन्द्रका रूपमा स्थापित हुन सक्नेछ।

४.५.४.२ मिर्छुलुङ सामुदायिक होमस्टे

मिर्छुलुङ सासुदायीक होमस्टे भिमाद नगरपालिका-५ मा समुद्री सतहबाट करिब ७७० मिटर उचाइमा अवस्थित एक सुन्दर पहाडी बस्ती हो। भौगोलिक दृष्टिले यो स्थान भिमाद बजार क्षेत्रको दक्षिणपूर्वी उच्च भागमा पर्दछ, जहाँबाट मादी उपत्यका, सेती नदीको प्रवाह, र हरियालीले ढाकिएका डाँडाकाँडा देख सकिन्छ। मिर्छुलुङ गाउँले राम्रो हावापानी, कृषियोग्य जमिन, र रमाइलो दृश्यावलोकन वातावरण प्रदान गर्छ। सडक सञ्जालले गाउँमा सजिलै पुग्न सकिने व्यवस्था गरेको छ, जसले पर्यटकहरूका लागि सहज पहुँच सुनिश्चित गरेको छ।



चित्र ७९ मिर्छुलुङ सामुदायिक होमस्टेको भौगोलिक अवस्थिति

मिर्छुलुङ गाउँ मुख्यतः मगर समुदायको बस्ती हो। यहाँका बासिन्दाहरूले आफ्ना परम्परा, भेषभूषा, भाषा र संस्कृति जोगाइरहेका छन्। घरहरू परम्परागत ढुङ्गा, माटो र काठ प्रयोग गरी निर्माण गरीएका छन्, जसले मगर वास्तुकलाको झल्को दिन्छ। गाउँ घना बस्ती भएको, सफा र व्यवस्थित छ। यहाँका मानिसहरू कृषिमा आधारित छन्, जसमा मकै, कोदो, तरकारी र फलफूल प्रमुख बाली हुन्।



चित्र ८० मिर्छुलुङ सामुदायिक होमस्टे रहेको गाँउ

हाल मिर्छुलुङमा सासुदायीक होमस्टे सञ्चालनमा छ, जसमा गाउँका घरहरू होमस्टे र पाहुना बासको लागि व्यवस्थापन गरीएको छ। गाउँको प्रमुख आकर्षणका रूपमा एउटा भ्यू टावर निर्माण गरीएको छ, जसबाट तनहुँ, गोर्खा र आसपासका डाँडाहरूको मनमोहक दृश्य देख्न सकिन्छ। त्यसैगरी, गाउँको प्रवेश क्षेत्रमा निर्माण गरीएको "मगर लाफा गाउँ रेस्टुरेन्ट" ले स्थानीय वास्तुकला र सांस्कृतिक झल्को दिने गरी बनाइएको छ। यसमा परम्परागत झुप्रो-छाना, गोलो संरचना र मगर पहिचान झल्काउने चिन्हहरू छन्। साथै, बगैँचा, बासको पर्खाल, सिटिङ एरियाज, र सामुदायिक मञ्चहरू पनि निर्माण गरीएका छन्, जसले गाउँको सौन्दर्य र आगन्तुक स्वागतलाई थप सशक्त बनाएको छ।







चित्र ८१ मिर्छुलुङ सामुदायिक होमस्टे वरिपरिको संरचनागत स्थिति

मिर्छुलुङ होमस्टेको मुख्य विशेषता यसको सांस्कृतिक कार्यक्रम र सामुदायिक सहभागिता हो। पाहुनाको स्वागत मगर परम्परामा ढोल, मादल, लोकगीत र नाचसहित गरीन्छ। पुरुष र महिला दुवै सहभागी हुने "सोरठी नाच", "रातो मच्छिन्द्र", र "मगर लोक गीत" प्रदर्शन कार्यक्रम नियमित रूपमा आयोजना गरीन्छ .








चित्र ८२ मिर्छुलुङ सामुदायिक होमस्टेको पर्यटक आगमनको दृष्य

त्यस्तै, गाउँलेहरूले वार्षिक सांस्कृतिक महोत्सव, लोकनृत्य प्रतियोगिता र मगर मिलन कार्यक्रम समेत आयोजना गर्छन्, जसले स्थानीय संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको छ। पाहुनाहरूका लागि स्थानीय परिकार पकाउने तालिम, हस्तकला प्रदर्शन, र गाउँ परिक्रमा कार्यक्रम पनि उपलब्ध छन्।

मिर्छुलुङ सासुदायीक होमस्टेले भविष्यमा सांस्कृतिक-पर्यटन गन्तव्यको रूपमा विस्तार हुने ठूलो सम्भावना राख्दछ। गाउँलेहरूले होमस्टे विस्तारका साथै नयाँ इको-ट्रेल, साइक्लिङ र पदमार्ग निर्माण गर्ने योजना बनाएका छन्। साथै, मगर संग्रहालय, हस्तकला केन्द्र, र भ्यू-टावर क्षेत्रलाई 'सांस्कृतिक पार्कको रूपमा विकास गर्ने दीर्घकालीन सोच समेत लिइएको छ।

भिमाद नगरपालिकाले यस क्षेत्रमा पर्यटन पूर्वाधार (सडक, बत्ती, संकेत बोर्ड, र प्रचार सामग्री) थप सुदृढ गर्न सकेमा मिर्छुलुङ होमस्टे प्रदेशस्तरको सामुदायिक पर्यटन मोडल बन्न सक्छ। यसले स्थानीय रोजगारी, सांस्कृतिक जगेर्ना, र ग्रामीण पर्यटनको सन्तुलित विकासमा ठूलो योगदान पुऱ्याउनेछ।






चित्र ८३ मिर्छुलुङ सामुदायिक होमस्टेको सांस्कृतिक झलक

निष्कर्षमा, मिर्छुलुङ सासुदायीक होमस्टे भिमाद नगरपालिकाको मात्र होइन, तनहुँ जिल्लाकै एउटा जीवित सांस्कृतिक धरोहर र सामुदायिक पर्यटनको उदाहरणीय केन्द्र हो ‘ जहाँ प्रकृति, संस्कृति र आतिथ्य सबैको अद्भुत संगम पाइन्छ।

४.५.४.३ झिङ्गु राङरुङ नेवा सामुदायिक होमस्टे

भिमाद नगरपालिका-७ मा अवस्थित झिङ्गु-राङ्गरुङ सासुदायीक होमस्टे समुद्री सतहबाट करिब १०१० मिटर उचाइमा रहेको छ। यो क्षेत्र प्राकृतिक रूपमा अत्यन्त मनोहर छ र भिमाद बजारबाट छोटो दूरीमै पुग्न सकिन्छ।



चित्र ८४ झिङ्गु-राङ्गरुङ सामुदायिक होमस्टेको भौगोलिक अवस्थिति

पहाडी भू-आकृति, हरियो वन क्षेत्र, र मादी नदी उपत्यकाको सुन्दर दृश्यले यस स्थानलाई पर्यटन दृष्टिले विशेष बनाएको छ। यहाँको बस्तीमा मुख्यतः नेवार समुदाय बसोबास गर्छन्, जसले आफ्ना परम्परागत सांस्कृतिक मूल्य, नाचगान र भोजभतेर संस्कृतिलाई जगेर्ना गर्दै आएका छन्।

झिङ्गु-राङ्गरुङ क्षेत्र भौतिक रूपमा व्यवस्थित र पर्यटकमैत्री रूपमा विकास भइरहेको छ। यहाँको केन्द्रमा निर्माण गरीएको हो, जसमा होमस्टे, पाहुना बास, रेष्टुरेन्ट, बगैंचा, र कार्यक्रम सञ्चालन स्थलहरू छन्। स्थानीय स्तरमा भ्यू टावर, विश्राम स्थल, र बगैंचा क्षेत्रले थप आकर्षण सिर्जना गरेको छ।






चित्र ८५ झिङ्गु-राङ्गरुङ सामुदायिक होमस्टे नजिकको राङरुङ रिसोर्टका पूर्वाधारहरु

रेष्टुरेन्ट तथा होमस्टे भवनहरू आधुनिक सुविधासहित परम्परागत स्वरूपमा निर्माण गरीएका छन्। बगैंचा क्षेत्रमा फूलपाती, बोटबिरुवा र खुला हरियालीले वातावरणलाई सौन्दर्यपूर्ण बनाएको छ। यस क्षेत्रमा पर्याप्त पार्किङ, शौचालय, बत्ती, पानी र फाइबर नेटवर्क जस्ता आधारभूत पूर्वाधार उपलब्ध छन्। झिङ्गु-राङ्गरुङ क्षेत्र आन्तरिक र बाह्य दुवै प्रकारका पर्यटकहरूको प्रमुख गन्तव्य बन्दै गएको छ। यहाँ नेपाली तथा विदेशी दुवै पर्यटकको आवागमन नियमित रूपमा भइरहेको छ। भ्युलकिङ, सवारी यातायात र दृश्यावलोकनका लागि यो स्थान उपयुक्त छ। भिमाद बजार नजिकैको सुलभ पहुँचका कारण यहाँ वीकेंड गेटअवे, सामूहिक कार्यक्रम, र पारिवारिक भ्रमणका लागि पनि पर्यटकहरूको रोजाइमा पर्न थालेको छ।





चित्र ८६ झिङ्गु-राङ्गरुङ सामुदायिक होमस्टे नजिक हुने पर्यटकिय गतिविधि

यो स्थल स्थानीय बासिन्दा र आगन्तुक पाहुनाहरूका लागि बहुउद्देश्यीय सामुदायिक स्थलको रूपमा प्रयोग भइरहेको छ। यहाँ सभा, सेमिनार, सांस्कृतिक कार्यक्रम, र पर्यटक स्वागत समारोहका लागि खुला स्थान र सभा गृह प्रयोगमा ल्याइन्छ।




चित्र ८७ झिङ्गु-राङ्गरुङ सामुदायिक होमस्टेको आकर्षणहरु

स्थानीय समुदायले आफ्ना संस्कृति, परिकार, र परम्परागत नाच-गान प्रस्तुत गरी आगन्तुक पाहुनाको स्वागत गर्छन्। होमस्टेमा स्थानीय जैविक उत्पादनबाट बनेका परिकारहरू जस्तैः मकै, कोदो, गुँद्रुक, तरकारी, घरेलु मदिरा आदि परोसा गरीन्छ। यसले ग्रामीण अर्थतन्त्र र स्थानीय उत्पादन प्रवर्द्धनमा सहयोग पुऱ्याएको छ।

झिङ्गु-राङ्गरुङ होमस्टे सामुदायिक सहकार्यमा सञ्चालित छ। व्यवस्थापन समितिले होमस्टेको सञ्चालन, पाहुना सेवा, सरसफाइ, र वातावरण व्यवस्थापनमा स्थानीय जनसहभागिता सुनिश्चित गरेको छ। रेष्टुरेन्ट र होमस्टे भवनहरू स्थानीय लगानीबाट निर्माण गरीएका हुन्।




चित्र ८८ झिङ्गु-राङ्गरुङ सामुदायिक होमस्टेको प्रयोग र व्यवस्थापन

भिमाद नगरपालिकाको सहयोगमा सडक सुधार, बिजुली विस्तार, पदमार्ग मर्मत, र प्रचार-प्रसार कार्यक्रम संचालन गरीएको छ। साथै, प्रदेश पर्यटन बोर्ड र स्थानीय पर्यटन कार्यालयसँग सहकार्यमा यस क्षेत्रको दीर्घकालीन पर्यटन विकास योजना तयार पार्ने प्रक्रिया चलिरहेको छ।

झिङ्गु-राङ्गरुङ सासुदायीक होमस्टे भविष्यमा भिमाद नगरकै प्रमुख मनोरञ्जन तथा दृश्य पर्यटन केन्द्र बन्ने ठूलो सम्भावना राख्दछ। यहाँको मनमोहक दृश्य, स्थानीय संस्कृति, र आधुनिक पूर्वाधारको संयोजनले यस क्षेत्रलाई 'सांस्कृतिक-इको टुरिज्म जोन'का रूपमा विकास गर्न सकिने देखिन्छ। भविष्यमा यहाँ

रात्री बासका होमस्टे विस्तार, सांस्कृतिक संग्रहालय, पदमार्ग सर्किट, र एड्भेञ्चर एक्टिभिटी समावेश गर्न सकिन्छ।


४.५.४.४ पाथर्दी सामुदायिक होमस्टे

भिमाद नगरपालिका-९ मा अवस्थित पाथर्दी सामुदायिक होमस्टे समुद्री सतहबाट करिब ९४५ मिटर उचाइमा रहेको सुन्दर र सांस्कृतिक रूपमा सम्पन्न गाउँ हो। हरियो वन, बिस्तारै उक्लिने पहाडी खेतबारी र परम्परागत घरहरूले सजिएको यो बस्ती मगर र नेवार समुदायको मिश्रित आवास क्षेत्र हो।



चित्र ८९ पाथर्दी सामुदायिक होमस्टेको भौगोलिका अवस्थिति

गाउँको वरिपरि फैलिएको हरियाली, खेतबारीको लहर र पहाडको डिलबाट देखिने दृश्यले यो स्थानलाई पर्यटकहरूको आकर्षण केन्द्र बनाएको छ। भिमाद बजारबाट करिब आधा घण्टाको छोटो यात्रामा पुग्न सकिने भएकाले यहाँको पहुँच सहज र रमणीय दुवै छ।



चित्र ९० पाथर्दी सामुदायिक होमस्टेको संरचनागत स्थिति

पाथर्दी गाउँमा स्थापित सामुदायिक होमस्टेले स्थानीय संस्कृति, परम्परा र आतिथ्य भावलाई जगेर्ना गर्दै पर्यटनलाई प्रोत्साहन दिएको छ। यहाँ आउने पाहुनाहरूको स्वागत मगर समुदायको परम्परागत पोशाक, नाचगान र ढोल-मादलको स्वरमा गरीन्छ। गाउँका महिलाहरूले परम्परागत पहिरनमा मगर

नृत्य प्रस्तुत गर्दा पाहुनाहरू गाउँको सांस्कृतिक आत्मासँग नजिक हुने अवसर पाउँछन्। स्थानीय परिकार जस्तै ढिँडो, गुँद्रुक, मकैको रोटी, घरेलु मदिरा र अर्गानिक तरकारीहरूले गाउँको पाहुना सत्कार झल्काउँछ।

यस होमस्टेमा आयोजना गरीने 'पदयात्रा (Padyatra)' कार्यक्रम भिमाद नगरपालिकाको पर्यटन प्रवर्द्धनको उत्कृष्ट उदाहरण हो। यो कार्यक्रममा स्थानीय बासिन्दा र बाह्य पर्यटकले सामूहिक रूपमा पदयात्रा गर्दै पाथर्दीसम्मको बाटो पार गर्छन्। यात्राको क्रममा गाउँको प्राकृतिक सुन्दरता, स्थानीय बस्तीको जीवनशैली, कृषि प्रणाली र सांस्कृतिक गतिविधिहरू नजिकबाट अवलोकन गर्न सकिन्छ। गाउँमा पुगेर सहभागीहरूका लागि सांस्कृतिक प्रस्तुति, स्वागत कार्यक्रम र सामूहिक भोजनको व्यवस्था गरीन्छ, जसले गाउँको सामूहिक एकता र आतिथ्य झल्काउँछ।



चित्र ९१ पाथर्दी सामुदायिक होमस्टेबाट गरीएको पदयात्रा कार्यक्रम

पाथर्दी सामुदायिक होमस्टेले भिमाद नगरपालिकाको पर्यटन विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यसले स्थानीय परम्परा, कला र संस्कृतिलाई जगेर्ना गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई आकर्षित गरेको छ। गाउँका महिलाहरूले होमस्टे सञ्चालन, पाहुना व्यवस्थापन, खाना पकाउने र सरसफाइमा सक्रिय सहभागिता जनाएका छन्, जसले महिला सशक्तीकरण र आर्थिक आत्मनिर्भरता बढाएको छ। साथै, पाथर्दी होमस्टेले झिङ्गु-राङ्गरुङ र मिर्छुलुङ जस्ता अन्य स्थानहरूसँग मिलेर भिमाद नगरको सामूहिक सांस्कृतिक पर्यटन सर्किट निर्माण गर्न सघाइरहेको छ।





चित्र ९२ पाथर्दी सामुदायिक होमस्टेबाट गरीएको सांस्कृतिक कार्यक्रम

यस क्षेत्रको प्राकृतिक र सांस्कृतिक संयोजनले पाथर्दीलाई भिमाद नगरपालिकाको एक उदीयमान पर्यटन केन्द्रका रूपमा चिनाउन सकिन्छ। यदि स्थानीय पूर्वाधार सुधार, सडक पहुँच, र प्रचार-प्रसारमा थप ध्यान दिइयो भने यो गाउँ निकट भविष्यमा भिमाद नगरपालिकाको सांस्कृतिक पर्यटन केन्द्रको रूपमा स्थापित हुनेछ। पाथर्दी सामुदायिक होमस्टेले गाउँका बासिन्दाको जीवनशैली, पाहुना सत्कार, र सामूहिक सहकार्यको सुन्दर चित्रण प्रस्तुत गर्दै, भिमाद नगरपालिकाको पर्यटनको पहिचानलाई अझ सशक्त बनाउन योगदान दिइरहेको छ।


४.५.५ मनोरञ्जन पर्यटन

पर्यटकहरू मनोरञ्जनका लागि नै एक ठाउँबाट अर्को ठाउँमा आउने गर्दछन। तसर्थ, पर्यटकहरूलाई मनोरञ्जनको रूपमा विभिन्न किसिमका पर्यटकीय स्रोतको विकास गर्न जरुरी हुन्छ। भिमाद नगरपालिकामा पनि मनोरञ्जन पर्यटन विकास गर्नका लागि धेरै स्थलहरू संचालन र सम्भा वनामा रहेका छन। मनोरञ्जन पर्यटन विकासका लागि विभिन्न स्थानहरूमा पार्कहरूको व्यवस्था र तिनीहरूको संरक्षण संबद्धन गर्न जरुरी हुन्छ। त्यसै गरी विभिन्न स्थानहरूमा क्याम्प साइटको पनि व्यवस्था गर्नु पर्छ। यो क्षेत्र राजमार्ग तथा सडक यातायातको दृष्टिले सुगम भएकोले विभिन्न क्षेत्रबाट वनभोज खानका लागि मानिसहरू आउने गरेका छन। तसर्थ त्यस किसिमका वनभोज स्थलमा आवश्यक सेवा सुविधाको विकास गर्नु जरुरी हुन्छ। खेलकुदका लागि पनि विभिन्न क्षेत्रमा खेल मैदानहरू रहेका छन भने, त्यस्ता खेलकुद मैदानमा सञ्चालन गरीने विभिन्न गतिविधिहरूले पनि पर्यटन क्षेत्रको विकास गर्द छन्। तलको तालिकामा भिमाद नगरपालिकामा रहेका मनोरञ्जन पर्यटनका स्थलहरू देखाइएको छ।

तालिका १५ नगरपालिकामा संचालन भएका मनोरञ्जनका केन्द्रहरु

क्र.सं.	पर्यटन स्थल	वडा नं.	पर्यटन प्रकार	आकर्षण	कैफियत
१	सिबिल ग्रीन पार्क	४	मनोरञ्जनात्मक	पार्क	
२	रत्नपार्क	६	मनोरञ्जनात्मक	पार्क	
३	त्रिवेणी जेष्ठ नागरीक पार्क	८	मनोरञ्जनात्मक	पार्क	

क्र.सं.	पर्यटन स्थल	वडा नं.	पर्यटन प्रकार	आकर्षण	कैफियत
४	नवदुर्गा जेष्ठ नागरीक पार्क	८	मनोरञ्जनात्मक	पार्क	
५	जय थुम्का खेलमैदान	५	मनोरञ्जनात्मक	खेलमैदान	
६	भिमाद खेलमैदान	६	मनोरञ्जनात्मक	खेलमैदान	
७	त्रिवेणी खेलमैदान	७	मनोरञ्जनात्मक	खेलमैदान	
८	रांगरुङ खेलमैदान	८	मनोरञ्जनात्मक	खेलमैदान	
९	सिद्ध गुफा खेलमैदान	९	मनोरञ्जनात्मक	खेलमैदान	
१०	मदनाश्रित रंगशाला	८	मनोरञ्जनात्मक	खेलमैदान/रंगशाला	
११	रांगरुङ भ्यु टावर	७	प्राकृतिक/मनोरञ्जनात्मक	टावर	
१२	सुकेडाँडा	४	प्राकृतिक/मनोरञ्जन	पिकनिक स्थल	
१३	पिपलडाँडा भ्यु टावर	८	प्राकृतिक/पर्यटकीय	भ्यु टावर	
१४	पाइमी नाइट क्विन भ्यु टावर	९	प्राकृतिक/मनोरञ्जन	भ्यु टावर	
१५	पाइमी कोटघर	९	प्राकृतिक/मनोरञ्जन	भ्यु टावर	
१६	पिरुङ्ग डाँडा	४	प्राकृतिक/पर्यटकीय	भ्यु-प्वाइन्ट	
१७	रक गार्डेन (मोहरिया)	९	मनोरञ्जनात्मक	रक गार्डेन	
१८	फुलुङथान डाँडा	२	मनोरञ्जनात्मक	विश्रामस्थल	



चित्र ९३ भिमाद नगरपालिकाका भएका मनोरञ्जनका केन्द्रहरुको नक्साङ्कन

४.६ पर्यटन प्रशिक्षित जनशक्ति

पर्यटनको विकासका लागि यससँग सम्बन्धित दक्ष जनशक्तिको आवश्यकता पर्दछ। विशेष गरी विभिन्न पर्यटकीय स्थलहरूको बारेमा राम्रो जानकारी भएका पथ प्रदर्शकहरूको व्यवस्था हुनुपर्छ, जसले यहाँको पूरातात्त्विक तथा ऐतिहासिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक स्थितिको बारेमा यर्थाथ वणर् नगर्न सकुन। यसै गरी भाषाको पनि जानकारी भएका, होटल, रेष्टुरेन्ट, होम स्टे, ट्रेकिङ, ट्राभल एजेन्सीमा सम्बन्धित सेवाको तालिम प्राप्त जनशक्ति हुनु अनिवार्य हुन्छ।

४.७ पर्यटन विकासका सवल र कमजोर पक्ष

भिमाद नगरपालिका सामाजिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले सम्पन्न छ। पर्यटन विकासका लागि पनि धेरै पहिलेदेखि प्रयासहरू हुँदा हुँदै पनि यसले द्रुततर गति लिन सकिराखेको छैन। हाल आएर विभिन्न गा.वि.स. हरूलाई समेटी भिमाद नगरपालिकाको घोष्णा भए पश्चात पर्यटनलाई विकास र विस्तार गरी आय आर्जनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सम्भावना देखेर नै विभिन्न नीति तथा कार्यक्रमहरू, विकासका लागि पूर्वाधार निर्माण, विभिन्न तालिम गोष्ठी, गुरुयो जना निर्माण जस्ता कार्य गरी अगाडि बढने जमर्को गरीरहेको छ।

सबल पक्षहरू

पर्यटन विकासको क्रममा वामे सर्दै गरेको यस नगरपालिकाका सबल पक्ष यस प्रकार देख्न सकिन्छ

१) पृथ्वी राजमार्ग नजिक भएकाले सहज पहुँच, सार्वजनिक यातायात उपलब्धता
२) नगरपालिका भएर जाने दुईवटा राष्ट्रिय राजमार्ग हुनु (रा.रा. ४५ र ६८) र एक सहायक राजमार्ग (स.रा. १८६)
३) विविध किसिमको भू-बनोट तथा हावापानी (३००-१३५० सम्म)
४) पर्याप्त जलाधारको स्रोत (सेती नदि, क्याग्दि, मैदी, पिरुङ, गोफा, कुलाङ खोला जिदी खोला)
५) पिपलडाँडा, पिरुङ डाँडा, पिपलडाँडा, देउराली भ्यु-प्वाइन्ट जस्ता दृश्यावलोकन स्थल
६) ईलुङ, आँटीछाप, बरनछाँगा जस्ता आकर्षक झरना
७) सिद्धगुफा, चमेरेगुफा, नाग गुफा सतीगुफा जस्ता साहसिक गुफा स्थल
८) मौलाकाली, कोटबाराही, लाटी बाराही, सिद्ध बराह, कालिका, जिदी बाराही, शिवालय मन्दिर जस्ता धार्मिक स्थल
९) बौद्ध गुम्बा, मस्जिद, चर्चहरूको उपस्थिति धार्मिक सहिष्णुता
१०) दशैँ, तिहार, शिवरात्रि, माघे संक्रान्ति, तीज, ल्होसार, कृष्ण जन्माष्टमी जस्ता धार्मिक-सांस्कृतिक पर्वहरू
११) भिमाद मेला, सामुदायिक उत्सव र लोकनृत्य (कौरा, सोरठी, लाखे, घाँतु, चुड्का)

१२) सुकेडाँडा, त्रिवेणी पार्क, नवदुर्गा पार्क, राङरुङ खेलमैदान, भिमाद टुडिखेल, ऐतिहासिक झोलङ्गे पुल जस्ता मनोरञ्जन स्थल

१३) भिमाद बजारमा होटल, लज, रेस्टुरेन्टहरूको उपलब्धता तथा सामुदायिक होमस्टे (मिछुर्लुङ, पाथर्दी, जिलाङ, लाफा गाउँ) स्थानीय खाना, परम्परागत आतिथ्य र ग्रामीण जीवन अनुभवको अवसर

१४) मौलिक किसिमका सस्कृति विविधता (मगर, गुरुङ, नेवार, ब्राह्मण-क्षेत्री) → बहुसांस्कृतिक पहिचान

दुर्वल पक्षहरू

पर्यटन विकासको क्रममा वामे सर्दै गरेको यस नगरपालिकाका कमजोर पक्ष यस प्रकार देख्न सकिन्छ

१) पर्यटकीय स्थलको महत्व कमि हुदै जादा संरक्षणमा कमि हुनु

२) ग्रामीण तथा आन्तरिक सडक अझै कच्ची, पदमार्ग र पार्किङ अभाव तथा भित्रि पहुँच मार्गहरु स्तरउन्नतिको क्रममा हुनु

१) पर्यटक स्थलहरूमा संकेत-बोर्ड, विश्रामस्थल, शौचालय, सरसफाइ सुविधा कमी

२) सबै पर्यटकीय स्थानमा लगानिको लागी पर्याप्त बजेट नहुनु

३) एकै किसिमका धेरै पर्यटकीय स्थलले लगानि प्राथामिकि करणमा समस्या ल्याउनु

४) होटल, लज तथा रेस्टुरेन्टहरूको सेवा-सुविधा अझै मानकअनुसार नभएको

५) होमस्टेमा तालिम, सफाइ, भाषा दक्षता र व्यवस्थापन कमजोर तथा स्थानीय परिकारका तथा सामग्रिको लागि चाहिने सामग्रि तथा जनसक्तिको पलायन

६) सांस्कृतिक सम्पदाको संरक्षण, पुनःस्थापना र दस्तावेजीकरणमा कमी तथा नयाँ पुस्तामा मौलिक संस्कृतिप्रतिको आकर्षण घट्दै गएको

७) साहसिक खेल र पदमार्गहरू संस्थागत रूपमा विकास नभएको

८) पर्यावरणीय व्यवस्थापनमा चुनौती (फोहोर, भीड, अव्यवस्थित संरचना)

९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार अभाव

१०) पर्यटन समितिहरू, संघ-संस्था र नगरपालिकाबीच समन्वय कमजोर साथै निजी क्षेत्र र सरकारी निकायबाट लगानी अपर्याप्त

४.८ पर्यटन विकासका अवसर तथा चुनौतिहरु

भिमाद नगरपालिका पर्यटन विकासमा पृथ्वी राजमार्ग र यससँग जोडिएका नगरभित्रका सडक सञ्जालले पनि यसमा सहयोग पुर्‍याएको छ। नजिकै बढी जनसङ्ख्या रहेका शहरहरू भएको कारण पर्यटकीय सम्पदाहरूका उचित स्याहार संहार साथै सेवा सुविधा दिन सकेमा पर्यटकको आगमन निश्चित छ साथै पर्यटन व्यवसायले जनताको जीवनस्तरमा समेत टेवा पुग्न सक्ने देखिएको छ।

यहाँको राजनीतिक दल साथै नगरपालिका भित्रका सरकारी र अन्य सङ्घ संस्था, स्थानीय जनसमुदायको पर्यटन गतिविधिसँग जोडिएको चासोले गर्दा पनि पर्यटनको विकास गर्न सकिने देखिन्छ। पर्यटकका लागि सेवा दिने खालका होटल, रेष्टुरेन्ट, ऊर्जा, सञ्चार, इन्टरनेट सहितका सूचना प्रविधिहरूको उपलब्धता बढ्दै गएको हुनाले पर्यटन विकासको अवसर रहेको छ। यी अवसरहरू हुँदा हुँदै पनि हाल युवाहरू विदेश पलायन हुन थालेको यो समयमा स्थानीय उद्यमी व्यवसायीहरूको अभाव हुन सक्ने, पर्यटनबाट प्राप्त लाभलाई समुदायका सबै वर्गमा न्यायोचित वितरण हुन नसक्नु, स्थानीय मौलिक संस्कृति, परम्परा, चाडपर्वहरूको संरक्षण हुन नसक्नु, , भिमाद क्षेत्रको पर्यटन विकासमा राज्य र यसका सम्बन्धित निकायहरूको न्यून पहलकदमी रहनु जस्ता चुनौती हरू रहेका छन।

अबसरहरु

पर्यटन बिकासका लागी निम्न अवसरहरु रहेका छन्।

१) **भौगोलिक लाभ**: पृथ्वी राजमार्ग नजिक भएकाले क्षेत्रीय र राष्ट्रिय स्तरमा पर्यटक तान्ने सम्भावना

२) **आन्तरिक तथा बाह्य पर्यटन वृद्धि** : धार्मिक, सांस्कृतिक र प्राकृतिक गन्तव्यहरूलाई जोडेर आन्तरिक तथा बाह्य पर्यटक बढाउने सम्भावना

३) **सामुदायिक पर्यटन विस्तार** : मिछुर्लुङ, पाथर्दी, जिलाङ, लाफा जस्ता होमस्टे कार्यक्रमलाई थप गाउँमा विस्तार गर्ने अवसर

४) **साहसिक पर्यटन प्रवर्द्धन** : पदयात्रा, हाइकिङ, पिकनिक, झरना भ्रमण, गुफा अन्वेषण, साहसिक खेल (प्याराग्लाइडिङ, ट्रेकिङ)लाई विकास गर्ने सम्भावना

५) **सांस्कृतिक पर्यटन** दशैं, तिहार, ल्होसार, भिमाद मेला, कौरा नृत्य, लाखे नाचजस्ता अमूर्त सम्पदालाई पर्यटन उत्पादनका रूपमा प्रवर्द्धन गर्ने अवसर

६) **स्थानीय उत्पादन प्रवर्द्धन** स्थानीय कृषि उत्पादन, परम्परागत खाना, हस्तकला, परम्परागत संगीत-नृत्यलाई पर्यटनसँग जोडेर आय-आर्जन बढाउने अवसर

७) **सरकारी तथा निजी लगानी** पर्यटन पूर्वाधार निर्माणमा सरकारी प्राथमिकता र निजी क्षेत्रलाई आकर्षित गर्ने सम्भावना

८) **रोजगारी सिर्जना** होमस्टे, होटल, गाइड, यातायात, हस्तकला जस्ता क्षेत्रमा स्थानीय रोजगारी बढाउने अवसर

चुनौतिहरु

पर्यटन बिकासका लागी निम्न चुनौतिहरु रहेका छन्।

१) **पूर्वाधार अभाव** सडक, पदमार्ग, शौचालय, संकेत-बोर्ड, सरसफाइ, पार्किङ लगायत सुविधा अपूरो हुनु

२) **प्राकृतिक विपद् जोखिम** पहिरो, बाढी, भू-क्षय, असुरक्षित गुफा र पदमार्गजस्ता जोखिम

३) **संरक्षण समस्या** धार्मिक स्थल, ऐतिहासिक पुल, गुफा जस्ता सम्पदाको जीर्णोद्धार र संरक्षणमा ढिलाइ

४) **प्रशिक्षित जनशक्ति कमी** पर्यटन गाइड, भाषा दक्षता, होमस्टे व्यवस्थापन, सेवा गुणस्तर सुधारमा तालिमको अभाव

५) **फोहोर व्यवस्थापन** झरना, गुफा र पार्क क्षेत्रमा सरसफाइ तथा वातावरणीय व्यवस्थापन चुनौतीपूर्ण

६) **लगानी अपर्याप्तता** सरकारी र निजी दुवै पक्षबाट दीर्घकालीन लगानी अभाव

७) **प्रचार-प्रसार कमजोरी** अन्तर्राष्ट्रिय बजारमा भिमादको ब्रान्डिङ कमजोर

८) **संस्कृति क्षय** नयाँ पुस्तामा मौलिक नृत्य-गीत, परम्परा र धार्मिक आस्थाप्रतिको आकर्षण घट्दै जानु

९) **समन्वय अभाव** नगरपालिका, पर्यटन समिति, संघ-संस्था र निजी क्षेत्रबीच योजनागत सहकार्य कमजोर

परिच्छेद – ५ पर्यटन गुरुयोजनाका दूरदृष्टि, लक्ष्य, उदेष्य, रणनीति र कार्यनीति

भिमाद नगरपालिका प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, सांस्कृतिक विविधता र सामुदायिक जीवनशैलीले सम्पन्न क्षेत्र हो। पिपलडाँडा, ईलुङ र आँटीछाप झरना, सिद्ध र चमेरे गुफा, मौलाकाली, कोटबाराही, लाटी बाराही जस्ता मन्दिर, साथै दशैं, तिहार, ल्होसार, भिमाद मेला र कौरा, लाखे जस्ता नृत्य-गीत यसका प्रमुख सम्पदा हुन्। यहाँका होमस्टे, होटल र स्थानीय भोज-भतेरले ग्रामीण तथा सामुदायिक पर्यटनलाई थप बल दिएका छन्। यी सम्पदाहरूलाई योजनाबद्ध पूर्वाधार विकास, प्रचार-प्रसार र संरक्षणमार्फत प्रवर्द्धन गरी भिमादलाई आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास गर्न पर्यटन योजना आवश्यक देखिन्छ।

यस नगरपालिकाभित्र विभिन्न धार्मिक तथा पर्यटकीय सम्भावना बोकेका स्थलहरू छन्, जस्तै भिमाद क्षेत्रकै पुराना मन्दिरहरू, प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त डाँडाकाँडा, झरनाहरू र सामुदायिक वन क्षेत्रहरू। यहाँको विविध जातजाति र तिनको मौलिक परम्पराले सांस्कृतिक पर्यटनलाई समेत प्रवर्द्धन गर्न सक्ने सम्भावना छ। साथै, गाउँ-शहर मिश्रित संरचना, कृषि प्रणाली, मौलिक जीवनशैली र स्थानीय भोज-भतेर, पर्व-संस्कृति आदि विषयलाई केन्द्रमा राखी भिमादलाई आन्तरिक तथा वैदेशिक पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने देखिन्छ।

५.१ दीर्घकालीन सोच (Vision)

"पर्यटकीय भिमादको आधार: संस्कृति, सम्पदा र दिगो पूर्वाधार"

५.२ लक्ष्य (Goal)

प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, दीगो पर्यटन पूर्वाधार तथा मानव संशाधन विकास मार्फत पर्यटक भित्र्याई नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने।

५.३ उद्देश्य (Objectives)

क) पर्यटकीय क्षेत्र तथा वस्तुको पहिचान, विकास, र प्रवर्द्धन गर्नु।

ख) गुणस्तरीय, दिगो र उत्थानशील पर्यटन पूर्वाधार तथा सेवाको विस्तार गर्नु।

ग) पर्यटन प्रवर्द्धनमार्फत रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गरी समावेशी आर्थिक विकासमा योगदान पु-याउनु।

५.४ पर्यटन विकासका रणनीति तथा कार्यनीति

नगरपालिकाले पर्यटन क्षेत्रमा दिगो विकास गरी आय स्रोत सिर्जना गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीति पहिचान गरीएको छः


तालिका १६ नगरपालिकाको पर्यटन विकासका रणनीति तथा कार्यनीतिहरु

क्र.स.	रणनीति	कार्यनीति
उद्देश्य-१ पर्यटकीय क्षेत्र तथा वस्तुको पहिचान,विकास, रप्रवर्द्धन गर्नु।		
१.	सम्भावित पर्यटकीय क्षेत्रहरूको अन्वेषण, विकास तथाप्रवर्द्धन गर्ने।	१.१.स्थानीयस्तरमा उपलब्ध सम्भाव्य पर्यटन वस्तु र सेवाको प्रवर्द्धन गरिनेछ। १.२.मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ। १.३.प्रमुख पर्यटकीय गन्तव्यहरूको योजनाबद्ध प्रवर्द्धन गरिनेछ। १.४.प्राकृतिक,धार्मिक तथा सांस्कृतिक, मनोरन्जनात्मक र साहसिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ। १.५ नगरपालिकामा सम्भावित पर्यटन सर्किटको पहिचान गरी विकास गरिनेछ।
२.	प्राकृतिक सुन्दरता र जैविक विविधताको संरक्षण गदै पालिकालाई पर्या-पर्यटनको केन्द्रको रुपमा विकास गर्ने।	२.१ नगरपालिकाको माथिल्लो भेगलाई Hill Station तथा योग स्थलको रुपमा बिकास गरिनेछ। २.२ नगरपालिकाको जलाधारहरु (नदि, खोला, झरना, पोखरी) प्रयोग गरी प्राकृतिक तथा मनोरन्जनात्मक पर्यटकीय गन्तव्य निर्माण गरिनेछ। २.३ सामुदायिक वन क्षेत्रमा पर्या-पर्यटन सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ।
उद्देश्य-२ गुणस्तरीय, दिगो र उत्थानशील पर्यटन पूर्वाधार तथा सेवाको विस्तार गर्नु।		
३.	ग्रामीण पर्यटन तथा सांस्कृतिक पर्यटकीय गतिविधिलाई प्रोत्साहन गर्ने।	३.१ होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। ३.२ नगरपालिकामा रहेका धार्मिक तथा सांस्कृतिक क्षेत्रका स्थानीयको अग्रसरमा संरक्षण तथा प्रवर्द्धन गरिनेछ। ३.३ स्थानीय उत्पादनमा आधारित कोशेली सामग्री उत्पादन तथा प्रवर्द्धन गरिनेछ।

क्र.स.	रणनीति	कार्यनीति
		३.४ नगरपालिकामा प्रचलित पर्व तथा नाचहरुको संरक्षण गर्दै पर्यटन प्रवर्द्धनमा जोडिनेछ। ३.५ नगरपालिका.पर्यटक स्थललाई सांस्कृतिक तथा पर्यटकीय स्थलको रुपमा घोषणा गरिनेछ। ३.६ पर्यटक आचारसंहिता तयार गरी पर्यटन मापदण्ड कार्यान्वयन गरिनेछ।
४	पर्यटकीय गन्तव्यमा पहुँच तथा गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माणका लागि लगानी गर्ने।	४.१ प्रमुख पर्यटकीय गन्तब्यसम्म पुग्ने सडक निर्माणमा लगानि गरिनेछ। ४.२ पदमार्गको स्तरोन्नति तथा नयाँ पदमार्गको पहिचान गरी निर्माण गरिनेछ। ४.३ पर्यटकीय स्थललाई व्यवस्थित बनाउन आवश्यक शौचालय, चौतारी, विश्राम स्थल, खानेपानी , घेराबार जस्ता पूर्वाधारको व्यवस्था गरिनेछ।
उद्देश्य-३ पर्यटन प्रवर्द्धनमार्फत रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गरी समावेशी आर्थिक विकासमा योगदान पु-याउनु।		
५.	निजी क्षेत्र र समुदायबीच सहकार्य गरी पर्यटन व्यवसायबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने।	५.१ स्थानीय उत्पादन, हस्तकला, कला-संस्कृति र खानाका परिकार प्रवर्द्धन गरिनेछ। ५.२ सार्वजनिक-निजी साझेदारीमा लगानी आकर्षण गरिनेछ। ५.३ महिला, युवा र पिछडिएका समुदायलाई पर्यटन उद्यममा सहभागी गरिनेछ। ५.५ पर्यटन प्रवर्द्धनका लागि विशेष अभियान सञ्चालन गरिनेछ।
६.	पर्यटन विकासको लागि नगरस्तरिय नीति कानून मापदण्ड तथा संस्थागत प्रवन्ध गर्ने	६.१ पर्यटन विकास ऐनलाई पुनरावलोकन गर्ने । ६.२ पर्यटन नियमावली जारी गर्ने । ६.३ O&M survey गरी पर्यटन उपशाखा गठन गर्ने ।

५.४.१ मुख्य रणनीति तथा कार्यनीतिको विस्तार

५.४.१.१ पर्यटन स्रोतको पहिचान




चित्र ९४ नगरपालिकाको पर्यटकिय राजधानि पोखरा सगाँको भौगोलिक सम्बन्ध

भिमाद नगरपालिका गण्डकी प्रदेशको रणनीतिक रूपमा महत्त्वपूर्ण स्थानमा अवस्थित छ। उत्तरतिर पोखरा, दक्षिणतिर रामपुर, देबचुली, भरतपुर जस्ता सहरहरूसँग यसको पहुँच सञ्जाल राम्रो रहेको छ। भिमादलाई "पोखरा जाने पर्यटकका लागि स्टप-ओभर गन्तव्य" का रूपमा विकास गर्ने ठूलो सम्भावना रहेको छ। पोखरातर्फ गइरहेका वा फर्किएका पर्यटकहरूले यहाँ केही घण्टा वा एक रात बसाइँ गरेर स्थानीय संस्कृतिको अनुभव गर्न सक्छन्। स्थानीय नेवार, मगर, गुरुङ समुदायको संस्कृतिलाई प्रस्तुत गर्ने होमस्टे, स्थानीय परिकार, र सांस्कृतिक कार्यक्रमले उनीहरूलाई आकर्षित गर्न सक्छ।




चित्र ९५ नगरपालिकाको दक्षिण तराइका सहर सगँको भौगोलिक सम्बन्ध

रामपुर, देवचुली, भरतपुर र बुटवल भिमादका लागि आर्थिक र मानव प्रवाहका प्रमुख आधार हुन्। रामपुर नजिकको शैक्षिक र व्यापारिक केन्द्र भएकोले छोटो अवधि र विद्यार्थी भ्रमण कार्यक्रमका लागि उपयुक्त बजार बन्न सक्छ। देवचुली र भरतपुर चितवन राष्ट्रिय निकुञ्ज तथा नारायणी नदी नजिकका सहर भएकाले विदेशी र आन्तरिक दुवै पर्यटक भिमादमा धार्मिक र प्राकृतिक सौन्दर्य हेर्न आउन सक्छन्। बुटवल लुम्बिनी क्षेत्रको प्रवेशद्वार भएकाले धार्मिक यात्रुहरूको आवागमन सहज बनाउन सकिन्छ। यी सबै सहरहरूबाट आउने पर्यटकका लागि भिमादमा छोटो समयको "Day Trip Circuit" वा "Stop-over Program" सञ्चालन गर्न सकिन्छ, जहाँ उनीहरूले स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति, होमस्टेमा बसाइँ, मन्दिर भ्रमण र भ्यु टावर हाइकिङको अनुभव लिन सकून्।



चित्र ९६ नगरपालिकाको दक्षिण तराइका सहर सगँको दुरी




चित्र ९७ नगरपालिकाको भौगोलिक पर्यटन विकास सँगको परिदृष्य

भिमादबाट रामपुर, देवचुली, भरतपुर र बुटवल जस्ता प्रमुख सहरहरूसँग सीधा पहुँच छ ‘ जसमा रामपुर करिब २० कि.मि., देवचुली १०० कि.मि., भरतपुर १२६ कि.मि. र बुटवल करिब १७० कि.मि. टाढा पर्दछन्। यी चारै सहरहरू भिमादको पर्यटन विकासका लागि मुख्य स्रोत क्षेत्रका रूपमा काम गर्न सक्छन्, किनकि यी ठाउँहरूबाट दैनिकरूपमा ठूलो संख्यामा आन्तरिक र धार्मिक पर्यटकहरूको आवागमन हुन्छ। भिमादको रणनीतिक स्थिति पोखरा-रामपुर-चितवन-लुम्बिनी मार्गको बीचमा पर्न गएकोले यसलाई “Tourism Connector Hub” वा “Stop-over Destination” को रूपमा विकास गर्न सकिने ठोस सम्भावना रहेको छ।

नगरको दक्षिण भागमा पहिचान गरीएको पहेंलो रिज (Yellow Ridge Line) ले भिमादलाई पर्यटक स्रोतका हिसाबले दुई भौगोलिक भागमा विभाजन गर्छ ‘ उत्तरी भाग (पर्वतीय क्षेत्र) र दक्षिणी भाग (कालिगण्डकी नदी तटीय क्षेत्र)। यो रिज लाइनको दक्षिणतर्फ कालिगण्डकी नदी बगिरहेको छ, जसको किनारमा डेढगाँउ, रामपुर बजार, गजखोंट, राघु लगायतका बस्तीहरू रहेका छन्। यिनै बस्तीहरूबाट पूर्वतर्फ देवचुली, नारायणघाट (भरतपुर), र पश्चिमतर्फ बुटवल, भैरहवा हुँदै तराई क्षेत्रसम्म सीधा सडक पहुँच रहेको छ।

यस भौगोलिक सञ्जालका कारण भिमाद नगरका लागि दक्षिणी भाग मुख्य पर्यटन स्रोत क्षेत्र (Tourist Source Zone) बन्न सक्छ। कालिगण्डकी नदी किनार र त्यस वरपरका सहरहरूमा जनघनत्व उच्च भएकोले त्यहाँबाट भिमादतर्फ सहजै पर्यटक आकर्षण गर्न सकिन्छ। दक्षिणी तराईका सहरहरू‘देवचुली, नारायणघाट, रामपुर र बुटवल‘गर्मी मौसममा अत्यधिक तापक्रम हुने भएकाले त्यहाँका बासिन्दाहरू प्रायः गर्मीयाममा चिसो मौसम र हरियाली वातावरण खोज्दै पहाडी क्षेत्रमा यात्रा गर्न रुचाउँछन्।

यस सन्दर्भमा, भिमादको सुखद मौसम, पहाडी दृश्य, हरियो वन क्षेत्र, गुफा, झरना, होमस्टे र धार्मिक स्थलहरू उनीहरूका लागि छोटो दूरीको उत्कृष्ट गन्तव्य बन्न सक्छ।



चित्र ९८ नगरपालिकामा रणनितिक सडक सञ्जाल

रा.रा. ४५ र ६८ नगर हुँदै जाने दुईवटा राष्ट्रिय राजमार्ग हुन । राष्ट्रिय राजमार्ग ४५ (खैरेनीटार-भिमाद-कावासोति मार्ग) मार्ग पोखरा देखि देवचुली हुदै नारायणघाट जाने छोटो दूरीको राजमार्ग भएकोले यसलाई प्रदेशकै मुख्य पर्यटन र व्यापारिक मार्ग (Tourism and Trade Corridor) का रूपमा उपयोग गर्न सकिन्छ। राष्ट्रिय राजमार्ग ६८ (भिमाद-रामपूर-मित्याल अरुणखोला मार्ग) ले भिमादलाई उत्तर-दक्षिण र पूर्व-पश्चिम दुबै दिशाबाट सुलभ पहुँच प्रदान गर्छन्। सहायक राजमार्ग स.रा. १८६ (मिर्दि-चित्रे भञ्ज्याङ-भिमाद मार्ग) ले भिमादलाइ स्याङ्जा जिल्लाको हरिनास नगरपालिका तथा सिदार्थ राजमार्ग सम्मको पहुँच सहज गर्छ।

यि राजमार्गले भिमादलाई कालिगण्डकी नदीफाँटका शहर तथा बस्ति र तराई क्षेत्रका सहरहरूसँग सीधा रूपमा जोड्ने कार्य गर्छ। यि मार्ग प्रयोग गर्ने यात्रुहरूले भिमादमा विश्राम, स्थानीय भोजन, होमस्टे अनुभव, तथा सांस्कृतिक कार्यक्रमको आनन्द लिन सक्ने व्यवस्था गरीएमा भिमादलाई "Stopover Tourism Hub" बनाउन सकिन्छ।

यी तीनवटा राजमार्गहरू भिमाद नगरको पर्यटन विकासका मेरुदण्ड हुन्, जसले नगरलाई केवल आन्तरिक गन्तव्य मात्र होइन, पोखरा र तराई बीचको छोटो र सुविधाजनक मार्गको रूपमा स्थापित गर्छ। यसरी हेर्दा भिमाद नगरको दक्षिणी भागले पर्यटक आपूर्ति गर्ने मुख्य भूमिका खेल्नेछ भने, उत्तरी भागले पर्यटक आकर्षण गर्ने गन्तव्य क्षेत्रको रूपमा काम गर्नेछ। कालिगण्डकी नदीका आसपासका

गर्मी क्षेत्रबाट आउने पर्यटकहरूका लागि भिमादको ठण्डा मौसम, प्राकृतिक दृश्य, धार्मिक स्थल, गुफा, भ्यु-टावर, सामुदायिक होमस्टे र साहसिक गतिविधिहरू (प्याराग्लाइडिङ, ट्रेकिङ, र्याफ्टिङ आदि) आकर्षणको केन्द्र बन्न सक्छन्।

त्यसैले, भिमाद नगरपालिकाले यी सडक सञ्जालहरू, भौगोलिक पहुँच, र दक्षिणी जनघनत्वयुक्त सहरहरूबाट आउने पर्यटक प्रवाहलाई ध्यानमा राख्दै पर्यटन योजना निर्माण गर्नुपर्छ। रणनीतिक रूपमा भिमादलाई पोखरा-तराई छोटो मार्गको मध्यबिन्दुका रूपमा विकास गर्दै, यहाँ पर्यटन सूचना केन्द्र, विश्रामस्थल, होमस्टे क्लस्टर, धार्मिक सर्किट, साहसिक गतिविधि केन्द्र र पर्यटन संकेत बोर्डहरू स्थापना गर्न सकेमा, भिमाद नगरपालिका गण्डकी प्रदेशको "Tourism Gateway Between Hills and Plains" का रूपमा पहिचान हुन सक्छ।

यस रणनीतिले केवल नगरको आन्तरिक पर्यटन मात्र होइन, प्रदेशस्तरीय र अन्तरप्रदेशीय पर्यटक प्रवाहलाई समेत भिमादसम्म ल्याउनेछ। दक्षिणी गर्मी क्षेत्रमा रहेका लाखौं जनसंख्याको आवागमन र छोटो दूरीको सहज पहुँचले भिमादलाई निकट भविष्यमा स्थायी, आत्मनिर्भर र क्षेत्रीयस्तरको पर्यटन केन्द्रका रूपमा रूपान्तरण गर्न सक्नेछ। भिमाद नगरलाई प्रदेशस्तरको पर्यटन गन्तव्य बनाउन यसले यी सहरहरूसँगको दूरी र पहुँचलाई रणनीतिक रूपमा प्रयोग गर्नुपर्छ। सडक सञ्जाल सुधार, पर्यटन संकेत बोर्डहरू, डिजिटल म्याप र QR आधारित सूचना प्रणाली, स्थानीय होमस्टेहरूको मापदण्डीकरण, र स्रोत सहरहरूमा प्रचार-प्रसार अभियान सञ्चालन गर्न सकेमा भिमादलाई "Regional Stopover and Experience Destination" का रूपमा स्थापित गर्न सकिन्छ। यसरी नगरका पर्यटन पथहरूलाई यी प्रमुख सहरहरूबाट आउने पर्यटकसँग सञ्जालमा बाँध्न सकियो भने, भिमाद प्रदेशको "Tourism Gateway of Mid-Hills" को रूपमा चिनिन सक्नेछ।

भिमाद नगरपालिकाको पर्यटन विकासमा यी चार प्रमुख सहरहरूबाट आउने पर्यटक प्रवाह नै मुख्य स्रोतका रूपमा काम गर्नेछन्। त्यसलाई ध्यानमा राखी नगरले आफ्नो प्राकृतिक सौन्दर्य, सांस्कृतिक पहिचान, धार्मिक स्थलहरू, होमस्टे र स्थानीय जीवनशैलीलाई एकीकृत रूपमा प्रवर्द्धन गर्न सकेमा, भिमाद आगामी वर्षहरूमा स्थायी, आत्मनिर्भर र आकर्षक पर्यटन केन्द्रको रूपमा स्थापित हुन सक्नेछ।

५.४.१.२ पर्यटन पथहरू

भिमाद नगरपालिकाभित्र रहेका विभिन्न गन्तव्य स्थलहरूलाई आपसी सम्बन्ध र पहुँचसहित व्यवस्थित रूपमा प्रवर्द्धन गर्नका लागि नगरको ११ वटा "पर्यटन पथहरू (Tourism Trails)" पहिचान गरीएको छ। यी पर्यटन पथहरू प्राकृतिक, धार्मिक, साहसिक र सामुदायिक पर्यटनका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन्। प्रत्येक पथले नगरका फरक-फरक आकर्षणहरूलाई आपसी रूपमा जोड्ने कार्य गर्छ, जसले पर्यटकहरूलाई भिमादका सम्पूर्ण गन्तव्य सहज रूपमा भ्रमण गर्न सहयोग पुऱ्याउँछ। यसरी पर्यटन पथको अवधारणाले नगरभित्रका सम्पूर्ण गन्तव्यहरूलाई एकै नेटवर्कमा समेट्ने दीर्घकालीन रणनीति प्रस्तुत गर्दछ।

पर्यटन पथ-१ : भिमाद-राङरुङ हटिया-भानुमति-पाइमी-पाथर्दी-अरुणोदय मार्ग

यो पथ भिमादको धार्मिक र प्राकृतिक आकर्षणहरूलाई जोड्ने मुख्य मार्ग हो। यस मार्गमा शिव पञ्चायन मन्दिर, पिपलडाँडा भ्यु टावर, पिपल डाँडा भ्यु टावर, पोखरी छाप प्याराग्लाइडिङ साइट, झिङ्गु राङरुङ नेवा सामुदायिक होमस्टे, गणेश थान, पाइमी कोटघर, पाथर्दी सामुदायिक होमस्टे र ईलुङ झरना रहेका छन्। धार्मिक, साहसिक र सामुदायिक पर्यटनको संगम भएकाले यो पथ बहुगन्तव्य पर्यटन पथका रूपमा स्थापित गर्न सकिन्छ।

पर्यटन पथ-२ : अरुणोदय-किहुँ-लिगलीग कोट हुक्का डाँडा-बोमा मार्ग

यो पथ भिमाद नगरको पश्चिम दक्षिण भागमा फैलिएको छ। यसमा फुलुङथान डाँडा, कोट बाराही मन्दिर, सति गुफा, लिगलिग कोट हुक्का डाँडा, र शिव-पार्वती गुफा रहेका छन्। प्राकृतिक सौन्दर्यसँगै धार्मिक तीर्थको अनुभव दिने यो पथ पर्यावरणीय पर्यटनका लागि उपयुक्त छ।

पर्यटन पथ-३ : बोमा-नरिकोट-मानपुर मार्ग

यो पथमा सुकेडाँडा भ्यु-प्वाइन्ट, बुद्ध स्तुप, र हिङ्गे रहा पोखरी रहेका छन्। प्राकृतिक मनोरञ्जनका साथै शान्त वातावरण खोज्ने पर्यटकका लागि यो आदर्श गन्तव्य हो।

पर्यटन पथ-४ : भिमाद-मिर्छुलुङ-मानपुर (डेढगाँउ सडक)

मिर्छुलुङ क्षेत्र केन्द्रबिन्दुमा रहेको यस पथमा मिर्छुलुङ सामुदायिक होमस्टे तथा भ्यु टावर, भैरवस्थान मन्दिर, मौलाकाली मन्दिर, मिडप्वाइन्ट रिसोर्ट, विश्व शान्ति बौद्ध गुम्बा छन्। यो पथले प्राकृतिक दृश्यावलोकन, धार्मिक स्थल र जातिय परम्परागत सस्कृतिहरु साथै ग्रामीण आतिथ्यलाई जोड्दछ।

पर्यटन पथ-५ : भिमाद-सिद्धगुफा-मोहोरीया पाइमी मार्ग

यो साहसिक र धार्मिक गन्तव्यका लागि उपयुक्त पथ हो। यसमा धन्दुर सिद्ध गुफा, चमेरे गुफा, घाङ्चल्हुम अग्लो ढुंगा, ईलुङ्ग झरना, र पाइमी कोटघर भ्यु टावर समावेश छन्। यो पथ गुफा अन्वेषण र प्राकृतिक सौन्दर्यको खोजी गर्ने पर्यटकहरूका लागि अत्यन्त आकर्षक पथ हो।

पर्यटन पथ-६ : भिमाद-पिरुङ-नरिकोट मार्ग

यस पथमा पिरुङ्ग डाँडा, बुद्ध स्तुप, रक क्लाइम्बिङ र बरनछाँगा झरना रहेका छन्। यो पथ साहसिक पर्यटन र ट्रेकिङ गन्तव्यको लागि उपयुक्त छ।

पर्यटन पथ-७ : टेक्रे-रघु-नरिकोट मार्ग

यो पथमा भैरवथान मन्दिर, कालभैरव मन्दिर र रघु गाउँ होमस्टे रहेका छन्। यो मार्ग धार्मिक र सांस्कृतिक पर्यटन दुवैको मिश्रणका रूपमा विकास गर्न सकिने पथ हो।

पर्यटन पथ-८ : भिमाद-माझकोट-मानपुर मार्ग

यस पथमा कुवाकोट थुम्की र माझकोट मन्दिर रहेका छन्। यस मार्गमा पर्ने कुवाकोट थुम्कीबाट भिमाद नगरपालिकाको सम्पुर्ण वडाहरुको दृष्याअवलोकन हुनुका साथै छोटो दूरीमै प्राकृतिक दृश्य अनुभव गर्न सकिने आकर्षक पथ हो।

पर्यटन पथ-९ : भिमाद-अरुणोदय-बोमा- डुम्री बेसी (चापाकोट रामपुर सडक) मार्ग

यो पथमा मनकामना मन्दिर, फुलुङथान डाँडा, बौद्ध शान्ति बिहार र शिव पार्वती गुफा रहेका छन्। धार्मिक स्थल तथा प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त पथ मानिन्छ।

पर्यटन पथ-१० : भिमाद-रिसिङ-तनहुँ हाइड्रो मार्ग

यसमा आँटीछाप झरना र सेती नदी र्याफ्टीङ (छोटो दूरी) समावेश छन्। साहसिक पर्यटनलाई प्रवर्द्धन गर्ने यो पथ विशेष गरी जल पर्यटनको दृष्टिले उपयुक्त मानिन्छ।

पर्यटन पथ-११ : भिमाद-सिम्ले-अरौदी-कोखे मार्ग

यो पथमा शिवालय मन्दिर, ऐतिहासिक झोलुङ्गे पूल तथा भिम भाड, अद्भभुत शिवधुनी, वायू थुम्का र लाटी बाराही मन्दिर रहेका छन्। धार्मिक पर्यटनका दृष्टिले विकसित गर्न सकिने पथ हो जसले स्थानीय भक्तजन र बाह्य पर्यटकलाई आकर्षित गर्न सक्छ।

यी सबै पर्यटन पथहरू भिमाद नगरपालिकाको पर्यटन नेटवर्क (Tourism Networking System) को रूपमा कार्य गर्छन्। प्रत्येक पथमा भौतिक सञ्जाल, बाटो-संकेत (tourism signage), सूचना पाटी, र दिशानिर्देश बोर्डहरू स्थापना गर्नु अत्यावश्यक छ, जसले कुनै पनि आन्तरिक वा बाह्य पर्यटकलाई सहजै गन्तव्य पहिचान र भ्रमणमा सहयोग पुऱ्याउँछ।


यस रणनीतिले नगरका सम्पूर्ण स्थलहरूलाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने, स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने, र ग्रामीण स्तरसम्म पर्यटन विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। साथै, प्रत्येक पथमा डिजिटल म्यापिङ, signage, सूचना केन्द्र, होमस्टे सूचीकृत विवरण, र सांस्कृतिक कार्यक्रमहरूको समयतालिका समावेश गरीएमा भिमाद नगर "Integrated Tourism Destination" का रूपमा स्थापित हुन सक्छ।

तालिका १७ नगरपालिकाको पहिचान गरीएका पर्यटन पथहरू

क्रम संख्या	पर्यटन पथ क्रम संख्या	पर्यटन पथको नाम	गन्तव्यहरु	वडा नं.	आकर्षण	बिशेषता	कैफियत
१	पर्यटन पथ-१	भिमाद-राङरुङ हटिया-भानुमति-पाइमी-पाथर्दी-अरुणोदय	शिव पन्चायन मन्दिर	६	मन्दिर	धार्मिक	
२			पिपल डाँडा भ्यु टावर	७	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	
३			झिङ्गु राङरुङ नेवा सामुदायिक होमस्टे	७	सामुदायिक	ग्रामीण पर्यटन	
४			पोखरी थुम्का प्याराग्लाइडिङ	८	प्याराग्लाइडिङ	साहसिक पर्यटन	
५			गणेश थान	८	मन्दिर	धार्मिक	
६			जौपानी बाराही मन्दिर	९	मन्दिर	धार्मिक	
७			पाइमी कोटघर/भ्यु टावर	९	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	
८			पाथर्दी सामुदायिक होमस्टे	९	सामुदायिक	ग्रामीण पर्यटन	
९	पर्यटन पथ-२	अरुणोदय -किहुँ-हुक्का डाँडा -बोमा	फुलुङथान डाँडा	२	भ्यु-प्वाइन्ट	प्राकृतिक	
१०			कोट बाराही मन्दिर	२	मन्दिर	धार्मिक	
११			सति गुफा (सतिकोट)	१	गुफा	प्राकृतिक/धार्मिक	
१२			लिगलिग कोट हुक्का डाँडा	१	भ्यु-प्वाइन्ट	प्राकृतिक	
१३			शिव पार्वती गुफा	१	गुफा	प्राकृतिक/धार्मिक	
१४	पर्यटन पथ-३	बोमा - नरिकोट -मानपुर	सुकेडाँडा	४	भ्यु-प्वाइन्ट	प्राकृतिक/मनोरञ्जन	
१५			बुद्ध स्तुप	४	स्तुप	धार्मिक/पर्यटकीय	
१६			हिङ्गे रहा पोखरी	१	पोखरी	मनोरञ्जनात्मक	
१७	पर्यटन पथ-४	भिमाद-मिछुलुङ-मानपुर (डेडगाँउ सडक)	मिछुलुङ भ्यु टावर	५	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	
१८			मिछुर्लुङ भैरवस्थान	५	मन्दिर	धार्मिक	

क्रम संख्या	पर्यटन पथ क्रम संख्या	पर्यटन पथको नाम	गन्तव्यहरु	वडा नं.	आकर्षण	बिशेषता	कैफियत
१९			मौलाकाली मन्दिर	५	मन्दिर	धार्मिक	
२०			मिडप्वाइन्ट रिसोर्ट	५	आतिथ्य	ग्रामीण पर्यटन	
२१			विश्व शान्ति बौद्ध गुम्बा	६	गुम्बा	धार्मिक/पर्यटकीय	
२२			मिर्छुलुङ सामुदायिक होमस्टे	५	सामुदायिक	ग्रामीण पर्यटन	
२३	पर्यटन पथ-५	भिमाद-सिद्द गुफा- पाइमी	धन्दुर सिद्ध गुफा	९	गुफा	प्राकृतिक/धार्मिक	
२४			चमेरे गुफा	९	गुफा	प्राकृतिक	
२५			घाङ्च ल्हुम (स्टोन पार्क)	९	अग्लो ढुंगा/रक गार्डेन	प्राकृतिक	
२६			ईलुङ्ग झरना	९	झरना	प्राकृतिक	
२७			पाइमी कोटघर/भ्यु टावर	९	भ्यु टावर	प्राकृतिक/मनोरञ्जनात्मक	
२८	पर्यटन पथ-६	भिमाद-पिरुङ-नरीकोट	पिरुङ्ग डाँडा	४	भ्यु-प्वाइन्ट	प्राकृतिक	
२९			बुद्ध स्तुप	४	स्तुप	धार्मिक/पर्यटकीय	
३०			बरनछाँगा झरना	४	झरना	प्राकृतिक	
३१			पीरुङ रक क्लाइम्बिङ	४	रक क्लाइम्बिङ	साहसिक पर्यटन	
३२	पर्यटन पथ-७	टेक्रे-रघु-माझकोट	भैरवथान मन्दिर	४	मन्दिर	धार्मिक	
३३			बुद्ध स्तुप	४	स्तुप	धार्मिक/पर्यटकीय	
३४			कालभैरव मन्दिर	४	मन्दिर	धार्मिक	
३५			रघु गाउँ सामुदायीक होमस्टे	२	सामुदायिक	ग्रामीण पर्यटन	
३६	पर्यटन पथ-८	भिमाद-माझकोट-मानपुर	कुवाकोट थुम्की	३	भ्यु-प्वाइन्ट	प्राकृतिक	
३७			माझकोट मन्दिर	३	मन्दिर	धार्मिक	

क्रम संख्या	पर्यटन पथ क्रम संख्या	पर्यटन पथको नाम	गन्तव्यहरु	वडा नं.	आकर्षण	बिशेषता	कैफियत
३८	पर्यटन पथ-९	भिमाद-अरुणोदय-बोमा-दुङ्गेनी (चापाकोट रामपुर सडक)	मनकामना मन्दिर	२	मन्दिर	धार्मिक	
३९			फुलुङथान डाँडा	२	भ्यु-प्वाइन्ट	प्राकृतिक	
४०			शिव पार्वती गुफा	१	गुफा	प्राकृतिक/धार्मिक	
४१	पर्यटन पथ-१०	भिमाद-रिसिङ- तनहुँ हाइड्रो	आँटीछाप झरना	५	झरना	प्राकृतिक	
४२			सेती नदि र्याफ्टीङ (छोटो दुरिको)	८,६,५	र्याफ्टीङ	साहसिक पर्यटन	
४३	पर्यटन पथ-११	भिमाद-सिम्ले-अरौदी-कोखे	शिवालय मन्दिर	७	मन्दिर	धार्मिक	
४४			लाटी बाराही मन्दिर	८	मन्दिर	धार्मिक	
४५			ऐतिहासिक झोलुङ्गे पूल तथा भिम भाड	८	प्राकृतिक/ऐतिहासिक	प्राकृतिक/ऐतिहासिक	
४६			अद्भभुत शिवधुनी	८	मन्दिर	धार्मिक	
४७			वायू थुम्का	८	भ्यु-प्वाइन्ट	प्राकृतिक	



चित्र ९९ नगरपालिकाको पहिचान गरीएका पर्यटन पथहरूको नक्साङ्कन

५.५ परिणानात्मक लक्ष्य

तालिका १८ नगरपालिकाको पर्यटन क्षेत्रको परिणानात्मक लक्ष्य

तह	परिणाम क्षेत्र	प्रतिफल क्षेत्र	१० वर्षे प्रतिफल लक्ष्य
लक्ष्य	दिगो, समावेशी र प्रतिस्पर्धी पर्यटन विकास	पर्यटनलाई नगरपालिकाको प्रमुख आर्थिक आधारको रूपमा विकास गर्दै स्थानीय आय, रोजगारी र जीवनस्तरमा दिगो सुधार ल्याइनेछ। निजी क्षेत्र र समुदायको सहभागितामा पर्यटनलाई दीर्घकालीन आर्थिक इञ्जिनका रूपमा स्थापित गरिनेछ।	पर्यटन आय ≥ २५% वार्षिक वृद्धि
			प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी ≥ ५,०००
प्रतिफल-१	पर्यटकीय क्षेत्र तथा वस्तुको पहिचान, विकास र प्रवर्द्धन	नगरपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटकीय स्रोतहरूको पहिचान गरी योजनाबद्ध विकास र प्रवर्द्धन गरिनेछ। यसबाट नगरपालिकाको पहिचानयुक्त पर्यटन ब्रान्ड स्थापित हुनेछ।	पर्यटकीय गन्तव्य ≥ ३५
			पर्यटन सर्किट ≥ ११
			डकुमेन्ट्री ≥ ५
			वार्षिक पर्यटक आगमन ≥ ५०,०००
प्रतिफल-२	पर्या-पर्यटन तथा जैविक विविधता संरक्षण	प्राकृतिक सुन्दरता, जैविक विविधता र जलाधारहरूको संरक्षण गर्दै नगरपालिकालाई पर्या-पर्यटनको केन्द्रका रूपमा विकास गरिनेछ। वातावरणमैत्री पूर्वाधारमार्फत दिगो पर्यटन प्रवर्द्धन गरिनेछ।	पर्या-पर्यटन स्थल ≥ २०
			Hill Station ≥ २
			जलाधार-आधारित गन्तव्य ≥ १५
प्रतिफल-३	गुणस्तरीय, दिगो र पर्यटकमैत्री पूर्वाधार तथा सेवा विस्तार	पर्यटकीय गन्तव्यसम्म सहज पहुँच, सुरक्षित पदमार्ग तथा आधारभूत सुविधाको विस्तार गरी पर्यटक सन्तुष्टि वृद्धि गरिनेछ। पूर्वाधार विकासले निजी लगानी आकर्षणमा समेत सहयोग गर्नेछ।	पदमार्ग ≥ २५ km
			मोटर मार्ग ≥ १५km
			पर्यटक सन्तुष्टि ≥ ८०%
प्रतिफल-४	पर्यटनमार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना	स्थानीय उत्पादन, होमस्टे, हस्तकला र सांस्कृतिक गतिविधिमार्फत पर्यटन-आधारित रोजगारी र स्वरोजगारी सिर्जना गरिनेछ। महिला,	पर्यटन उद्यम ≥ १५०
			होमस्टे ≥ १२
			कोशेली घर ≥९

तह	परिणाम क्षेत्र	प्रतिफल क्षेत्र	१० वर्षे प्रतिफल लक्ष्य
		युवा तथा पिछडिएका समुदायको आर्थिक सशक्तीकरणमा योगदान पुग्नेछ।	स्वरोजगार ≥ २,०००
			महिला/युवा सहभागिता ≥ ४०%
प्रतिफल-५	नीति, कानुन तथा संस्थागत सुदृढीकरण	पर्यटन विकासका लागि आवश्यक नीति, ऐन, नियमावली तथा संस्थागत संरचना सुदृढ गरिनेछ। यसले प्रभावकारी शासन, अनुगमन र दीगो व्यवस्थापन सुनिश्चित गर्नेछ।	नीति/कानुन ≥ ५
			पर्यटन उपशाखा ≥ १
			O&M अध्ययन ≥ १

परिच्छेद – ६ नगरपालिकाको पर्यटन विकास योजना तथा कार्यक्रमहरु

६.१ पर्यटन विकास योजना

पर्यटन विकास योजनाले नगरपालिकालाई प्राकृतिक, साहसिक, धार्मिक-सांस्कृतिक, ग्रामीण-सामुदायिक तथा मनोरञ्जन पर्यटनका बहुआयामिक गन्तव्यको रूपमा विकास गर्ने लक्ष्य लिएको छ। योजनामा नगरस्तरीय डकुमेन्ट्री निर्माण, स्थानीय उत्पादन र संस्कृतिको प्रवर्द्धन, होमस्टे विकास, पर्यटन पथ स्तरोन्नति, सूचना पाटी स्थापना, तथा पर्यटन सर्किट निर्माण जस्ता नीतिगत र प्रवर्द्धनमुखी कार्यक्रमहरू समेटिएका छन्।

साथै, विभिन्न वडामा रहेका गुफा, झरना, डाँडा, कोट, मन्दिर, भ्यु-टावर, स्टोन पार्क, रक क्लाइम्बिङ, क्यानोनिङ, मोटर बोटिङ, योगस्थल, प्राकृतिक स्नान कुण्ड, पार्क तथा पिकनिक स्पट जस्ता स्थलहरूको एकीकृत पूर्वाधार विकास, संरक्षण, तथा व्यवस्थापनका कार्यक्रम प्रस्ताव गरिएको छ। यसले स्थानीय रोजगारी सिर्जना, आयआर्जन वृद्धि, सांस्कृतिक पहिचान संरक्षण, र दिगो पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउनेछ।

यस दश बर्षे पर्यटन विकास योजना नगरपालिकालाई दिगो, समावेशी र प्रतिस्पर्धी पर्यटन गन्तव्यको रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य (Goal) सहित तयार गरिएको हो। योजनाका प्रमुख उद्देश्यहरूमा प्राकृतिक, सांस्कृतिक, धार्मिक, साहसिक तथा सामुदायिक पर्यटन क्षेत्रको पहिचान, संरक्षण र पूर्वाधार विकास; स्थानीय समुदायको सक्रिय सहभागितामार्फत रोजगारी र आयआर्जन वृद्धि; तथा पर्यटन सेवा र व्यवस्थापन प्रणालीको सुदृढीकरण रहेका छन्। यस योजना अन्तर्गत स्पष्ट Result Framework तयार गरी इनपुट-आउटपुट-आउटकम-इम्प्याक्टको शृङ्खलामा आधारित भई लक्ष्य, सूचक (indicators) र समयसीमा निर्धारण गरिएको छ, जसले योजनाको प्रभावकारी अनुगमन र मूल्याङ्कन सुनिश्चित गर्दछ।

कार्यान्वयन पक्षमा, योजनालाई चरणबद्ध रूपमा लागू गर्दै पूर्वाधार निर्माण, गन्तव्य विकास, नीति तथा संस्थागत सुदृढीकरण, क्षमता विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। नतिजामुखी कार्यान्वयन ढाँचा (Results-Based Implementation) अन्तर्गत प्रत्येक कार्यक्रमको जिम्मेवारी, अपेक्षित प्रतिफल र जोखिम न्यूनीकरण उपाय स्पष्ट गरिएको छ। यस प्रक्रियाबाट पर्यटन आगमन वृद्धि, स्थानीय रोजगारी सृजना, नगरको राजस्व विस्तार र सांस्कृतिक तथा प्राकृतिक सम्पदाको दीगो संरक्षण हुँदै अन्ततः नगरपालिकाको समग्र सामाजिक-आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुग्नेछ।

६.२ प्रतावित कार्यक्रम तथा योजना

तालिका १९ नगरपालिकाको पर्यटन विकासका आयोजना

क्र स.	कार्यक्रम तथा योजना	वडा	लागत (हजारमा)
१	नगरपालिका स्तरीय पर्यटकीय डकुमेन्ट्री निर्माण	सबै	७५०
२	पर्यटन व्यवसायमा स्थानीय उत्पादन प्रवर्द्धन नीति निर्माण	सबै	५००
३	पालिकाका स्थानीय बाजा, तथा भेष भुषा संरक्षण तथा प्रवर्दन कार्यक्रम	सबै	२,५००
४	स्थानिय कला, संकृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	सबै	२,५००
५	होटल, रिसोर्ट तथा होम स्टे प्रोत्साहन कार्यकम	सबै	२,५००
६	११ वटा पर्यटन पथको स्तरोन्नती	सबै	१,१०,००
७	पर्यटन पथ र गन्तव्य पहिचान गर्ने प्राकृतिक सामाग्रिको प्रयोग गरि सुचना पाटिहरु स्थापना	सबै	९००
